

ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



किरण पुस्तकालय

तम्घास, गुल्मी



ऐतिहासिक इस्माकोटमा मेला लाग्दाको एक दृश्य




किरण पुस्तकालयको वर्तमान कार्यालय सञ्चालनस्थल
(जिल्ला समन्वय प्रमुखज्यूको निवासस्थलको भवनमा)

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४७ ❑ अङ्क : ४ ❑ सम्पूर्णाङ्क : ८७ ❑ साउन-असोज, २०७७

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

## किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.५०/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०*

*E-mail : spgulmi 33@gmail.com*

आवरण पृष्ठ : राष्ट्रकवि माधवप्रसाद घिमिरे, गुल्मीको इस्मा गाउँपालिकाको ऐतिहासिक इस्माकोट

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०९०८

## *रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

**सम्पादकीय**

# राष्ट्रकविको स्मृतिमा

- स्वच्छन्दतावादको एउटा दियो निभेको छ, नेपाली साहित्यको आकाशबाट एउटा उज्यालो तारा अस्ताएको छ, राष्ट्रप्रेमको एउटा अटूट वाणी अवरुद्ध भएको छ । हामी दुःखी भयौं–अपूरणीय क्षतिमा । हामी शोकाकुल भयौं–राष्ट्रकविको वियोगमा ।

- जसको सुमधुर वाणीमा सुन्दर, शान्त, विशाल नेपाल गुन्जन्थ्यो लयमा । कांगडादेखि टिष्टासम्मका वीरताका, हाम्रा शान र मानका कालजयी आवाजहरू घन्कन्थे जसका गीतमा । वीरताका, करुणाका, शृङ्गारका, सृजनाका अथक गायक राष्ट्रकविको निधनबाट–हामी मर्माहत भयौं ।

- राष्ट्रकवि ! तिमीले देशप्रेमका कालजयी भाकाहरू गायौ । हाम्रा राष्ट्रचेतका ज्योतिर्मय भावहरू गायौ । सृजनाका मृत्युञ्जय गीतहरू गायौ । जिजीविषा र शृङ्गारका शाश्वत भावहरू गायौ । अखण्डता र एकताका ओजस्वी गानहरू गायौ । अब तिम्रो भौतिक जीवन छैन हाम्रो सामुमा । अब तिमी कृतिमा छौ, स्मृतिमा छौ । हे ! महागायक ! तिम्रो अनन्तयात्रा शान्तिमय बनोस् ।

- राष्ट्रप्रेम, प्रकृतिप्रेम, शृङ्गार, मानवता, सृजना, करुणा, रहस्य र सौन्दर्यका भावहरू छताछुल्ल छन्–राष्ट्रकवि माधव घिमिरेका काव्यकृतिहरूमा । भावुकता र हार्दिकताका, स्वच्छन्दता र कलाका दोभान हुन् उनी । धन्य छ उनको जन्मस्थल लमजुङको पुस्तुन गाउँ । धन्य छ नेपाल राष्ट्र एउटा राष्ट्रकवि पाएर ।

- सुदीर्घ समयसम्म नेपाल राष्ट्रको गाथा गाएर, नेपाली भाषासाहित्यको सेवा गरेर, ठूलो मानसम्मान पाएर, महानिर्वाण प्राप्त गर्ने शताब्दीपुरुष राष्ट्रकवि माधव घिमिरेको सम्मान र श्रद्धामा 'हाम्रो पुरुषार्थ'को प्रस्तुत अङ्क समर्पित छ ।

–ooo–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | साहित्यकारका निम्ति लोकतन्त्र ठूलो... | देवीप्रसाद 'वनवासी' | १ |
| २. | मेरा पहाडहरू | दीन पन्थी | १० |
| ३. | हुँदैन वैरीसित मर्म खोल्न | डा. श्यामप्रसाद न्यौपाने | १२ |
| ४. | चरो र म | रुद्र ज्ञवाली | १३ |
| ५. | 'किस्ता-किस्तामा जिन्दगी'ले उठाएको... | डा. शंकरप्रसाद गैरे | १४ |
| ६. | सम्बन्ध | विनोद नेपाल | २० |
| ७. | वैवाहिक सम्बन्ध खुला, उच्छृङ्खलता... | सलील ज्ञवाली | २१ |
| ८. | आमा | शेखर विकल्प | २६ |
| ९. | ज्ञान लिएर जाने होइन, छोडेर ... | पद्मप्रसाद शर्मा | २९ |
| १०. | दधिचि इतिहास | सुरेशप्रसाद 'अर्याल कान्छो' | ३२ |
| ११. | स्वर्गद्वारी महाप्रभु | तेजनिधि पौडेल | ३४ |
| १२. | राष्ट्रगुरु नरहरिनाथ | लक्ष्मीनाथ योगी 'हितैषी' | ३८ |
| १३. | मननयोग्य कुरा | गणेशपुण्य श्रेष्ठ | ३८ |
| १४. | आध्यात्मिक ज्ञान | काशीनाथ मरासिनी | ३९ |
| १५. | कोरोना | शारदा पन्थी खनाल | ५७ |
| १६. | तमाखु | गुरुदत्त ज्ञवाली | ५९ |
| १७. | सुशासनमा दश राजधर्मको प्रासंगिकता | कविता पन्थी | ६० |


## स्थायी स्तम्भहरू


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | शशि पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | | |
| | (क) छ वर्षमा विवाह | विद्या आचार्य | ७० |
| | (ख) अध्ययनप्रति समर्पणका पर्याय... | मायादेवी शर्मा | ७७ |
| ४. | इस्मा गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय | ८१ |
| ५. | पुस्तकालय परिचय | भारद्वाज | ८९ |
| ६. | किरण पुस्तकालयको पातो | सचिव | ९३ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| ७. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ९५ |
| ८. | यताउताबाट | दैनिक पत्र/ऋषि आजाद | ९७ |
| ९. | पाठक-प्रतिक्रिया | (क) भीष्मप्रसाद श्रेष्ठ | १०१ |
| | | (ख) गणेशपुण्य श्रेष्ठ | १०३ |
| | | (ग) चैतन्य देवकोटा | १०४ |
| १०. | किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय | | १०५ |
| ११. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | १०६ |


ooo


**२०७७ को विजया दशमी, दीपावली र छठ पर्वको अवसरमा सबैमा मङ्गलमय शुभकामना ।**

**नेपाल विद्युत् प्राधिकरण**

**गुल्मी वितरण केन्द्र, तम्घास, गुल्मी**

**फोन नं. : ०७९-५२०२०८**

**यस गुल्मी वितरण केन्द्रअन्तर्गत रहेका सबै ग्राहकहरूलाई समयमै विद्युत् महसुल भुक्तानी गरी लाइन काटिने अवस्थाबाट सुरक्षित रहन जानकारी गराइन्छ ।**

- उन्नत प्रविधिबाट मकैको खेती गरी व्यवसायीकरण गरौ र आम्दानी बढाऔ ।
- मकैको उन्नत बीऊ तथा स्वदेशी हाईब्रिड बीऊ प्रयोग गरी मकैको उत्पादकत्व बढाऔ।
- दैनिक खानामा मकैको परिकार प्रयोग गरौँ, रोग प्रतिरोधात्मक क्षमता बढाई स्वस्थ रहौँ ।
- बाँझो खेत तथा पाखो बारीमा कफी बगैचा विस्तार गरी दिगो रोजगारीको मूल आधार निर्माण गरौ ।
- नियमित रूपमा नेपाली अर्गानिक कफी सेवन गरौ र स्वस्थ बनौ ।
- उन्नत प्रविधिको प्रयोग गरी सुन्तला खेती गरौ, आम्दानीमा दुई गुणा वृद्धि गरौ ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**


**परियोजना कार्यान्वयन एकाइ, गुल्मी**

फोन नः ०७९-५२०८६७ ईमेलः pmamp.piu.gulmi@gmail.com

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रूरूक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |

# साहित्यकारका निम्ति लोकतन्त्र ठूलो उपलब्धि हो ।



✍ **देवीप्रसाद 'वनवासी'**

*(पश्चिम ४ नम्बर स्याङ्जा, वालिङ नगरपालिका वडा नं. २ अरमादी, शङ्खरेडाँडा निवासी देवीप्रसाद वनवासीको जन्म वि.सं. १९९७ साल कार्तिक २७ गते तात्कालिक भिर्कोट जिल्लाको दभुङ मौजामा भएको थियो । कौशिक गोत्रीय रेग्मी परिवारमा जन्मेका वनवासीका पिताको नाम प्यामनारायण उपाध्याय रेग्मी र आमाको नाम तिलाकुमारी हो । वनवासीका आँधीखोले, निरञ्जन नेपाली आदि साहित्यिक उपनामहरू पनि छन् । उहाँले वैदिक कर्मकाण्डका अतिरिक्त निजामती मध्यमा, प्रवेशिका, विशारद आदि परीक्षा उत्तीर्ण गरी दुई दशकभन्दा बढी सरकारी सेवामा संलग्न भई अधिकृत स्तरको जागिरबाट स्वैच्छिक अवकाश लिएर निरन्तर साहित्यसाधना गरिरहनुभएको छ । २०१९ सालदेखि गीति कविताबाट लेखनयात्रा प्रारम्भ गरेका वनवासीका कविताहरू १९, कथाहरू ९, बालोपयोगी जीवनी ३, यात्रा संस्मरणात्मक लेख निबन्ध २५, अनूदित कृति ४, सम्पादित कृति ४ गरी जम्मा ६४ कृति प्रकाशमा आइसकेका छन् । उहाँ ६० भन्दा बढी संघसंस्थाबाट पुरस्कृत र सम्मानित हुनुभएको छ । उहाँसँग इ-मेल प्रविधिको माध्यमबाट शशि पन्थीले भेटघाट गरी युवा साहित्यकार मिलन समीरको सहयोग र संयोजनमा वरिष्ठ साहित्यकार देवीप्रसाद वनवासीका विचारहरू यहाँ प्रस्तुत गरिएको छ । -**सम्पादक**)*

**१. वनवासीज्यू ! तपाईं रेग्मी परिवारको मान्छे कसरी वनवासी हुन पुग्नुभयो ?**

❑ मेरो चिनाको नाम 'देवीप्रसाद' हो । कौशिक गोत्रीय रेग्मी मेरो थर भएकोले रेग्मी लेख्नुपर्‍यो । त्यस्तै २०२० सालभन्दा अघि ब्राह्मणहरूले जैसी र उपाध्याय खुलाएर लेख्नुपर्थ्यो । म उपाध्याय ब्राह्मण परिवारको हुनाले मेरो पूरा नाम देवीप्रसाद उपाध्याय रेग्मी हुन गयो । २०१९ असारमा सरकारी

सेवामा प्रवेश गरेपछि साहित्यमा रुचि भएकोले आफ्ना रचना पत्रपत्रिकामा प्रकाशन गर्नुपर्दा 'वनवासी' उपनामको खाँचो महसुस भएकोले फुटकर रचना वनवासीको नामबाट लेख्दै गएँ । २०२१ सालसम्म आफ्ना पुस्तक पनि रेग्मीकै नामबाट छपाएँ । २०२३ सालदेखि देवीप्रसाद 'वनवासी' को नामबाट छपाउन थालेको हुँ ।

## २. तपाईंले के कस्तो शिक्षादीक्षा पाउनुभयो ?

❑ मेरी आमा पंडितकी छोरी हुनाले साक्षर हुनुहुन्थ्यो । रामायण, कृष्णचरित्र पढ्न सक्नुहुन्थ्यो । तर पिताजी भने निरक्षर नै हुनुहुन्थ्यो । त्यसै कारणले आमाले मलाई पाँच वर्षको उमेरमा नै मामा घरमा भीमटारी / वालिङ्मा लगेर छोड्नुभयो । मेरा मातामह धुरन्धर पंडित हुनुहुन्थ्यो । नेपालमा प्रचलित कर्मकाण्ड / पौराणिक भागवत / पुराण कथा / प्रवचन वाचनमा विख्यात हुनुहुन्थ्यो । उहाँका घरमा एउटा पिंढी पाठशाला थियो । त्यहाँ वेद/चण्डी/ कर्मकाण्ड / व्याकरण एवं भागवत पुराण पढ्ने विद्यार्थीहरू बाह्रै महिना खालि हुँदैनथे । त्यही वातावरणका वीच मातामहको काखमा बसेर मैले कखहरा चिनें । बाह्रखरी खारें । सरस्वती स्तोत्र / गणेश स्तोत्रका साथै उहाँले बिहान बेलुका नित्यकर्म / पञ्चायतन पूजा गर्दा पढ्ने गरेका संस्कृतका श्लोकहरू पनि सुनेकै आधारमा कण्ठ बनाउने  गर्थें । यसरी मैले संस्कृतका स्तुति / स्तोत्रहरू र नेपाली भाषाका पाएसम्मका गीत / भजन / कीर्तन र कविताहरू पनि शुध्दसँग पढ्न र उच्चारण गर्न सक्ने भएँ । दुर्गाकवच / चण्डी पढ्दै थिएँ । २००४ सालमा मातामह पं. मेदिनीप्रसाद अर्याल (साहिला पंडितको) देहान्त भयो । २००५ सालमा मेरो व्रतबन्ध भयो । त्यसपछि मैले मामाहरूसँग वेद/रूद्री / कर्मकाण्ड र चाणक्य नीति पनि पढ्दै थिएँ ।

यसरी मेरो शिक्षादीक्षा क्रमशः चल्दै थियो । मेरो उमेर पनि दश वर्षको उकालो लाग्दै थियो । काला दौरा सुरवाल लगाएका मिलिसियाका सिपाइहरू र नून-तेल बोक्ने ढाक्रे, व्यापारीका मालसामान बोक्ने भरियाहरू मात्र बाह्रै महिना चल्ने आँधीखोलाका मूलबाटामा एक्कासि नेपाली काङ्ग्रेसका चारतारे भ्रण्डा र "नेपाली काङ्ग्रेस जिन्दावाद / राणाशाही मूर्दावाद"का नारा घन्किन थाले । साथसाथै झ्याउरे गीतहरूको आवाजले मलाई प्रभावित पार्न थाले । नेपालमा नयाँ जागृति आए जस्तो अनुभूति हुन थाल्यो मलाई । म पनि त्यतैतिर लहरिएँ । चारतारे भ्रण्डा बोकेर जुलुसका अगाडि उफ्रदै हिड्न थालें । मेरा मामा घरमा बौद्धिक पण्डितहरूका बीचमा पनि यस्तै चर्चा / बहस सुनिन थाले । मेरो शैक्षिक मार्गमा अर्को नयाँ दिशा देखापर्‍यो ।

मेरा पिताजीलाई आफ्नै हकमा मुद्दा मामिला परेका थिए । म बाह्रतेह्र वर्ष लागेपछि इलम सिक्न भनेर पिताजीले मलाई प. ४ नं स्याङ्जाको सदरमुकाम नुवाकोटमा लगेर राखिदिनुभयो । त्यहाँ नेपाली कागजमा निगाला र उनियाका कलमले आफ्नै घुंडाको टेबलमाथि सोभ्हो हरफ पार्न सक्ने भएँ । अदालती कागजपत्र पनि हेर्न पढ्न सक्ने भएँ । तिनैताका हिउँदका बेला पाल्पाको तानसेनमा चार महिना जति बसें । त्यहाँ मैले कर्मचारीका बोलीचाली / लवाइ खवाइ चालचलन पनि बुझ्दै गएँ । स्याङ्जा लाहुरेहरूको क्षेत्र हो । तर म भने २०१५ साल चैतको अन्तमा भागेर काठमाडौंतिर लागें । जागिर खान भनेर भाषा प्रथम परीक्षा / निजामती मध्यमा परीक्षा दिने तयारीमा लागें ।

२०१५ सालमा नेपालमा आमचुनाव सम्पन्न भयो । नेपाली काङ्ग्रेसको नयाँ सरकार बन्यो । त्यस बेला म काठमाडौंमै रहें । २०१७ सालमा संसद् र सरकार विघटन गरिए । त्यो दुर्घटनाको नाटक पनि एकजना मूकदर्शक बनेर हेर्दै गएँ । २०१८ सालतिर मैले निजामती एघार पास गरें । २०१९ साल असारमा निजामती / सरकारी सेवामा प्रवेश गरें । लोकसेवाको परीक्षा उत्तीर्ण गरेर २०२० सालमा स्थायी पनि भएँ । त्यसभन्दा अघि नै मैले लेखनाथका कविता / सत्य कलि सम्वाद आदि कण्ठै गरिसकेको थिएँ । २००७ सालको परिवर्तनले मलाई झ्याउरे गीतहरू धर्मराज थापा र अलिमियाँका झ्याउरेले मोहनी लगाइसकेका थिए । पिताको इच्छा थियो मलाई कानूनको ज्ञाता बनाउने । तर सरकारी जागिरे भए पनि म साहित्यिक भेला, गोष्ठी / सम्मेलनमा सहभागी हुँदै साहित्य संसारतिर रमाउन थालें । कवि, लेखक, साहित्यकारको संगतमा लागें । नेपाली भाषा साहित्य पढेर प्रवेशिका पनि उत्तीर्ण गरें । स्वतन्त्र रूपमा साहित्यको पनि अध्ययन गर्दै लेखन / प्रकाशनको संसारमा प्रवेश गरें । २०२० सालमा मेरो पहिलो पुस्तक 'माछापुच्छ्रेको काख' प्रकाशित भयो ।

यो भयो मेरो शैक्षिक पाटो र जिन्दगीको व्यावसायिक मूलबाटो ।

**३. तपाईं जागिरे जीवनमा कसरी प्रवेश गर्नुभयो र किन स्वैच्छिक अवकाश लिनुभयो ?**

❑ यो प्रश्नको आंशिक उत्तर माथि उल्लेख भइसक्यो । किन स्वैच्छिक अवकाश लिनुभयो ? भन्ने प्रश्नको उत्तर लामो छ । २०२३ सालमा म लोकसेवा आयोग उत्तीर्ण गरेर अर्थमन्त्रालयबाट सम्वैधानिक अंग महालेखा परीक्षकको विभागको लेखपरीक्षण निरीक्षक (खरिदार) पदमा नियुक्ति / सरूवा बढुवा भएर प्रवेश गरें । २०२७ सालमा ले.प. अधिक्षक र २०३५ सालमा लेखापरीक्षण अधिकारी (राजपत्रांङ्कित) भएँ । जागिरे अवस्थामा

पनि मैले 'युगभाषा' पत्रिकाको सम्पादनको साथसाथै विभिन्न पत्रपत्रिकामा समसामयिक लेख रचनाहरू लेख्दै / प्रकाशन गर्दै गएँ । निर्दलीय पंचायतीकाल भए पनि मेरो निकायको कार्यक्षेत्र आर्थिक प्रशासनको लेखाजोखामा केन्द्रित थियो । प्रचलित नियम कानूनअनुसार मन्त्रालय विभागहरूमा खटिएर काम गर्नुपर्दथ्यो । कर्मचारीले मागेका कागतपत्र हेर्न पाउने अधिकार थियो । मैले पनि खटाएको ठाउँमा निर्भीकताका साथ काम गर्थे विभागको आज्ञाकारी भएर ।

२००७ सालदेखि नै म नेपाली काङ्ग्रेस र लोकतन्त्रका प्रति आस्थावान् थिएँ । २०१५ सालको चुनावमा पनि सक्रिय भएर प्रचार प्रसारमा लागेको थिएँ । २०१७ सालमा निर्वाचित सरकार विघटित हुँदा मलाई मनमा अलिकति ठेस लागेको थियो । ती सबै कुरा मनमै चपाएर / पचाएर आफ्नो कार्यालयमा काममा दत्तचित्त भएर लागिरहेको थिएँ । बी.पी. को जेलबाट रिहाइ / भारत निर्वासन / प्रत्यागमन / विद्यार्थी आन्दोलन जस्ता घटनाले मलाई प्रभावित बनाउँदै लगेका थिए । जनमत संग्रहको नाटकीय घटना र परिवर्तनले मलाई निक्कै प्रभाव पारे । अलिकति निराशा पनि आयो ममा । त्यस घटनाले मलाई जागिरप्रति वितृष्णा जस्तो भयो । वीस वर्ष नाघेपछि जागिर छोड्ने र आफ्नो घरव्यवहार चलाउनु पर्ने परिस्थिति अगाडि थियो । त्यसै बेलामा शैक्षिक अवकाशको प्रावधान आयो । निजामती सेवामा तदनुकूल विभागीय नियम पनि संशोधन भयो । पहिलोपटक मैले पनि शैक्षिक अवकाश लिने माग गरें । २०४२ सालमा मन्त्रीपरिषद्ले शैक्षिक अवकाशको अनुमति दियो । सेवाबाट अलग भएर स्वतन्त्र भई घरव्यवहार चलाउँदै साहित्य साधनामा पनि सक्रिय भएँ । २०४६ सालको आन्दोलनमा बहुदलीय व्यवस्थाको पुनः स्थापना भएपछि कम्प्युटर प्रणालीमा पनि विकास प्रक्रिया चालु भएपछि आफू जन्मेकै थलो / घडेरीमा बसेर लेखन प्रकाशन पनि गर्दै गएँ । अहिलेसम्म मेरा ६४ कृति प्रकाशित भैसकेका छन् ।

**४. जागिरे जीवनका तीता-मीठा प्रसङ्गहरू पनि केही छन् कि ?**

❑ जागिरे अवस्थामा पनि मेरो अनौपचारिक लेखन क्रियाकलाप हेरिरहेका मेरै विभागका माथिल्लो तहका केही पदाधिकारीहरूले निर्दलीय व्यवस्था विरोधीका रूपमा मलाई हेरिरहेका थिए । अर्को कुरा मेरो शैक्षिक योग्यता पनि प्रवेशिका र निजामती मध्यमा मात्र भएकोले त्यसभन्दा माथि जाने सम्भावना पनि कमै थियो । त्यसैले स्वतन्त्र हुने चाहनाले मलाई स्वैच्छिक अवकाश लिएर थोरै भए पनि पेन्सन खाएर 'कुटो कोदालो उकालो

ओरालो' गर्ने आफ्नै पूर्ख्यौली पेसा अँगाल्न प्रेरित भएर स्वैच्छिक अवकाश लिने अर्को कारण पनि थियो । स्वैच्छिक अवकाशको अधिकारपत्र लिएर बाहिर निस्कँदा 'व्यवस्था विरोधी काम गरेमा अधिकारपत्र खोसिनेछ' भन्ने सन्देश हुनाले एकपटक प्रधानपंचमा चुनाव लडेर प्रशासकहरूको मुख बुजो पनि लगाएँ । अन्य तीता-मीठा सबै प्रसङ्गहरू लेखेर साध्य छैन । कतिपय कुरा आफ्ना कृतिहरूमार्फत उजागर गरिसकेको छु ।

## ५. तपाईं साहित्यतर्फ कसरी अभिप्रेरित हुनुभयो ?

❑ देवकोटा शत वार्षिकीका सन्दर्भमा काठमाडौंमा अन्तर्राष्ट्रिय नेपाली भाषा साहित्य सम्मेलन हुँदै थियो । त्यतिखेर लेखक जगदीश शम्सेर राणासित भेट भयो । मैले आफ्ना केही पुस्तक उहाँलाई उपहार दिएँ । उहाँले "तपाईंका बाबु-बाजेहरूमध्ये पंडित ज्योतिषीहरू पनि थिए कि ? भनेर मसँग सोध्नुभयो । मैले मेरा पिता प्रायः निरक्षर नै हुनुहुन्थ्यो । त्यही पीडाले मलाई पढाइ लेखाइ सिकाइ गरी आफूलाई सघाउ पुऱ्याउला भनेर केही जान्नेसुन्ने हवोस् छोरो भन्ने चाहना गर्नुहुन्थ्यो । अरू मेरा बाबु बाजेमा कोही त्यस्तो प्रतिभाशाली भएनन् / थिएनन् । मैले भन्दा कुनै न कुनै त्यस्तो व्यक्तिको संगत पाएको हुनुपर्छ । तपाईं जस्तै एक्लै एकैचोटि यसरी पुस्तक लेख्ने छपाउने हुन सक्दैन भन्नुभयो । त्यसै प्रसंगमा मैले 'मेरा मातामह भने पंडित हुनुहुन्थ्यो । उहाँले नै मलाई कखहरा चिनाउनुभयो । दुर्गाकवच चण्डी पढाउनुभयो भनेपछि 'हो त्यही संस्कारले गर्दा तपाईं यसरी लेखक साहित्यकार बन्नुभयो' भन्नुभएको थियो । त्यही संस्कार र प्रेरणाले मलाई पनि एउटा लेखक / साहित्यकार बनाएको हुनुपर्छ । मातामहको निधनपछि पनि मामा घरमा मामाहरूले पनि पिँढी पाठशाला चलाइरहनुभएको थियो । मैले वेद पढ्दै थिएँ । त्यहाँ विद्यार्थीहरूले पढ्दा / घोक्दा सुनेका कुरा पनि मैले कण्ठै गर्दथें । नेपाली भाषामा मैले देखे सुनेका कुरा कविता / झ्याउरे गीतहरू पनि कण्ठै गरेको हुन्थें । २००७ सालमा आँधीखोलामा नेपाली काङ्ग्रेसका आमसभामा सुनेका भाषण, नारा र सुनेका झ्याउरे गीतहरूले पनि मलाई नेपाली भाषाप्रति र खास गरेर झ्याउरे गीतले मोहनी नै लगाइदिएका थिए । किशोरावस्थामा सुनेजानेका कुरा नबिर्सिदा रहेछन् । ती पनि मेरा प्रेरक तत्त्व थिए । २००८ सालको हिउँदमा झगडाको सिलसिलामा पिताजी काठमाडौं जानुभयो । आमाले घरमा पालामा दियो बालेर बस्नुहुन्थ्यो । दुनाटपरी गाँसेर /बत्ती कातेर बस्नुहुन्थ्यो । मैले रामायण / कृष्णचरित्र / महाभारत विराट पर्व/ भगवती स्तोत्र र स्वस्थानीको कथा सुनाउँथें । कैयौं प्रसंगमा आमा घरी घरी रुने हाँस्ने गर्नुहुन्थ्यो । यसरी मेरो नेपाली भाषा

साहित्यमा पढ्ने रुचि बढ्दै गयो । शिवरात्रिमा छाङ्छाङ्दीमा ठूलो मेला लाग्थ्यो । त्यहाँ वनारस /लखनौं / गोरखपुर र भैरहवा / बुटवल / तानसेनका व्यापारी आउँथे । त्यहाँ मामा पं. मोहिनीप्रसादले चाणक्य नीतिको किताब किनी दिनुभयो मामासँगै मैले चाणक्य नीति पढें । त्यहीं पारसमणि प्रधानले सम्पादन गरेका नेपाली भाषा साहित्यका पाठ्यपुस्तकहरू पनि पाइन्थे । त्यहाँ लेखनाथ / सिद्धिचरण आदि कविका कविता पनि हुन्थें । ती पनि मैले पाएसम्मका पढ्थें । कण्ठै पारेर अरूलाई पनि सुनाउने गर्थें । त्यही प्रभावले २०१५ सालमा काठमाडौं गएपछि भाषा प्रथम परीक्षा / निजामती मध्यमाका पाठ्यपुस्तकमा गोरखालीहरूले नेपाल एकीकरण गरेको इतिहास पढ्नुपर्‍यो । त्यो इतिहास मैले नेपाली झ्याउरेमा लेखें । त्यो गाथाका रूपमा मैले 'माछापुच्छ्रेको काख' मा छपाएको छु । यसरी नेपाली भाषा / साहित्य / इतिहासप्रति सम्मोहित हुँदै आएको हुनाले नै म अहिले एउटा लेखक / साहित्यकारका रूपमा यी कुरा लेखिरहेको छु ।

**५. साहित्यमा तपाईंको सबैभन्दा अभिरुचिको विधा कुन हो ? त्यस विधामा अभिरुचि हुनुको कारण पनि केही छ कि ?**

❑ मेरो सबैभन्दा अभिरुचिको विधा 'झ्याउरे गीति कविता' हो । अध्ययन गर्दै जाँदा सन्त ज्ञानदिलदासका निर्गुण भजन / महानन्दको मनलहरी / अन्य धेरै लहरी / सवाईहरू / देवकोटाका मुनामदनलगायत कैयौं गीति कविताहरू / नेपालीमा शास्त्रीय श्लोकमा कविता नलेखिदैं मौखिक रूपमा नेपाली जनताबाट रचित / गायन हुँदै आएका मौलिक धारा रहेछ भन्ने मलाई अनुभूति भयो । केही फुटकर कविता छन्दमा लेखे तापनि मैले आफ्ना रचना गीति धारामा नै लेखेको छु । खास गरेर लोकतन्त्रको पुनःस्थापनापछि मैले व्यँग्यहास्य मुक्तकहरू पनि लेखेको छु । मध्य प्रदेश भारत इन्दौरका मेरा पत्रमित्र श्रीधर वर्बेले मलाई हिन्दीका केही बालकथाका पुस्तक उपहार पठाइदिए । ती कथा पढेपछि नेपालीमा त्यस्ता कथाको अभाव देखेर मैले पनि बालकथा लेख्न थालें । त्यसै गरी हिन्दीमा कैयौं महापुरुषका जीवनी देखेर मैले बी.पी. कोइराला / गणेशमान सिंह / महाकवि दवकोटाका बालोपयोगी जीवनी पनि लेखें अभाव पूर्ति स्वरूप । अन्य मेरा कैयौं पुस्तकमा पनि केही लेखक / साहित्यकार / इतिहासकारहरूका परिचयात्मक लेखहरू समावेश गरिएका छन् । प्रेरक व्यक्तित्वका रूपमा लेखिएका ती आलेख मेरा अध्ययन / संगतका प्रतिफल हुन् । कुनै न कुनै रूपमा नेपाली भाषा / साहित्य / संस्कृति / लोकसंस्कृति / इतिहासका प्रेरक व्यक्तित्वका रूपमा लेखिएका हुन् ।

**६. तपाईंले अहिलेसम्म के कस्ता विधामा कति कृतिहरू प्रकाशनमा ल्याउनु भएको छ ?**

२०७६ सालसम्ममा विभिन्न विधाहरूमा प्रकाशित भएका कृतिहरू ६४ रहेका छन् । तिनको विवरण मिलन समीरद्वारा सम्पादित हातेहुलियाको संक्षिप्त अंशमा समावेश गरिएको छ ।

**७. प्रकाशन गर्न बाँकी कृतिहरू पनि छन् कि ?**

- नेपाल भारतका केही तीर्थहरूको आलेख संकलन सँगालो अधुरो रहेको छ । प्रकाशन हुन बाँकी छ । केही फुटकर कविताहरू / बालकथाहरू र लेख आलेख / निबन्धहरू पनि सम्पादन गरी छपाउन बाँकी रहेका छन् ।

**८. तपाईंले आफ्नो जीवनका ८ दशक भोगिसक्नुभएको छ । वास्तवमा जीवन के रहेछ ?**

- यो बडो गाह्रो प्रश्न हो मेरा लागि । यस पटक साउन / भदौ / महिनामा एकसाता आइसीयूमा बसेर / व्यूँतेर १५ दिन अस्पतालमा बसेर आएको छु । ममाथि कैयौं आधुनिक प्रविधि र औषधिहरू प्रयोग भएका छन् । यतिखेर म आफ्नो बाल्यावस्थादेखि भोग्दै आएका दिनहरू र आफ्ना क्रियाकलापहरू सम्भदा अत्यन्त रोमाञ्चित हुन पुगेको छु । ५ वर्षका अवस्थादेखिका समभना र अनुभूतिहरूका सँगालाहरू आफ्ना कृतिमा उल्लेख गर्दै आएको छु । राणाकाल / शाहकाल / लोकतान्त्रिक सरकारको रमाइलो कार्यकाल / निर्दलीय पंचायती काल / अहिलेको संघीय गणतान्त्रिक नेपालको खुला सामाजिक लोकतान्त्रिक नेपालसमेत मैले भोग्दै / तीता अनुभूति चपाउँदै निल्दै / पचाउँदै / मिठा अनुभूति सँगाल्दै आएको छु । नेपालको पहाडमा मोफसलको एउटा गाउँमा जन्में / हुर्के / 'राजधानी काठमाडौं'मा लगभग तीन दशक बिताएँ । जागिरबाट अवकाश पाएपछि आफै जन्मेको थलोमा बसेर आफ्ना अनुभूतिहरू यहाँ लेखिरहेछु । अहिले यतिखेर मलाई 'संसार नाट्यशाला हो' भन्ने उक्ति सार्थक भए जस्तो लाग्छ । त्यसैले मैले आफ्नो जीवन / जिन्दगी / मनुष्यको जुनी वास्तवमा सुखद ठानेको छु । कुनै महत्त्वाकांक्षा बाँकी छैन ।

**९. तपाईंको जीवनमा सबैभन्दा सुखद र दुःखद क्षणहरू के कस्ता आए ?**

- मेचीदेखि महाकालीसम्म मेरा कैयौं मित्रहरू छन् । कसैले आफ्ना रचना / पुस्तक पढेर आफ्ना अनुभूति / प्रतिक्रिया / सुनायो भने मेरा सुखद क्षण तिनै हुन्छन् । कसैले पैसा खर्च गर्दै / पुस्तक छपाउँदै / सित्तैमा बाँड्दै हिड्छ भन्ने कुरा गर्दै गरेको सुन्दा दुःखद क्षणहरू तिनै हुन् जस्तो

लाग्छ । त्यस्ता कुराले मलाई केही कुरामा भने अवश्य सचेत गरायो पनि । पैसा खर्च गरेर पुस्तक छपाउँदै / व्यक्तिगत रूपमा बाँड्दै हिड्नुको साटो नेपालका ताप्लेजुङ्देखि दार्चुलासम्मका स्थापित / संचालित पुस्तकालयहरू / मदनपुरस्कार पुस्तकालय / त्रि.वि. पुस्तकालय / राष्ट्रिय पुस्तकालय / नेपाली भाषा पढाइ हुने नेपालका क्याम्पस / महाविद्यालयका पुस्तकालयहरू र व्यवस्थित पुस्तकालय भएका माध्यमिक पुस्तकालयहरूमा समेत कोरा कपडाका थैला सिलाएर / बुक पोष्ट / रजिष्टर गरी आफ्नै पैसा खर्च गरेर हुलाकबाट आफ्ना पुस्तकहरू पठाएँ । कसैले लिखित धन्यवाद पनि पठाए । कसैले मोवाइलबाट जानकारी दिए । मोफसलमा बसेर लघुआकारका कृतिहरू छपाई नेपालका विद्यालय / पुस्तकालयहरूमा पुऱ्याउन सकेकोमा मैले आफ्नो कामको सफलता नै मानेको छु । त्यस्तै एक कित्ता पुस्तक गुल्मी तम्घासको किरण पुस्तकालयमा पनि पठाए जस्तो लाग्छ । अहिलेको समयमा पुस्तक लेख्दै / प्रकाशक खोज्दै हिड्नुभन्दा साना साना लघु आकारमा भए पनि आफै छपाउँदै प्रकाशन गर्दै जानुपर्ने अवस्था मैले देखेको छु । किनभने अब कसैले खोज अनुसन्धान गरेर अर्काको पुस्तक छपाइदिने फुर्सद धेरैलाई छैन । त्यसैले मैले समयानुकूल सही नै काम गरेंछु कि जस्तो लाग्छ मलाई । जहाँसम्म पैसा खर्च गरेको कुरा छ । मेरा छोरा सन्ततिहरू आफ्नै धुनीफानी गरेर जीविकोपार्जन गरी रहेछन् । राज्यले दालभात खान भनेर दिएको बचेको पैसा र विभिन्न संघ संस्था र राज्यले समेत दिएका पुरस्कारसमेत खर्च गर्ने त्योभन्दा अर्को उपयुक्त ठाउँ मैले देखेको छैन । अहिले बिरामी हुँदा केही पैसा खर्च भयो । छोराहरूले, बुहारीहरूले पनि उचित स्याहारसम्भार हेरविचार गर्दै आएका छन् । मलाई सन्तोष नै छ । यस सन्दर्भमा आफ्नै कविताका दुई हरफ यहाँ उद्धृत गर्न चाहन्छु–

**झिटी हो झंझट, गुन्टा हो टन्टा, भारी हो भकारी,**
**म झुपडीको राजा हुँ, राजा महलको भिखारी** !

## १०. नयाँ पुस्तालाई तपाई के कस्तो सन्देश दिनुहुन्छ ?

❑ लेखक / साहित्यकार हुनु भनेको पुस्तक लेख्नु / छपाउनु /विक्री वितरण गर्नु / नाफा कमाउनु भन्ने कुरा सोच्नु हुँदैन । अन्तरात्माले देखेको कुरा लेख्नु / अभिव्यक्ति दिनु, त्यसले केही न केही कुरा नयाँ विचार / भावना दिने प्रयत्न गर्नुपर्छ । बालसाहित्यमा मैले लेख्न थाल्दा हातका औंलामा गन्न पुग्ने लेखक / साहित्यकार पनि थिएनन् । अहिले हजारौं बालसाहित्यकार छन् । बालकहरूको मनोविज्ञान बुझेर लेख्नुपर्छ भन्ने म ठान्छु । साना लेख / रचना पुस्तक पनि प्रकाशन गरेर पाठक / समाजमा

आफै पुऱ्याउन प्रयत्न पनि गर्नुपर्छ । त्यसबाट नयाँ पुस्ताका भविष्यका कर्णधार बालबालिकाको अनुहार हेरेर उनीहरूलाई असल मान्छे / सम्पूर्ण मान्छे बनाउने प्रयत्न गर्न नयाँ पुस्तालाई सन्देश दिन चाहन्छु । लेखक साहित्यकारका निम्ति लोकतन्त्र ठूलो उपलब्धि हो । आजका लेखक साहित्यकारहरूले लोकतन्त्रलाई आत्मसात गरेर लेखियो भने त्यो कामलाग्दो साहित्य हुन्छ जस्तो मलाई लाग्छ ।

अन्त्यमा-गण्डकी मेडिकल अस्पतालबाट उत्तीर्ण भएर घरमा आएर आराम गरेर बसिरहेका बेला गुल्मीका मेरा मित्र शशि पन्थीले सम्झना गर्नुभयो । उहाँसँग बेलाबखत भेटघाट भलाकुसारी पनि भएको हो । गुल्मी महोत्सवका अवसरमा बोलाउनुभयो । त्यस अवस्थाको रमाइलो अनुभूति पनि संझनामा आइरहेछन् । 'हाम्रो पुरुषार्थ'का केही अंक पनि मेरा संग्रहमा छन् । मेरो 'क्रान्तिपुरुष' विश्वेश्वर शताब्दी यात्राको पुस्तक समीक्षा पनि हाम्रो पुरुषार्थमा छापिएको मैले पढेको हुँ । तसर्थ किरण पुस्तकालय / हाम्रो पुरुषार्थ / त्यसका सम्पादक / व्यवस्थापक शशि पन्थीलगायतका सबै मित्रहरूको सुस्वास्थ्य / उन्नति प्रगतिको कामना गर्दछु । यस वार्ताको चाँजो मिलाइदिने मिलन समीरलाई पनि धन्यवाद दिन्छु । जय नेपाल !

ooo


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

**'राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद'**

सम्पूर्ण खेलाडी, खेलप्रेमीलगायत सबैमा २०७७ सालको विजया दशमी, दीपावली र छठ पर्वको पावन अवसरमा मङ्गलमय शुभकामना ।

कोरोनाको महामारीबाट बच्न स्वास्थ्यसम्बन्धी राष्ट्रिय मापदण्डको पालना गरी आफू सुरक्षित भई अरूलाई पनि सुरक्षित राखौं ।

**जिल्ला खेलकुद विकास समिति**

**गुल्मी**

# मेरा पहाडहरू

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

हाम्रा पुर्खाहरू कहिलेदेखि बसेहोलान् यी पहाडमा ? यी बन्जर पाखाहरूमा कुन उमंगमा बस्ती बसाले होलान् उनीहरूले ? उनीहरूका संघर्षका गाथाहरू आज अज्ञात छन् । जे भए पनि हाम्रा पुर्खाका रगत्-पसिनाले भिजेको छ यो माटो । जे भए पनि हाम्रा बाजे-बराजुका पाइतालाका डामहरूले अंकित छ यो बाटो । यी पहाडका प्रत्येक खोंच र डाँडाहरूमा हाम्रा बाबु-बाजेका चिहान छन् । यी खोलाका प्रत्येक बगरहरूमा हाम्रा पुर्खाका चिता जलेका छन् । यहीं छन् हाम्रा बाबाले बिराएका खेतका गराहरू । यहीं छन् हाम्री आमाले गीत गाएका रनवनहरू । यहीं छन् हाम्रा भाइबहिनी खेलेका आँगनहरू । कहाँ जाऊँ ? यहीं छ मैले प्रथम पटक टेकेको धरती । यहीं छन् मैले प्रथम पटक आँखा खोल्दा देखेका दृश्यहरू । मेरा यहीं छन् उदयाचल र अस्ताचलहरू । यहीं छन् हाम्रा शैशव बितेका यादहरू । यहीं छन् हाम्रा बैंस र प्रेमका मधुर स्मृतिहरू । यहीं छन् हाम्रा नाल गाडिएका अगेनु र मझेरीहरू । म जहाँ पुगूँ, मेरो मन यतै घुमिरहन्छ पहाडमा ।

हाम्रो इतिहास जोडिएको छ पहाडमा । हाम्रो संस्कृति जोडिएको छ पहाडमा । हाम्रो सभ्यता जमेको छ पहाडमा । हाम्रा भावनाहरू अल्झिएका छन् पहाडमा । राजाका वंशावली घोक्दै आयौं हामी । खोइ हाम्रो इतिहास ? जे भए पनि नेपाली सभ्यता र संस्कृतिको मेरुदण्ड हो पहाड । नेपालको शिर हो पहाड । नेपालको छाती हो पहाड । मेरो शत-शत प्रणाम-मेरो पहाडलाई, मेरो आस्थाको माटोलाई । शत-शत प्रणाम मेरो मातृभूमिलाई ।

पहाड : जटिलताको एउटा नाम हो । पहाड : दृढता, संघर्ष, धैर्य र स्थिरताको एउटा बिम्ब हो । पहाड : उचाइको एउटा पर्याय हो । भीर, पहरा, खोंच, जङ्घार, कन्दरा : एउटा चुनौती बनेर पहाड उभिन्छ । कठिनाइ छ पहाडमा । खोइ के थियो हिजो पहाडमा ? चिसो हिमालबाट झरे कोही । तातो मैदानबाट निस्के कोही । जन्म्यो एउटा सभ्यता ककटेल झैं, अनेकथरि फूल फुल्ने फूलबारी झैं । अनेकताभित्र बन्यो एउटा एकता । हिमाल र तराइसम्म फैलिएको एउटा भावना हिमवत्खण्डको । पहाड एउटा मियो बनेर घुम्यो एउटा सभ्यता ।

किन भागिरहेछ मान्छे आज आफ्नै थातथलोबाट तर्सिएर ? कुन टुना छ तराईमा ? कुन मोहनी छ शहरहरूमा ? कुन जादू छ पराइका देशहरूमा ? सुवर्णमय लंकाको झिलिमिलीमा आजका रामहरू रमाउन थाले । मान्छेहरू झरिरहेछन्-तलतलै । मान्छे सरिरहेछन्-परपरै । मान्छे बगिरहेछन् पानीझैं ।

ओरालो लागिरहेछ पहाडी सभ्यता तलतलै, नदीझैं निम्नगा बनेर । पृथ्वीको मानदण्ड हिमाल, सर्वोच्च शिखर सगरमाथा, यो देवभूमि, यी झरना र नदीहरूका महिमा, सौन्दर्य गीतमा गाउँला । एकादेशमा एउटा बस्ती थियो पुर्खाको भनेर हाम्रा सन्तानहरूले कथा भन्लान् । खण्डहर बोकेर उभिएलान् मेरा पहाडहरू ।

पहाडमा बस्नुहुन्न अब । त्यहाँ अब हाड मात्र छ । त्यहाँ अब न मासु छ न रगत् छ, न इन्द्रिय छन्, न मन छ । त्यहाँ बाँदर मात्र छन् । त्यहाँ कति बस्नु अब बाँदरसित पैंठेजोरी खेलेर अकालमा मरिन्छ त्यहाँ । त्यहाँ भीर छन्-लोटेर मरौंला । त्यहाँ खोला छन्-बगेर मरौंला । त्यहाँ ढुङ्गा पल्टिएलान्-चाँपिएर मरौंला । त्यहाँ पहिरो जाला-चाँपिएर, पुरिएर मरौंला । त्यहाँ अनिकाल पर्ला-भोकले मरौंला । काल कति बाक्लो छ पहाडमा । जग्जगी छ यहाँ कालसँगको महाभारतमा ।

काल र अभाव पस्न नसक्ने बस्तीमा हामी बसौंला । खाउँला, रमाउँला सुखैसुख उम्रिने ठाउँहरूमा । जहाँ बाउ-आमा नहुन् बूढा । पेण्डोराको बाकस नखोल्नू-त्यसबाट निस्कलान्-जरा, मृत्यु, व्याधि र कष्टहरू । अमेरिका, अफ्रिका, अष्ट्रेलिया, यूरोप पुगेपछि हाम्रा घिड्किसाहरू पूरा हुनेछन् । घिड्किसाहरू मनमा संगालेर हामी झर्‍यौं, झरिरह्यौं, माथि उठेनौं । पहाडबाट झरेपछि कोही निस्केन माथि । नदी झैं बग्यो, झर्‍यो । शहर पसेपछि कोही फर्केन गाउँमा । ठूलो मान्छे बनेपछि कोही फर्केन साला पहाडमा ।

०००


# उपभोक्तावर्गमा अनुरोध

- ❑ कारोबारस्थलमा साइनबोर्ड, मूल्यसूची, भए/नभएको साथै प्याकिङमा अधिकतम खुद्रा मूल्य MRP भए/नभएको हेरौं ।
- ❑ प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगना र वस्तुको ब्याच नम्बर, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।
- ❑ उत्पादन मिति र उपभोग्य मिति नभएको वा केरमेट भएको वस्तु खरिद नगरौं ।
- ❑ वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ भण्डार विधि, उपभोग तरिका छ/छैन हेरौं ।
- ❑ औषधि तथा औषधिजन्य पदार्थहरूको प्याकिङमा उपभोग्य मिति र उपभोग गर्ने तरिका छ/छैन हेरौं ।
- ❑ सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने गरौं ।
- ❑ अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय, गुल्मीमा उजुरी गरौं ।
- ❑ कमसल वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि नोक्सानी भएमा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।
- ❑ व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**गुल्मी**

# हुँदैन वैरीसित मर्म खोल्न

✍ डा. श्यामप्रसाद न्यौपाने
सुनवल-१२, नवलपरासी

हिमाल हाम्रै र पहाड हाम्रै
मदेशको दिव्य वहार हाम्रै
चुली छ अग्लो गिरिकन्दराको
छ देशको संरचना मजाको

आकाश छोएसरि टाकुरा छन्
रोजै कजिने दुई पाखुरा छन्
पोखी पसिना धरती भिजाई
स्वकर्म गर्छौं भुवमा रमाई

हिमाल हाम्रो सुरलोक नै हो
साकेत यै हो शिवलोक यै हो
जन्मस्थली हो गिरिजासतीको
निवास हो यो पशुका पतिको

पहाड हाम्रो जनजिन्दगानी
छ औधि प्यारोसरि यो परानी
हिमाल दिन्छ जल जीवलाई
र हाँस्छ आफू जगतै हँसाई

गुर्जो र सञ्जीवनी यार्स यैं छ
यहाँ छ जो औषधि अन्त कैं छ
हर्रो र बर्रो, अमला विचित्र
वनौषधिले भरिपूर्ण क्षेत्र

मदेशमा अन्न र सागपात
फलाउँछौं नित्य जुटाई हात
छरी पसिना प्रिय यो धरामा
फलाउँछौं रत्न गरा गरामा

हिमालबासी र पहाडबासी
मदेशबासी सब हाँसी हाँसी
बस्छौं मिलेरै, नबढे बिथोल्न
हुँदैन वैरीसित मर्म खोल्न।

ooo

**जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।**

- ❏ जंगली जनावर मृग, खरायो, दुम्सी, वन कुखुराको शिकार नगरौं । यो वनजन्य अपराध पनि हो भने यसले चितुवाको आहारा खोसिने हुँदा मानवबस्तीमा पसी धनजनको क्षति पुऱ्याउने सम्भावना प्रबल हुन्छ ।
- ❏ जंगलमा देखिने चितुवाको बच्चा तथा जनावरहरूलाई नजिस्काऔं, नचलाऔं ।
- ❏ रातको समयमा जंगलको बाटो सकभर नहिडौं, हिड्नै परे टर्च वा उज्यालोको राम्रो बन्दोबस्त गरी समूहमा हिडौं । महिला, केटाकेटी, बुढाबुढीहरू जंगलमा एक्लै नहिडौं ।
- ❏ खोर चितुवा छिर्न नसक्ने बलियो बनाऔ ।
- ❏ गाईवस्तुको गोठमा सकभर राति बत्तीको व्यवस्था गरौं ।
- ❏ राति शौचालय निस्कदा वा अन्यत्र निस्कनु नै पर्ने अवस्था आएमा बत्ती बालेर हो-हल्ला गर्दै निस्किऔं।

**प्रभात सापकोटा**
कार्यालयप्रमुख
**डिभिजन वन कार्यालय, गुल्मी**

# चरो र म

✍ **रुद्र ज्ञवाली**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

छैनन् टुना मोहनी तन्त्र मन्त्र
तेरो छ आफ्नै दुनियाँ स्वतन्त्र
फैलाउँदै प्वाँख तँ बेग हान्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

पर्दा समस्या न त दिक्क हुन्छस्
आफ्ना लडेमा न त ठिक्क भन्छस्
तेरो र मेरो न विवाद गर्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

लागोस् कि त्यो कोभिड या अरू क्यै
वास्ता कुनै छैन सखे तँलाई
उठ्छस् बिहानै अनि फुर्फुरिन्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

इर्ष्या गुनासो न कुनै तँसंग
भिन्दै छ तेरो दुनियाँ अचम्म
खोली पखेटा जग यो चहार्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

माग्छस् न तैंले अनुदान चन्दा
गर्छस् ठगी या न अवैध धन्दा
जे जे मिल्यो प्राप्त भयो खुशी छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

औलो न खोकी न छ रक्तचाप
ब्याधी कुनै या मधुमेह वात
आरोग्यताले परिपूर्ण तैँ छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

चिन्ता न टण्टा न त शोक सुर्ता
मौजा बिघा या न छ राज्य बिर्ता
क्यै छैन तेरो तर मोजमा छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

हिंसा न कुण्ठा न छ हीन ग्रन्थी
जान्छस् मलामी अथवा न जन्ती
जैलेसुकै देख्दछु प्रेममा छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

०००

**आफूले पालिरहेका पशुपंक्षीहरूलाई नियमित खोप लगाउने बानी बसालौं । उमालेको दूध तथा डिपफ्रिजमा राखेको स्वस्थ मासु खाने बानी बसालौं ।**

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा**
सम्पर्क केन्द्र, गुल्मी

# 'किस्ता-किस्तामा जिन्दगी'ले उठाएको मुद्दा सबाल्टर्न

✍ **डा. शंकरप्रसाद गैरे**
**त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा**

## कवि परिचय

आर. बी. निश्चलको 'किस्ता-किस्तामा जिन्दगी' कवितासङ्ग्रह उनको पाँचौँ कविताकृति हो । २०४१ साल असार ५ गते पाल्पा जिल्लाको पालुङ मैनादी - १ निवासी भक्तबहादुर सुनार र चुरकी सुनारका माइलो सन्तान र जेठो छोराको रूपमा भारतको कुरूक्षेत्रमा जन्मिएका निश्चलले कक्षा चारमा पढ्दैगर्दा बाह्र वर्षकै उमेरमा कविता लेख्न थालेका हुन् । २०६२ सालमा स्नातक अध्ययन गर्दैगर्दा 'मौन हिमाल' कवितासङ्ग्रह प्रकाशित गरेका निश्चलको २०६२ सालमै 'सपना फूल' खण्डकाव्य, २०६३ सालमा 'आँसु खस्दै गर्छ' कवितासङ्ग्रह, २०७२ मा 'पैताला पुकार' कवितासङ्ग्रह प्रकाशित छन् । अंग्रेजी विषयमा स्नातकोत्तरसम्मको अध्ययन गरेका निश्चल पेशाले शिक्षक हुन् । माध्यमिक विद्यालयको प्रधानाध्यापकसमेत रहेका निश्चल एक कुशल प्रशासक पनि हुन् ।

साहित्यको कविता विधामै समर्पित भएर लागिपरेका निश्चल आफ्ना कवितालाई सरलताबाट क्रमशः बौद्धिक र दार्शनिक बनाउँदै लगेका छन् । उनका कविताहरूमा मानव जीवनको गहन चिन्तन, मानव सभ्यताका सकारात्मक र नकारात्मक पक्षको उजागर गर्दै पूर्वीय अध्यात्मदर्शनप्रतिका आफ्ना धारणाहरूलाई प्रस्तुत गरेको पाइन्छ । नेपाली समाजमा विद्यमान जातीय विभेदको कारण र त्यसको वैज्ञानिकता कति छ भन्ने अध्ययन गर्दै त्यसको कुनै वैज्ञानिक आधार नरहेकोले कवि निश्चलले त्यसको तीव्र विरोध गर्दै समाजमा मानवतावादको स्थापना हुनुपर्ने अपेक्षा गरेका छन् । त्यसकारण उनका प्रायः कविताहरू सबाल्टर्न अर्थात् सीमान्तीकृत सन्दर्भबाट उठेका छन् ।

## सबाल्टर्न सिद्धान्त

सबाल्टर्न अंग्रेजी शब्द हो । यसले समाजमा दबिएर रहेका वा दबाइएका क्षेत्र, जाति, वर्ग, लिङ्ग आदि व्यक्ति वा समुदायको अध्ययन गर्दछ । यसको पर्यायमा नेपाली भाषामा सीमान्तीय शब्द प्रचलनमा छ । यसका ठाउँमा किनारीकृत शब्दको समेत प्रयोग भएको पाइन्छ (पौड्याल : १३९, क) । सम्भ्रान्त वर्गका निम्ति लेखिएका र वर्गीय दृष्टिले पिछडिएकालाई नसमेटिएका लेखनलाई बहिस्कार गर्ने यस समालोचनाको अभियान दक्षिण एसियाको इतिहासको पुनर्लेखन गर्ने उद्देश्यका साथ रञ्जित गुहाको नेतृत्वमा भारतबाट सन् १९८२ मा प्रारम्भ भएको हो (श्रेष्ठ : २-६) ।

मूलतः जातीय, आर्थिक, लैङ्गिक, वर्गीय वा भौगोलिक दृष्टिले पछि परेका र पारिएकाको पक्ष उठाउने सबाल्टर्नले यतिमात्र नभई शक्तिशाली पक्षबाट दमित अवस्थामा बाँच्न बाध्य पारिएका आम समुदायको अवस्थालाई पनि जनाउँछ (श्रेष्ठ : १४) । मूलतः ऐतिहासिक अध्ययनको पृष्ठभूमिमा विकसित सबाल्टर्न निमुखा वर्गको अलिखित इतिहासलाई प्रकाशनमा ल्याउने गुहा र अमीन जस्ता सिद्धान्तविद्को प्रयत्नबाट विकसित भएको हो (उप्रेती : २८७) ।

नेपाली साहित्यमा सबाल्टर्न लेखनको प्रारम्भ २०६० को दशकबाट भएको मानिन्छ । सिर्जनात्मक तथा समालोचनात्मक दुवै क्षेत्रमा सबाल्टर्न निकै शक्तिशाली देखिएको छ । नेपाली साहित्यले पनि यस शब्दलाई निमुखा, किनारीकृत, सीमान्तीकृत, दमित पिछडिएका, पछि पारिएकाहरूकै लेखनको रूपमा प्रयोग गरेको देखिन्छ । नेपालीमा सबाल्टर्न, सीमान्तीकृत, दमित, किनारीकृत पर्यायवाची शब्दका रूपमा प्रयोग भएका छन् (पौड्याल : १५०, ख)।

२०५२ तिरबाट कविता लेख्न थालेका र २०६२ सालबाट कृति प्रकाशिन गर्न थालेका आर. बी. निश्चल २०७३ सालमा प्रकाशित 'पैताला पुकार' शीर्षकको चौथो कृतिबाट सबाल्टर्निक कवितालेखनतर्फ अग्रसर हुन थालेको देखिन्छ । हिन्दू समाजले धर्मशास्त्रको अपव्याख्या गर्दै जातीयताको जुन व्यवस्था गरेको छ, त्यस अनुरूप शूद्रहरू पैतालाबाट उत्पत्ति भएका मानिन्छ । त्यसरी पैतालाका रूपमा दासतापूर्ण अपमानित र अपहेलित जीवनयापन गर्नेहरूलाई नै सङ्केत गर्दै 'पैताला पुकार' शीर्षक राखेर सीमान्तीकृत लेखनमा प्रवशे गरेका (गैरे : ६०) निश्चलको 'किस्ता-किस्तामा जिन्दगी' त्यस यात्राको अझ सशक्त प्रस्तुति हो । यहाँ यस कृतिको त्यसैरूपमा विश्लेषण गरिएको छ ।

## 'किस्ता-किस्तामा जिन्दगी' कवितासङ्ग्रहमा सबाल्टर्न

'किस्ता-किस्तामा जिन्दगी' १३० पृष्ठको पकेट बुक आकारको कवितासङ्ग्रह हो । यसको प्रकाशन २०७६ सालमा भएको हो । ३८ वटा लामा छोटा फुटकर कविताहरू समाविष्ट यस कृतिलाई कविले तीन खण्डमा विभक्त गरेर प्रस्तुत गरेका छन् । 'चिन्तन : अस्तित्वको' शीर्षकको प्रथम खण्डमा १२ वटा कविताहरू छन् । यस खण्डका कविताले मूलतः मानवजीवनको अस्तित्वको खोज गर्ने प्रयत्न गरेको बुझिन्छ । 'कवि, पक्षी र पिञ्जडा' शीर्षकको दोस्रो खण्डमा १२ वटा कविता छन् । यस खण्डका कविताले असन्तुलित सामाजिक संरचना विभेद, अन्याय र अत्याचारका कारण अमानवता बढ्दै गएको देखेर छट्पटाएका कवि आफूलाई (निमुखा वर्गलाई) पक्षी र निरङ्कुश र कठोर सामाजिक संरचनालाई पिञ्जडाको रूपमा अनुभूति गरेको देखिन्छ ।

'उत्कण्ठा मुक्तिको' शीर्षकको तेस्रो खण्डमा १४ वटा कविताहरू छन् । यस खण्डका कवितामा कविले वर्गीय विभेदयुक्त समाजको वर्गीय संरचना हटाउँदै समतामूलक समाज निर्माणको माध्यमबाट दासतामुक्तिको कामना गरेका छन् । कविले मानवमानवबीचमा हुने विभेदबाट मुक्ति हुनुपर्ने चाहना राखेको देखिन्छ । यसरी खण्डीकृत गरिएको र खण्डगत रूपमा विचारको शृङ्खला विकास भएको यस कृतिभित्रका कविताले उठाएका विभिन्न विषयमध्ये एउटा प्रमुख मुद्दा जातीय दृष्टिले विभेदग्रस्त नेपाली समाज र त्यसबाट उन्मुक्तिको चाहना प्रमुख मुद्दा हो । त्यसरी यो कृति सीमान्तीय चेतनाका दृष्टिले जातीय सीमान्तीकृत चेतनाको प्रस्तुति रहेको कृति हो ।

कवि निश्चलले आफ्ना कवितामा सृष्टिको उत्पत्तिक्रमको चिन्तन गर्दै मान्छेले गरेको विभेदकारी विभाजनप्रति असन्तुष्टि प्रकट गरेको देखिन्छ । 'म' तत्त्व आत्म र अस्तित्व तत्त्वका रूपमा रहेको र यो ब्रह्माण्डको सृष्टिपूर्व अनादिकालदेखि रहिआएको, आफ्नै गतिमा गतिशील हुँदै आएको त्यस तत्त्वलाई मान्छेले विभक्त गरेकोमा कविको विमति देखिन्छ । कवि भन्छन् :

**तिमीले मलाई पैतालाबाट जन्माएर**
**के नै पो फरक पर्छ र ?**
**आखिर जीवनको यात्रा पैतालाबाटै हुन्छ ।** *(पृ. २२)*

हरेक मान्छेको सृष्टि/उत्पत्ति, विकास र अन्त्य प्रक्रिया एउटै छ । ब्रह्माण्ड नै एउटा गतिमा चलायमान छ । जून, तारा, सूर्य, पानी, आकाश, हावा सबैका लागि समान छन् भने मान्छेमान्छेमा भेद किन ? कवि आश्चर्य प्रकट गर्छन् । हिँज छूत भएर जन्मिनुपरेकोमा चिन्ता गर्ने कवितत्त्व भन्छ "जब वास्तविकताको बोध भयो अब मलाई कसैले शूद्र, अछूत, दलित, भन्दैमा चिन्ता गर्दिनँ । सम्पूर्ण ब्रह्माण्ड नै छोइएको अवस्थामा अछूत भनी भेदभाव गर्ने प्रवृत्तिप्रति कवि भन्छन् :

**अब तिमीलाई "पूज्य ब्राह्मण देवता**
**मैले छोएको खानुस्**
**मलाई पनि मन्दिर अनि हजुरको घरभित्र लानुस्"**
**भनेर प्रार्थना गरिरहनु परेन !**
**कारण मैले छोएको नखाएर, तिमी कहिले पो बाँचेका छौ र ?**
*(पृ. २५)*

जब एउटाले बोलेको ध्वनि अर्कोले सुन्छ, एउटाको फोक्सोबाट निस्किएको सास पुनः अर्कोको फोक्सोमा प्रवेश गर्छ । धर्ती र पानी दुवैद्वारा स्पर्शित छ भने छूत र अछूतको विभेद कसरी रहन गयो ? भन्ने कविको जिज्ञासा छ ।

सपनाजस्तो क्षणभङ्गुर जीवनमा छूत र अछूतको अभिनय गर्ने मान्छेले गरेको अमानवीय व्यवहार सार्वजनिक स्थल धारा, स्कुलमा समेत गरिने भेदभावलाई कविले जीवनको अभिनय ठान्दै ब्राह्मण वा ठूलो जातिको अभिनय गर्नेले अहङ्कार पालेको र शूद्रको अभिनय गर्नेले हीनताबोध गरेको देख्छन् । समानताको गीत गाउने तर विभेद गर्ने वर्गप्रति कटाक्ष गर्दै कवि निश्चल भन्छन् :

**धर्म, जात, लिङ्ग, वर्ण, पेशा, अनि भाषाको**
**विभेदको डोरीमा रमेर, चचहुई पिङ मच्चाउँदै**
**- . . . . . . . . . . . . . . . .।**
**समानताको गीत गाउँछ, शोषक/सामन्ती मान्छे ।** *(पृ. ७०)*

मान्छे धर्मको नसामा लठ्ठिएर निदमा बर्बराएर जागरणको, बुद्धत्वको सन्देश फैलाइरहेकामा कवि व्यङ्ग्य गर्छन् ।

जब हरेक मान्छेको शरीरमा एउटै रगत बग्छ र त्यही रगत शिरदेखि पाउसम्म बग्छ भने हाम्रो दर्शनले कसैलाई शरीरको माथिल्लो भागमा र कसैलाई तल्लो भागमा विभक्त गरेकोमा कवि असन्तुष्टि प्रकट गर्छन् । हाम्रै दर्शनको विभेदकारी नीतिका कारण पैताला भनेर अपहेलित भएकाहरूले धर्म परिवर्तन गर्दै गएको र त्यसबाट हाम्रो हिन्दू धर्मदर्शन सङ्कटमा पर्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै कवि भन्छन्– "त्यसको सम्पूर्ण दोषी टाउको नै हुनेछ । अनि हुनेछन् मुखबाट जन्माइएका मान्छेहरू नै" (पृ. ७६) ।

हामी मान्छेहरू देश र समयलाई गतिशील बनाएर अगाडि बढाउनुपर्नेमा, नयाँनयाँ आविस्कारमा ऊर्जा लगाउनुपर्नेमा सारा ऊर्जा जातीय विभेद, छूत र अछूतको चिन्तनमा खर्चिएकोले हाम्रो सभ्यता अगाडि बढ्न नसकेको कविको विचार छ ।

जब मान्छेले आफ्नै शरीरलाई विभक्त गरेर शिरलाई ब्राह्मण, बाहु र छातीलाई क्षत्री, उदरलाई वैश्य र पैतालालाई शूद्र भन्छ तथा शूद्रलाई अछूत मान्छ भने के आफ्नै पैताला अछूत भएन ? भन्दै कवि आफ्नै शरीरलाई विभक्त गर्ने मूर्खता नगर्न मानवलाई अनुरोध गर्छन् । कवि यस्तो विचारले पूर्वीय दर्शनको भविष्य कमजोर रहेको ठहर गर्छन् ।

नेपाली समाजमा फलाम ठोक्ने व्यवसायमा संलग्न कामी जातिको कार्यलाई प्रथम पुरुष कथन ढाँचामा प्रस्तुत गर्दै फलाम तताउन पंखा घुमाएर जीवन र जगत्लाई सञ्चालन गरेको, आफ्नो फोक्सोले निरन्तर सास फुकेर मान्छेको जीवन धानिदिएको बताउँछन् । खल्खली पसिना बगाएर फलाम ठोकेर अरूका समस्या सरल बनाउने कवि भन्छन् :

**हेर्छु अघिको कालो फलाम रातो होइन्जेल तताएर**
**घनले ठोक्दा-ठोक्दा टलक्क टल्किने, चम्चम चम्किने**
**कति उपयोगी उपकरण बनेको छ अहिले**
**सोँच्छु— मान्छेको चेतना पनि यस्तै हुन्छ कि ?** *(पृ. ८३)*

हरेक मान्छेको अन्तिम गन्तव्य मसान हो । सारा सुख र वैभव क्षणिक हो । यसलाई छोडेर रित्तो हात जानु छ भन्ने चेतना मान्छेमा बेलैमाथि आउँथ्यो भने जातीय विभेदको व्यवहारले मान्छे अरूको मन जलाउँदैनथ्यो होला भन्ने अपेक्षा कविले गरेका छन् । कवि मानवीय विभेद हटेर सबैले मानव भै बाँच्न पाएको हेर्न चाहन्छन् । दलित भनेर समाजले युगौंदेखि विभेद गरे पनि प्रकृतिले सदैव समन्याय गरेको देख्छन् उनी । कवि भन्छन् जब मान्छे चिन्तनको उचाइमा पुग्छ तब विभेदका सबै पर्खालहरू भत्किनेछन् । परम्परातग धर्मदर्शनप्रति यसरी असन्तुष्टि प्रकट गर्छन् :

**जीवनलाई सधै अन्धकारमै सडाइराख्ने**
**कस्तो 'धर्मदर्शन' समातिराखेका छौँ हामी ?**
**अरूलाई कुल्चिएर आफू मात्र फुल्ने-फक्रिने**
**कस्तो 'दर्शनशास्त्र' फलाकिराखेका छौँ हामी ?** *(पृ. ९७)*

समाजमा विद्यमान ब्राह्मणवाद र त्यसले निम्त्याएको निरङ्कुशतालाई देखेर कवि आक्रोश व्यक्त गर्छन् । कवि भन्छन् :

**यो कुजात रगत, बौलाइसक्यो प्रभु !**
**आफू 'पैतालाबाट जन्मिएको बिर्सेर**
**आफू कुजात' हुँ भन्ने बिर्सिएर**
**म मान्छेको रगत हुँ पो भन्छ ।** *(पृ. १००)*

यही र यस्तै विभेद रहिरह्यो भने एकदिन जातीय युद्ध हुनेछ र पृथ्वी रक्तरञ्जित हुनेछ भन्ने चेतावनी कविले दिएका छन् ।

यसरी कवि आर. बी. निश्चलले 'किस्ता-किस्तामा जिन्दगी' कवितासङ्ग्रहका अत्यधिक कविताहरूमा जातीय विभेदप्रतिको असन्तुष्टि प्रस्तुत गर्दै सहअस्तित्व, समानता, बन्धुत्व मानवतायुक्त समाजको कामना गरेका छन् । कवि भन्छन्- जन्मिदा हरेक मान्छे एउटै विधि प्रक्रिया र एउटै मार्गबाट जन्मिन्छ तर जबजब उसमा चेतनाको विकास हुँदै जान्छ उसको चेतनामा जातीय विभेदको विष रोप्ने काम गरिन्छ । त्यसले गर्दा कुनै बालक आफूलाई उच्च जातिको ठानेर अहंकार प्रस्तुत गर्न थाल्दछ भने कुनै बालक आफूलाई तल्लो जातको दलित ठानेर हीनताबोध गर्छ । कवि यसप्रकारको जातीय विभेद हट्नुपर्ने मान्यता राख्दै त्यस्तो नभएमा हाम्रो धर्मदर्शनमाथि नै सङ्कट उत्पन्न हुने विचार व्यक्त गर्दछन् ।

## निष्कर्ष

आर. बी. निश्चलका पाँचवटा कविताकृतिमध्ये पाँचौं कृति 'किस्ता-किस्तामा जिन्दगी' २०७६ सालमा प्रकाशित ३८ वटा कविताहरूको सङ्ग्रह हो । साहित्यको कविता विधामै आफूलाई समर्पित गर्ने निश्चलले यस कृतिलाई तीन खण्डमा विभक्त गरेका छन् । पहिलो खण्डमा अस्तित्व के हो भन्ने चिन्तन, त्यस चिन्तनको बोध भएपछि दोस्रोमा हाम्रो दर्शन र सभ्यतालाई पिञ्जडा र कविले आफूलाई पक्षीको रूपमा प्रस्तुत गर्दै तेस्रो खण्डमा मुक्तिको अभिलाषा प्रस्तुत गरेको पाइन्छ ।

कवि जब पूर्वीय दर्शनको चिन्तन गर्छन्, जातीय रूपमा विभक्त हाम्रो समाजको यस स्वरूपमा कुनै कारण देख्दैनन् । यसलाई एउटा वर्गले अर्को वर्गलाई दास बनाउन निर्माण गरेको व्यवस्था हो भन्ने बुझेका कविले यसप्रकारको अमानवीय विभेदयुक्त व्यवस्थाबाट मुक्ति हुँदै समतामूलक समाजको परिकल्पना गरेका छन् । यदि त्यसो हुन नसके हाम्रो दर्शनको भविष्य नै धरापमा पर्ने मान्छेहरू अन्य धर्ममा संलग्न हुने र एकदिन जातीय युद्ध हुन गई धर्ती रक्तरञ्जित हुन सक्ने अवस्थाप्रति सङ्केत गर्दै हाम्रा ग्रन्थहरूमा विद्यमान जातीय विभेदहरूलाई हटाउँदै समाजमा मानवीय मूल्यको स्थापना गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

## सन्दर्भ-सूची

उप्रेती, सञ्जीव, (२०६८), **सिद्धान्तका कुरा**, काठमाडौं : अक्षर क्रिएसन ।

गैरे, शंकरप्रसाद, '**जातीय विभेदको विरूद्धमा पैताला पुकार**' मधुपर्क, (वर्ष : ५०, अङ्क : ९, २०७४ माघ), पृ. ६० ।

निश्चल, आर. बी, (२०७६), **किस्ता-किस्तामा जिन्दगी**, काठमाडौं : मञ्जरी प्रकाशन ।

पौड्याल, एकनारायण, क, (२०७०) **समालोचनाको स्वरूप र पद्धति**, चितवन : विमर्श नेपाल ।

पौड्याल, एकनारायण, ख, (२०७०) **आधुनिक नेपाली समालोचनाको इतिहास**, चितवन : विमर्श नेपाल ।

श्रेष्ठ, तारालाल, (२०६८), **शक्ति, स्रष्टा र सबाल्टर्न**, काठमाडौं : डिस्कोर्स पब्लिकेसन ।

ooo

# सम्बन्ध

✍ **विनोद नेपाल**
**पोखराथोक, पाल्पा**

न वर्षे भेल बनेर
बैंसालु प्रवाह बनी
अस्तित्व मेटिदिंदा रिसाउँछ,
न हिउँदमा आफू साँघुरिएर
उसलाई फराकिलो छाडिदिंदा रिसाउँछ,
न नदीको खोजीमा आउनेहरू
छातीमा टेकेर हिंडिदिंदा रिसाउँछ,
न आफैमाथि बाट ऊ पूंजिंदा रिसाउँछ,
न त कहिल्यै
नदीका सामु आफू हेपिएको नै महसुस गर्छ,
कहिल्यै रिसाउँदैन बगर नदीसँग,
किनकि उसैसँग उसको अस्तित्व जोडिएको छ ।

अनि,
बगरविना
नदीको पनि त कहाँ अस्तित्व छ र ?
बगरमै त उसको परिचय अडिएको छ,
बगरले नै त उसको अस्तित्व जोगाइदिएको छ ।

कस्तो लोभलाग्दो सम्बन्ध नदी र बगरको,
आआफ्ना स्वार्थ तर परस्पर सम्मानको ।

आहा ! कस्तो हुँदो हो,
मान्छेहरूको सम्बन्ध पनि भैदिए,
नदी र बगरको जस्तो,
आखिर जिउने त,
आ-आफ्नै जिन्दगी न हो ।

ooo

# वैवाहिक सम्बन्ध खुला, उच्छृङ्खलता र कामवासनाको चपेटमा

✍ **सलील झवाली**
**शिलांग, मेघालय**

आधुनिकतम भनेर स्वीकार गरिने गरेको पश्चिमी समाजमा पनि विवाहलाई आजीवन संरक्षणीय विषय भनेरै स्वीकार गरिन्छ । त्यहाँ वैवाहिक सम्बन्धहरू छिट्टै चकनाचुर हुने गरेको देखिन्छ, तर विवाहपूर्व दुबै पक्षले यो सम्बन्ध आजीवन नटुटोस् भन्ने नै चाहेका हुन्छन् । यौन उदारता अपनाउने समाजमा यस्तो सम्बन्ध टुट्ने अनेक कारणहरू हामी अनुमान गर्न सक्छौँ । त्यसै गरी दिमागी क्षमताले नभ्याउने खालका कारण पनि हुन सक्छन् । हो, विभिन्न आधुनिक ध्यान-धारणाले बहकिएका र प्रेम एवं घृणाका साँघुरा सोचाइमा प्रशिक्षित हाम्रा मस्तिष्कहरू प्रेमपूर्ण र दिगो सम्बन्ध बनाउन चाहेर पनि यी वैवाहिक सम्बन्ध किन टुटेका होलान् भन्ने कुराको वास्तविकता बुझ्न असमर्थ छन् ।



हामीले कुनै गलत र भेदभावपूर्ण निर्णय गर्दै वैवाहिक सम्बन्ध विच्छेद गर्‍यौं भने अनेकौं समस्याहरू भोग्नुपर्ने हुन्छ । अत्यन्त आनन्दविहीन र कल्पना पनि गर्न नसकिने पीडादायी घटनाहरूको सामना गर्नुपर्ने हुन्छ । भगवान्लाई हामीले धन्यवाद दिनैपर्ने हुन्छ किनभने हामीले दैनन्दिन जीवनमा गरेका राम्रा-नराम्रा कर्मका आधारमा उहाँले हामीलाई समय समयमा पुरस्कृत र दण्डित पनि गर्नुहुन्छ । मानवसहित प्रकृतिमा भएका सबै प्राणीमा प्रकृतिको यो विधान समान रूपले लागु हुन्छ । प्रकृतिको विधान बुझ्ने व्यक्तिहरूले आफूलाई सच्याउने प्रयास गरेर दीर्घकालीन सुख-शान्ति प्राप्त गर्छन् । त्यसै गरी प्रकृतिका विधानको उपेक्षा गर्नेहरू दुःख र चिन्ताको सागरमा डुब्ने गर्दछन् । उनीहरू आफू पनि दुःख पाउँछन् र आफ्ना आउने पुस्तालाई पनि दुःख हस्तान्तरित गरिरहेका हुन्छन् ।

UK/USA बाट सँगै प्रकाशित हुने The Guardian पत्रिकामा हालै प्रकाशित एउटा विचारोत्तेजक लेखले मेरो ध्यान आकर्षित गर्‍यो । अमेरिका, मिशिगनकी महिला लेखक Ms. Rose Hackman आफ्नो एउटा लामो शीर्षक गरेको लेख "Is marriage really on the decline because of men's cheap access to sex" मा आजका समाजमा पति-पत्नीबीचमा देखापरेको ज्वलन्त समस्यालाई विद्वान्हरूसामु पस्किँदै प्रश्न तेर्स्याउँछिन्–समाजमा यौनको सहज उपलब्धताले विवाह नामक पवित्र परम्पराकै मर्यादा भङ्ग त गरेको छैन ? Ms . Rose ले यो विषयमा देखाएको गम्भीर चासोका निम्ति उहाँको प्रशंसा गर्नैपर्छ । उनले आफ्नो लेखमा बढ्दो असफल वैवाहिक सम्बन्धलाई लिएर चासो र चिन्ता व्यक्त गरेकी छिन् । उनले अत्यन्तै तर्कपूर्ण तरिकाले लेखका केही तत्त्वहरूको व्याख्या गर्दै तिनको समाधान पनि निकाल्ने प्रयास गरेकी छन् । टेक्ससस्थित Mark Regnerus नामका प्रसिद्ध समाजशास्त्रीका उक्तिलाई उद्धृत गर्दै उनी भन्छिन्– "पैसा खर्च नगरीकन मुक्तरूपमै दूध पाउन थालियो भने गाई कसले किन्छ र ?" यौन-स्वतन्त्रता र स्वच्छन्द जीवनको वकालत गर्ने उत्तर आधुनिकतावादीहरूले आफ्नो पक्षमा जतिसुकै तर्क पेश गरे पनि समाजले सभ्यता र संस्कृतिका विकासमा आजको उचाइ छोएको एउटा मुख्य कारण मानवको अनुशासित वैवाहिक जीवन पनि हो । दिगो र सुरक्षित वैवाहिक सम्बन्धले पति-पत्नीबीचको प्रेम-सम्बन्धलाई प्रगाढ बनाउँछ । सन्तान-सन्ततिको भविष्य सुरक्षित र उज्वल पार्छ । नैतिकतापूर्ण समाजको निर्माण गर्छ । मानिस प्रकृतिका अरू प्राणीभन्दा अलग हो र ऊ जीवश्रेष्ठ हुनुमा यौन अनुशासनले पनि अवदान पुर्‍याएको छ भन्ने कुरा कसले अस्वीकार गर्ला ? सुख-शान्ति र आनन्दमय समाज निर्माणमा अनुशासित जीवनशैलीले कति सघाउ पुर्‍याउँछ भन्ने कुरा संस्कृत र सभ्य समाजलाई सम्झाइरहनु पर्दैन ।

दार्शनिक र चिन्ताविद्हरू भन्ने गर्दछन् - कुनै पनि उपयोगी वस्तुको मूल्य तबमात्र हुन्छ, जब त्यो दुःखले प्राप्त हुन्छ । कुनै वस्तु, विद्या, विचार आदि दुर्लभ छ भने त्यो प्राप्त गर्न हाम्रो मन असाध्यै तड्पिने गर्दछ । तर सर्वत्र उपलब्ध हुन थाल्यो भने किमती वस्तुले पनि आफ्नो मूल्य र आकर्षण गुमाउन पुग्छ । पश्चिमी समाजमा सङ्क्रामक भएर फैलिएको नग्नता, उच्छृङ्खलता, सहज यौनाचारले गर्दा विघ्नित पारिवारिक विचलन, असफल वैवाहिक सम्बन्ध र सङ्कटले आजसम्म प्रगाढ सामाजिक र पारिवारिक सम्बन्ध भएको हाम्रो समाजलाई प्रभावित पार्न थालिसक्यो भन्ने कुरा आज छर्लङ्ग छ ।

यो लेखमा घट्दो अनुराग र नग्नताको छताछुल्ल प्रदर्शनले गर्दा पति-पत्नीका सम्बन्धमा आएको अस्थिरता अथवा विचलन, यौन आकर्षण शक्तिको क्षीणता आदिले ल्याएको पारिवारिक र सामाजिक अव्यवस्था, अनासक्ति आदिको सम्बन्धमा स्पष्ट पार्न खोजिएको छ । विशेष गरी पति-पत्नीबीचको प्रेम र आकर्षण-शक्तिमा आउन थालेको कमीको चर्चा, उनीहरू बीच यसरी क्षीण हुँदै गएको यो बन्धनको कारण समाजमा व्याप्त उत्ताउलोपन हो भन्ने आरोप लाग्ने गरेको देखिन्छ । कुनै विद्वान्ले वर्तमान सामाजिक वातावरणको अध्ययन गर्दै भनेका छन् - "सञ्चार-माध्यममा यौन विषयक खुला चर्चा, विज्ञापन,पत्रिका, संगीत, चलचित्र, सिरियल मात्र होइन, समाजमा जागरण ल्याउने र सकारात्मक सूचना प्रवाहित गर्ने जिम्मेवारी बोकेका अखबार र समाचार चैनलहरूले पनि अनावश्यक रूपमा गरेको यौनताको खुला प्रदर्शन, चर्चा र होहल्लाले सामाजिक विकृति मात्र फैलाउँदैछ । छाडापन बढदैछ र प्रेमी-प्रेमिका, पति-पत्नी बीचमा आउनु पर्ने आकर्षण शक्तिमा ह्रास आउँदैछ । विषयको गोप्यता नै नभएपछि विपरीतलिंगीलाई आकर्षित गर्ने विधि र निधि नै अब के रह्यो र ? दम्पत्तिमा आजीवन रहिरहने प्रेम, मोहकता र आकर्षणशक्तिमा आएको क्षीणता र प्रभावहीनताले परिवार र समाजमा समस्या निम्त्याइरहेको छ । क्षमताहीन यो अवस्थालाई विज्ञानले saturation भन्ने गर्छ । यो अवस्थामा ग्रहणशक्तिको अभाव देखा पर्दछ । एउटा सुक्खा कपासले जलीय तत्त्व सजिलै शोषण गर्न सक्छ तर भिजेको कपासले सक्दैन । यौन विषयमा हुने आलाप, परिचर्चा, चित्र, गीत-सङ्गीत आदिको सहज उपलब्धताले हाम्रो मानसिकता भिजेको कपास जस्तो भएको बेला हाम्रा मस्तिष्कले यौन अनुभूतिको त्यो प्यास अनुभव गर्दैन ।

खुला छाडापन बढ्दै छ र फलस्वरूप प्रेमी-प्रेमिका, पति-पत्नी बीचमा आउनु पर्ने आकर्षण शक्तिमा ह्रास भएको छ । विषयको गोप्यता नै नभएपछि विपरीतलिंगीलाई आकर्षित गर्ने विधि र निधि नै अब के रह्यो र ? दम्पत्तिमा आजीवन रहिरहने प्रेम, मोहकता र आकर्षणशक्तिमा आएको क्षीणता र प्रभावहीनताले परिवार र समाजमा समस्यालाई नै निम्त्याइरहेको छ ।

अर्को उदाहरण लिऊँ । घरबाहिरै पर्याप्त मात्रामा हामीले स्वादिष्ट परिकारहरू सेवन गर्ने र स्वाद लिने मौका पायौँ भने, घरको सुन्दर र स्वस्थ्यकर पाकशालाको हामीले उपेक्षा नै गर्न थाल्छौँ । आफ्नो भान्छाघरतिर त हामी एक आँखाले पनि हेर्न छोड्छौँ । आफ्नै किचनको बेवास्ता गर्न थाल्दछौँ । लाक्षणिक रूपमा भनिएको यही कुरा पति-पत्नी बीचको स्वस्थ जीवन सम्बन्धमा पनि समान रूपमा लागु हुन्छ । हामी सबैले विज्ञानद्वारा व्याख्या गरिएको विद्युत चुम्बकीय हस्तक्षेप (EMI—electromagnetic interference) का बारेमा त सुनेकै छौं । हाम्रा ल्यापटप, मोबाइल, रेडियोका नजिकमै शक्तिशाली चुम्बक ल्याएर राखिदिएपछि अब यी यन्त्रहरूले आफ्नो स्वाभाविक कार्य गर्न सक्छन् र ? हाम्रा समाजमा पनि यस्तै बाहिरी हस्तक्षेपमा सजिलै आकर्षित अथवा प्रभावित हुने विश्वासघाती पुरुषहरूको संख्या दिनानुदिन बढिरहेको छ र अगणित संख्यामा पतिव्रता विवाहित नारीहरू आफ्ना पति परमेश्वरका बाहिरी जीवनका चपेटामा परेर प्रेम र आकर्षणविहीन एवं आनन्दविहीन जीवन बाँच्न मजबुर छन् ।

सर्वसुलभ वस्तुप्रति कोही सभ्य व्यक्ति पनि धेरै आकर्षित हुने गरेको देखिँदैन । त्यसको स्तरलाई पनि कमसल मानिन्छ । त्यसप्रति सम्मान त बिल्कुलै हुँदैन । सृष्टिको प्रारम्भबाटै प्रेम र यौनको विषयलाई एकान्त र गोप्य नै राखिने गरिन्थ्यो । व्यक्तिगत मामिलाहरू आपसी सम्बन्धमा अथवा युग्म जीवनमा मात्र सीमित रहन्थे । आधुनिक समयमा नग्नतामा सुन्दरता र सभ्यता देख्ने चलन बढेको देखिन्छ । तर प्राचीनकालमा लज्जारूपी आभूषण भए मात्र नारीलाई सुन्दर र सभ्य मानिन्थ्यो । उसको लजालु हेराइ, चालचलन अथवा आचरणमा कोई पनि ऊप्रति आकर्षित हुन्थ्यो । अङ्ग्रेजीका महानतम कवि Keats र Shelley लाई प्रेमसम्बन्धी काव्य रच्न प्रेरित गर्दथ्यो । नारीमा भएका सुन्दर शील-स्वभाव, लज्जा-सङ्कोच, शालीनता आदिले कवि, लेखक, संगीतकार, चित्रकारहरूलाई आफ्ना कृति रचना गर्न प्रेरित गर्दथ्यो । तर आज चारैतिर नग्नताको निर्लज्ज र घिनलाग्दो प्रदर्शन बीच कुनै पनि कलाकारका मनमा सृजनशील अभिव्यक्तिका लागि उत्साह र कल्पना जाग्दैनन् । यस्ता वातावरणका बीच कुनै स्वस्थ विचार र भावना जन्मनु असम्भवप्रायः छ ।

आजको आधुनिकता, सामाजिक वातावरण, विकृति, घृणायोग्य नाङ्गोपनको प्रदर्शनले गोपनीयतामा रहने मर्यादामा निरन्तर ठेस पुऱ्याइरहेको हुन्छ । विलियम शेक्सपीयर भन्छन् –"यसले हाम्रा वासनालाई उत्तेजित त पार्छ, तर हाम्रो रचनात्मक क्षमताचाहिँ बिस्तारै सिध्याउँछ ।" सभ्य मानवको परिचय दिने, कलाकारको सृजनात्मकता बढाउने, सामाजिक विचलन-विकृतिहरूलाई नियन्त्रण गर्न मद्दत पुऱ्याउने शालीन वेश-भूषा, आभरण, चाल-चलनका विपरीत आधुनिकताका नाममा संयम र अनुशासनहीन स्वेच्छाचारितालाई अँगालेर हामी सुनको अण्डा दिने हंस मासिरहेका छौं । यतातिर पनि चिन्तन गर्ने बेला आएको

छैन र ? विख्यात अर्थनीतिविद् अल्फ्रेड मार्शलले Diminishing Marginal Utility (ह्रासमान सीमान्त उपयोगिता) भन्ने सिद्धान्तमा यही कुरा भन्नु भएको छ, जसलाई सामान्य भाषामा निम्नानुसार भन्न सकिन्छ–"कुनै परिकारमा हामी गुलियोको मात्रा जति थप्दै जान्छौँ, त्यसको मिठास त्यति नै कम हुँदै जान्छ ।" तसर्थ हामी सतर्क भई आफ्नो समाजलाई सही दिशा दिने, हाम्रा स-साना बाल-बालिकामा सुसंस्कार विकसित गर्ने, चारैतिर देखिने छाडापनको विरोध गर्ने र शालीनता एवं शिष्टाचार अपनाएर समाजलाई सही दिशा दिने समय आएको छ। अझै पनि यस विषयमा गंभीर भएर सोच-विचार गरेमा र जागरूक भएमा हामी आफ्नो सभ्यता -संस्कृति बचाउन समर्थ हुनेछौँ । नभए त सभ्यतम र श्रेष्ठतम भनेर परिचय दिने हाम्रो मानव समाज पतनको रसातलमा पुग्ने निश्चित छ ।

ooo


विजया दशमी एवम् शुभ दीपावली र छठ पर्वको पावन अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सार्वजनिक सन्देश**

- सडक तथा पुल हाम्रो साझा सम्पत्ति हो, त्यसैले सडक तथा पुलको संरक्षण गरौं ।
- सडक अतिक्रमण गर्ने काम अपराध हो, सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐन अनुसार कारबाही हुने सबैमा जानकारीको लागि अनुरोध छ ।
- पुलहरूमा जथाभावी दिसा, पिसाब र फोहर नफालौं । यसले पुलको आयु घटाउँछ ।
- पुलको तलमाथि खोलाबाट बालुवा, गिटी, ढुङ्गा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा आदि नझिकौं ।
- पुलमाथि सकभर सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।

**सुनित के.सी** (नि. योजना प्रमुख)
एवम्
**मदन भण्डारी राजमार्ग योजना कार्यालय**
**तम्घास, गुल्मी परिवार**
फोन : ०७९-५२००५२



- कोभिड-१९ को महामारीमा अग्रभागमा रहेर सेवा दिइरहनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, रेडक्रसकर्मीलगायत सबैलई सहयोग र सम्मान गरौं ।
- कोभिड १९ पोजेटिभ, निजको परिवारप्रति दुर्व्यवहार होइन, सद्भाव राखौं, आत्मबल बढाउन सहयोग गरौं ।
- वृद्ध, बच्चाबच्ची, गर्भवती महिला, दीर्घरोगीहरूलाई उचित ध्यान पुर्‍याऔं ।
- स्वास्थ्य मापदण्ड पालना गरौं, आफू बचौं, अरूलाई पनि बचाऔं ।
- हरेक प्रकारका विपद्बाट बच्न सचेत बनौं, सचेतना बढाऔं ।

**नेपाल रेडक्रस सोसाइटी**
**गुल्मी जिल्ला शाखा**

# आमा

✍ **शेखर विकल्प**
**बुटवल, रूपन्देही**

संसारको जुनसुकै कुनामा पुगेर खोज्दा पनि
भेटिन्न कुनै त्यस्तो चौतारी

उक्लिए पछि उमेरका धेरै हाँगाहरू
हेर्छु
कुनै हरियै बने लटरम्म फलेर
र कति सिखै पनि

कुनै समय यस्तो पनि आउँछ कसैको जिन्दगीमा
कि यथार्थतालाई अगाल्न निक्कै गाह्रो हुन्छ

तर समय कहाँ रहन्छ र एकै
महत्त्व त्यतिबेला मात्रै हुन्छ शालिग्रामको
जब नदी तरेर, बगर छाडेर पुगिएको हुन्छ धेरै टाढा

यो कुनै रूमानी गीत होइन
र होइन कुनै ऐठनवाला कथा पनि
हो यौटा घाम जस्तै छर्लङ्ग कुरा -
सानो झुपडीको संघारमा
जब भेट्छु आमालाई
मेटिन्छ सारा स्वर्गको अभाव

कहिले काम बिगारेर फर्किरहेको हुन्छु घर
कहिले युध्द हारेर भौतारिरहन्छु
आमा मेरो अनुहार पढ्नुहुन्छ र भन्नुहुन्छ -
रुख चढ्ने लड्छ नचढ्ने कसरी लड्छ ?

म आमाको अनुहारमा देख्छु
पहाडभन्दा अविचलित साहस छ
इनारभन्दा गहिरो विश्वास छ
लाग्छ - मेरो सबैभन्दा ठूलो जीत नै यही हो ।
आमा पढ्न जान्नु हुन्न कखराहरू

लेख्न जान्नुहुन्न एबिसिडीहरू
कखरा नपढेर के भो ?
पढ्नुभएको छ दुनियाँ र मान्छेको जीवन
लेख्नुभएको छ माटोमा पसिनाले श्रमको कथा

मैले हरेक किताब सक्काएर,
हेर्छु आमाको एक पाइला मात्रै
लाग्छ किताबमा केही लेखेकै छैन
जति आमाका पाइतालाले लेखिदिन्छ

सोंच्छु - संसारमा आमा जत्ति जान्ने र बुझ्ने कोही छैन ।

जब नजिकै पुगेर
लुट्पुटिन्छु आमाको काखमा
पटुकीमा पसिनाको गन्ध होइन
इलम र संघर्षको अमीट निशानी भेट्छु
जब झुत्रो पछ्यौरीको न्यानोमा गुडुल्किन्छु
थिचिएर लाखौं चोटका दर्दहरू
फैलिएको भेटाउँछु सुखका न्याना आभाहरू

खेतका गह्रा जस्तै
चिरा परेर पट्पटी फुटेका कुर्कुच्चा छन्
जसले पार गरे हजारौं हजार आँसुका नदीहरू
उक्लिए लाखौँ लाख दुःखका पहाडहरू

चाउरिएर मुजा परेको छालामा
देश भेटाउँछु दुनिया भेटाउँछु
र यस्तो लाग्छ -
यो घाम - पानी
दिन - रात - हावा
आकाश - धर्ती सप्पै आमा हो ।

एक पल मात्रै पनि
आमाको सानो झोला बोकेर
बाटोमा चोकमा या कहीं उभिन पर्दा
हरेकले यताउता आँखा पुर्‍याएकै हुन्छौं
कि कसैले देख्ने पो हो कि ?

तर हामीले कहिल्यै सोच्नसम्म सकेनौं -
नौ/दश महिनासम्म गर्भमा बोकेर
फुलेको पेट देखाउँदै हिड्दा
आमालाई लाज लाग्यो लागेन
गाह्रो भयो भएन ?

आमा कहिल्यै रिसाउनुभएन हाम्रा उपद्रोसँग
न कहिल्यै लाज भन्नुभो
न कहिल्यै घिन देख्नुभो
आत्तिनुभएन अभावहरूसँग
हार्नु भएन विपत्तीसँग
सधै हिडिरहनुभो नदी जस्तै
कहिले ठोक्किदै त कहिले बेगिदै
बगाउँदै सुख र दु:खहरू

सन्तानको लागि
एक निमेष पनि
आमाविनाको साथ अधुरो हुन्छ ।

जब बिहानै
आमा आएर बिछ्यौनाको छेउँमा
टुक्रुक्क बस्दै,
मेरो निधार छाम्दै भन्नुहुन्छ -
बाबु ! आँगनमा घाम झरिसके ।

ती चिसा हातहरू कति न्याना लाग्छन्
कति कोमल हुन्छन्
लाग्छ संसारकै भाग्यमानी छु म ।

जिन्दगीसँग मैले कहिल्यै गुनासो गरिन
र कहिल्यै आमासँग पनि
तर यौटै कुराले बारम्बार बिझाइरह्यो
म कहिल्यै आमा जस्तो महान् बन्न सकिनँ
किनकि लाखौँ चाहेर पनि
म कहिल्यै आमा बन्न सक्दिनँ ।

ooo

# ज्ञान लिएर जाने होइन, छोडेर जाने हो ।

✍ पद्मप्रसाद शर्मा
घोराही उपमहानगरपालिका ९, अस्पारा, दाङ

हरेक मानवमा कुनै न कुनै क्षमता हुन्छ । त्यो क्षमता उसको विवेकबाट प्रयोग हुन्छ । क्षमता भन्नु एक प्रकारको ज्ञान हो । ज्ञान भएको मानिसलाई हाम्रो समाजमा ज्ञानवान् भन्ने गरिन्छ । त्यही ज्ञानवान् मानिस नै अनुशासित हुन्छ । ज्ञान आर्जन गर्ने अनेक तौरतरिकाहरू हुन सक्छन् । ज्ञानआर्जन गरेर मात्र हुँदैन त्यसलाई सदुपयोग गर्न जान्नुपर्दछ । ज्ञानआर्जन गरेर सदुपयोग गर्न जानिएन भने त्यसको कुनै अर्थ हुँदैन । ज्ञानआर्जन गर्नुको तात्पर्य हो त्यसलाई व्यवहारमा उतार्नु । अर्थात् आफूबाट अरूले पनि केही न केही प्राप्त गर्न सकून् अनि आफ्नो व्यवहारमा परिवर्तन गर्न सकून् । ज्ञानवान्हरूले आफूले आर्जन गरेको ज्ञानलाई जतिसक्दो फैलाउन सक्नुपर्दछ । अरूलाई बाँड्न सक्नुपर्दछ ।

पहिलेका ऋषिमुनिहरूले निकै वर्षसम्म जलमा स्थलमा वा निकुञ्जमा बसेर ध्यान गर्दथे र ज्ञान आर्जन गरेर उनीहरूमध्ये केहीले सामान्य उपदेशको रूपमा थोरैमात्र समाजलाई दिन सके बाँकी अरू सबै आफैँग लिएर गए । अर्थात् उनीहरूको जीवनपछि त्यो सबै त्यसै नष्ट भएर गयो । वास्तवमा आफूमा रहेको ज्ञानलाई लिपिबद्ध गरेर राख्ने र त्यो ज्ञान अरूलाई अध्ययनका लागि पस्कन सक्ने व्यवस्था मिलाउन सक्ने हो भने आफूले आर्जन गरेको ज्ञान आफ्नो जीवनलीला समाप्त हुँदा नष्ट हुँदैन वा साथै जाँदैन । हुन त शरीर पञ्चतत्त्वले बनेको छ भनिन्छ । त्यो पञ्चतत्त्वमध्ये एउटा मात्र तत्त्व शरीरबाट नष्ट भयो भने शरीरमा जीवन रहन सक्दैन । शरीरमा जीवन रहनका लागि पाँचवटै तत्त्वहरू सवुत रूपमा चलेको वा क्रियाशील भएको हुनुपर्दछ । शरीरमा पञ्चतत्त्व क्रियाशील भएकै अवस्थामा आफूमा रहेको ज्ञान अरूलाई दिन सक्नुपर्दछ । शरीर जीवित त छ तर अर्धचेतन अवस्थामा छ भने पनि आफूमा रहेको ज्ञान अरूलाई दिन सकिदैन । ज्ञान दिनका लागि पूर्ण चेतनअवस्था चाहिन्छ ।

ज्ञान कसरी फैलन्छ ? भन्ने बारेमा ठूलो खोज अनुसन्धानको पनि आवश्यकता पर्दैन । जसले जे जानेको छ त्यो कुरालाई व्यवहारमा परिणत हुने गरी अरूहरूलाई पनि लिखित वा मौखिक रूपमा बुझाउने ब्यवस्था मिलाउने हो भने ज्ञान फैलिन सक्छ । त्यसलाई व्यवहारमा परिणत गर्नसके अर्कोमा पनि दिगो रूपमा रहन्छ र उसले पनि त्यसैगरी फैलाउने चेष्टा गर्ने हो भने एक पुस्ताबाट

अर्को पुस्तामा सहजै सर्दै जान्छ । यसैलाई पुस्ता हस्तान्तरण पनि भनिन्छ । हिंजोका दिनमा गौतम बुद्धले आफूले प्राप्त गरेको ज्ञान अरूलाई दिन नचाहेको भए आज बुद्धको विचार धर्ममा परिणत हुने थिएन । त्यो उनीसंगै साथै जाने थियो । उनले केही लिखित रूपमा छोडे भने केही आफ्ना आफन्त र चेलाहरूको माध्यमबाट छोडे । आज त्यही कुरा पढेर वा सुनेर संसारका तमाम नरनारीले आफूलाई सत्यकर्ममा वा शान्तिमार्गमा लगाउन सकेका छन् । बुद्धको शिक्षा प्राप्त गर्नुको तात्पर्य आफ्नो व्यावहारिक जीवनलाई बदल्नु हो ।

ज्ञानआर्जन गर्ने वा फैलाउने सन्दर्भमा विद्यार्थी छँदा सानो कक्षामा पढेको एउटा नीतिश्लोकको याद आयो । श्लोक यस प्रकार छ : जले तैलं खले गुह्यं पात्रे दानं मनागपि । प्राज्ञशास्त्रं स्वयं याति विस्तारं वस्तुशक्तितः । । अर्थात् जलमा तेल, दुष्टमनुष्यमा गोप्यता, सत्पात्रमादान र विद्वान् अर्थात् प्राज्ञमा अलिकति शास्त्र परेको खण्डमा उसको शक्तिले भ्याएसम्म आफै फैलाउँछ । जुनसुकै तेल पानीमा एक थोपा मात्र पर्न गयो भने त्यो तेल निकै फैलिन्छ । त्यस्तै कुनै दुष्टलाई तपाईंले गुह्य वा गोप्य कुरा सुनाउनुभयो भने उसले क्षणभरमै त्यो कुरालाई निकैका कानसम्म पुऱ्याइछोड्छ । गुह्य कुरा कतिका लागि सुन्नलायक पनि हुँदैनन् तर दुष्टका लागि कसले सुन्ने र कसले नसुन्ने भन्ने प्रश्न नै हुँदैन । उसका लागि घाटानाफाको कुराभन्दा पनि आफ्नो स्वभाव वा चरित्रअनुसार त्यस्ता कुरालाई एक कान दुई कान हुँदै मैदानसम्म पुऱ्याउँछ । त्यस्तै विद्वान् व्यक्तिले कुनै शास्त्रीय ज्ञान छोंटो समयमा प्राप्त गर्न सक्यो भने उसले आफ्नो क्षमताले भ्याएसम्म त्यसलाई फैलाउने प्रयत्न गर्दछ र गर्नुपर्दछ । त्यसैलाई आफूभित्रको ज्ञान प्रसारण भन्ने गरिन्छ । यस्तै थोरै मात्र ज्ञान आर्जन गर्ने र आफ्नो क्षमताले फैलाउन सक्षम व्यक्तिलाई प्राज्ञ भनिन्छ । त्यस्तै प्राज्ञले आफूभित्रको ज्ञान कुनै कलमस नराखीकन अरूमा बाँड्न सक्नुपर्दछ ।

जुन मानिसमा सामाजिक व्यवहार पाउन सकिदैन त्यस्ता मानिसले जतिसुकै ठूला ग्रन्थका वा शास्त्रका ज्ञान हासिल गरे पनि त्यो कुनै कामयावी हुँदैन । आफूले जानेको ज्ञानले अरूलाई प्रभाव पार्न सक्नु नै विद्वान् अथवा प्राज्ञको अर्थ रहन्छ । बुद्धले निकै वर्ष लगाएर आफूले ज्ञान हासिल गरे । त्यो एक प्रकारको चिन्तन थियो । त्यसैलाई तप वा तपस्या भन्ने गरिन्छ । तप विना ज्ञान हासिल हुन सक्दैन । कडा मिहिनेत गर्नु पनि तपस्या हो । दुष्टले न तपस्याको मर्म बुझ्छ न आफूले कडा मिहिनेत गरेर ज्ञानको भण्डार विस्तार गर्न सक्दछ । सबै आत्माहरू सत्पात्र वा सत्चरित्रका हुन्छन् भन्ने हुँदैन । सत्पात्र वा सत्चरित्र निमार्णका लागि सन्मार्गमा हिंडने गरेको हुनुपर्दछ । विना सन्मार्ग सद्ज्ञान हासिल हुँदैन । सद्ज्ञान हासिल नभएसम्म अरूलाई ज्ञान बाँड्न सम्भव छैन ।

कतिपय मानिसहरू आफूलाई समस्या पर्दा अरूबाट निकै सहयोगको आशा एवं अपेक्षा गर्ने गर्दछन् । त्यही समस्या अरूलाई पर्दा आफूबाट हुन सक्ने सामान्य सहयोग पनि दिन चाहँदैनन् । यस्ता मनुष्यलाई के भन्ने ? सत्पात्रभित्र यस्ता मनुष्य पर्छन् कि पर्दैनन् ? यदि सत्य कुरा बोल्ने हो भने यस्ता मनुष्यहरू सत्पात्रमा पर्दैनन् । उनीहरू स्वार्थमा डुबेका आफूदेखि बाहेक अरूलाई मनुष्यको सारको रूपमा नलिने खालका हुन्छन् भन्दा हुन्छ ।

ज्ञान फैलउनका लागि आफ्नो जीवन छँदै केही वचनबाट, केही लेखन तथा केही प्रकाशनका माध्यमहरू अपनाउन सक्नुपर्दछ । ज्ञान बाड्न वा फैलाउनका लागि लेखन वा प्रकाशन गर्न सके सबैभन्दा उत्तम विकल्प हो । यसबाट भावी सन्ततिका लागि पनि अति काम लाग्ने हुन्छ । उनीहरूले निकै वर्षपछि पनि वा त्यो प्राज्ञको ज्ञानको पुन्तुरो (पुस्तक)खोल्न सक्छन् । यदि लेखन वा प्रकाशनको अवस्था छैन भने पनि जीवन छँदै मौखिक रूपमा भए पनि बाँड्न सक्नुपर्दछ ।

जब मानिस जीवन छँदै आफूमा रहेको ज्ञान बाँड्न चाहेन भने उसको जीवनपश्चात् त्यो सबै लोप भएर जानेछ । ज्ञान लोप हुनुको अर्थ के हुन्छ? समाजमा अराजकता फैलिन्छ, भाँडभैलो हुन्छ, चोरी, डकैती, हत्या, बलात्कार हुन्छ । गुण्डागर्दी र हिंसा व्यापक हुन्छ । घुस भ्रष्टाचार संस्थागत हुन्छ । अहिले भएको त्यही हो । ज्ञान भएकाहरूले ज्ञान आफूमा सीमित राखे । प्राज्ञ भनिनेहरूले मात्र उपरखुट्टी लगाएर केवल आफ्नो अहमता प्रदर्शन गरे । उनीहरूमध्ये कति अहिले हामीबाट विछोड भएर वा भौतिक शरीर त्यागेर गइसकेका छन् । जब ज्ञान भएकाले ज्ञान बाँड्न चाहदैनन् भने कहाँबाट समाज समृद्ध हुन्छ ? हामीले सबै कुरा सरकारमा लगेर थोपर्ने गर्छौं । आफूमा भएको सामान्यज्ञान बाँड्न नचाहने अनि सरकारको बदनाम हुने गरी बोल्ने ? योभन्दा विडम्बना अरू के हुन सक्छ ? हरेक सक्षम नागरिकले आफूमा भएको ज्ञान तथा सीप अरूलाई आफ्नो जीवन छँदै बाँड्ने प्रयत्न गर्नुपर्दछ । अनि मात्र त्यस्तो समयमा सरकारले के व्यवस्था मिलाउन पर्ने हो त्यसको बारेमा चर्चा गर्नुपर्दछ । जीवन छँदै ज्ञान बाँड्न सकिएन भने त्यो भौतिक शरीरसँगै नष्ट भएर जान्छ अनि हामी अहिले जे भोगिरहेका छौं त्यही मात्र निरन्तर रूपमा दोहरिरहने छ । भोलिको पिढीले पनि यही भोग्न वाध्य हुनेछ । यो समाजलाई समुन्नत बनाउनका लागि विद्वान् वा प्राज्ञ वर्गले विनाकन्जुस्याइँ आफूमा रहेको ज्ञान आफ्नो जीवन रहेसम्म बाँड्ने प्रयत्न गरिरहनुपर्दछ । यो हुन सक्यो भने मात्र समाज बदलिन सक्छ । सबै कुरामा सधै अरूलाई धारे हात लगाएर मात्र हुँदैन । पहिले आफूमा रहेको ज्ञान बाँड्ने ज्ञान हुन आवश्यक छ । ज्ञान लिएर जाने होइन छोडेर जाने हो ।

ooo

# दधिचि इतिहास

✍ **सुरेशप्रसाद 'अर्याल कान्छो'**
**इस्मा, गुल्मी**

तिमीले
केही हूल कलिला छातीहरूमा
खोत्रो लट्ठीको इतिहास कोर्‍यौ ।
तिमीले
केही ठूला ताता छातीहरूमा
खोत्रो बारूदका इतिहास केर्‍यौ ।

तिमीले
केही हूल निदाएका
आँखाहरूमा
खोत्रा सपनाका इतिहास कोर्‍यौ ।

तिमीले
केही हूल जागेका आँखाहरूमा
खोत्रा भ्रमका इतिहास कोर्‍यौ ।

तिमीले केही हूल काँचा मस्तिष्कहरूमा
खोत्रा विचारका इतिहास कोर्‍यौ ।
तिमीले केही हूल फस्टिदै गरेका
मस्तिष्कहरूमा
खोत्रा आदर्शका इतिहास कोर्‍यौ ।
केही बाँकी राखेनौ
कोही बाँकी राखेनौ
कतै बाँकी राखेनौ तिमीले कोर्न
तिम्रा खोत्रा इतिहास
तिम्रा जाली विचार
तिम्रा विषाक्त आँखा

र बाँकी केही कोही, कतै नरहेको
विश्वस्तमा
मस्त निद्रामा निदाइरहेको छ ।
एउटा वृत्रासुर सिंहदरबारमा
अनि निदाइरहेका छन् उसैको छात्रछायाँमा
प्रदेश अनि स्थानीय
सिंहदरबारमा
ऊ जस्तै कैयौं वृत्रासुर ।

तर चिच्चाइरहेका छन्
शहीदका सालिकहरू भन्दै
उठ वृत्रासुरहरू
बाँकी छन् अझै
शहीदका चिहान
चिहानभित्र बाँकी छन् अझै
शहीदका दधिचि हाडहरू
वृत्रासुर उठ्दैनन्
अब उठ्दैनन्
र त उठ्दैछन्-
हरेक शहीदका चिहानबाट
दधिचि हाडहरू
लेख्न हरेक वृत्रासुरको
टाउकोमा
दधिचि इतिहास ।

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**सम्पादक**
**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# स्वर्गद्वारी महाप्रभु

✍ **तेजनिधि पौडेल**

**बुटवल–१०, मिलनपथ, रूपन्देही**

वि.सं. १९१६ वर्षा ऋतु श्रावण शुक्ल पक्षको पुत्रदा एकादशीको दिन रातको समय जेष्ठा नक्षेत्र बिहीबार माङ्गलिक संयोग परेको समय चतुर्बाहुरूप नारायण सुन्दर मानव शरीर धारण गरी प्रकट हुनुभयो । रोल्पाको रुम्टी गाउँमा पिता अनिरुद्र गौतम आमा श्वेताकुमारी गौतमको काखमा जन्म भएको बालकको नाम नारायण रह्यो । उहाँलाई जन्मेको सातौं दिनबाट गाईको दूध खुवाउन थालियो । कारण छैंठौ दिनमा आमाले आमीष पदार्थ (मासु) खानुभएकोले आमाको दूध चुस्नु भएन । उहाँ सातौं दिनबाटै बोल्न थाल्नुभयो । नारायणरूप लिएर अवतरण गरेको कुरा आमालाई जानकारी गराउनुभयो । षष्ठी देवीको पूजा गरियो । आमाले मासु खाएकोले आमाको दूध पिउनु भएन । सो कुराको जानकारी आमालाई गराउनुभयो । चार वर्षको पुगेपछि माटोको थुप्रोमा पुगी शिवलिङ्ग बनाई फूलपातले पूजा गर्न थाल्नुभयो । उहाँ ५ वर्षको हुँदा ग्वालालाई भन्नुभयो– गाईवस्तु आज त्यो ठाउँमा (शशिलेकमा) नलैजानू, त्यहाँ ठूलो पहिरो जानेछ तर गोठालाले पत्याएनन् । एक्कासि हावाहुरी चल्यो, पानी आयो, कतिपय गोठाला घाइते भए । उहाँ वि.सं. १९२१–१९२४ सम्म तपस्यामा रहनुभयो र तपस्या र साधना ज्यादै गुप्त रह्यो ।

पिता अनिरुद्र बिरामी परेको थाहा पाई तपस्यामा लीन हुँदाहुँदै पिताजी समक्ष जानुभयो । नारायणको नाम स्मरण गराउँदागराउँदै उहाँको जीवनलीला समाप्त भयो । अर्थात् संसारबाट बिदा लिनुभयो । संसारको असारताका बारेमा सम्झाई–बुझाई शवको अन्त्येष्टी संस्कार सम्पन्न गराउनुभयो । बालतपस्वी प्रभु स्वयम्ले पिताका सम्पूर्ण तेह्रौं दिनसम्मका क्रिया कर्म समाप्त पारी पितृकर्तव्य पालना गरी आफ्नै कुटीमा गई तपस्या गर्न लाग्नुभयो ।

उहाँ शशिलेकको गुफातर्फ लाग्नुभयो । हिंड्नेबेलामा मातालाई घरमा नै बसेर प्रभुभजन र तपस्या गर्न आग्रह गर्दै आफू तपस्याका लागि जानुभयो । केही समय फलाहार त्यसपछि जलाहार र निराहार रही आफ्नो कठोर तपस्याद्वारा ब्रह्मचिन्तनको क्रमलाई अगाडि बढाउनुभयो । यो क्रम वि.सं. १९२९–१९४१ सम्म रह्यो । यो अतिमानुष तपस्याद्वारा प्रभावित भएका सिद्धगण र ब्रह्मज्ञानी बालतपस्वी प्रभुलाई 'बालतपस्वी महाप्रभु' भनी सम्बोधन गर्न थाले । यसअघि आमा श्वेताकुमारीको इच्छाअनुसार उहाँलाई विवाह गरिदिन खोज्दा कुष्ठरोग भएको अवस्था सिर्जना गरी कुष्ठरोगी बन्नुभएकोले विवाह नगर्ने कुरा जानकारी गराउँदा आमा निराश हुनुभएको थियो । उहाँ आफू बसेको गाउँलेहरूले

बनाइदिएको कुटीमा आगो उत्पन्न गरी कुटी जलाउनु जस्ता कार्य प्रभुबाट भएका थिए । अर्थात् उहाँ प्रभु गृहस्थ जीवनमा आउन चाहनुभएन, फगत ईश्वरलीलामा मग्न रहनुभयो । उहाँ कुटी जलाई शशिलेक गुफातिर ध्यान, तपस्या गर्न जानुभयो ।

महाप्रभु समक्ष काशीको जुनाअखडाका दशनामी स्वामी सच्चिदानन्द आउनुभयो । प्रभुले उहाँबाट दीक्षा लिनुभयो । महाप्रभुको नाम हंसानन्द गिरी राखिदिनुभयो । अन्य दुई जनाको नाम अनन्तानन्द गिरी र दौलतानन्द गिरी राखिदिनुभयो । अनन्तानन्दलाई तपस्या गर्न र भागीरथीको तटमा अन्नदान गर्न निर्देशन दिनुभयो भने दौलतानन्दलाई महाप्रभुको सेवा र सहयोग गर्न आदेश दिनुभयो ।

वि.सं. १९४४ मा महाप्रभुले रुम्टी गाउँको शशिलेकमा विशाल यज्ञशाला र मन्दिर बनाई यज्ञ सञ्चालन गर्नुभयो । यज्ञबाट गाउँको वातावरण नै भिन्न भयो । १९४४-१९५१ सम्म अनवरत रूपमा यज्ञ चल्यो ।

यज्ञ समाप्त भएपछि महाप्रभु आफ्ना गुरु महाराज र शिष्य बोधानन्द गिरी (पूजारी महाराज)लाई आफ्नो इच्छा प्रकट गर्नुभयो र गहन वनको बाटो पार गरी बेलुका स्वर्गद्वारी शिखरमा पुग्नुभयो । भगवान्को नाम स्मरण गर्दै त्यो रात गुरु सच्चिनानन्द गिरी र शिष्य पूजारीका साथ स्वर्गद्वारी पर्वतको दीर्घ तपस्वी बाँझको रुखमुनि विश्राम गर्नुभयो । शङ्करावतार गुरु सचिदानन्द गिरी, नारायण अवतार महाप्रभु र शेषावतार बोधानन्द गिरी स्वर्गद्वारीमा त्रिदेव समान विराजमान हुनुभयो ।

स्वर्गद्वारीमा पुगेको पहिलो रातमा प्रभुले विश्राम गर्नुभएको दीर्घ तपस्वी बाँझको रुखको आफ्नै इतिहास छ । आश्रमको यज्ञ मण्डपको दक्षिण भागमा रहेको यो रुख स्वर्गद्वारी आश्रमको साक्षी हो । जसलाई उही बेलामा महाप्रभुले ५५० वर्ष पुगिसकेको बताउनुभएको थियो ।

आश्रमले यस रुखको फेंदमा चौतारी बनाई विशेष संरक्षण गरेको छ । स्वर्गद्वारी पुगेर कुनै यात्रीले यसको दर्शन गरेन र जानेन भने एउटा पाटो छुटेको ठहर्नेछ ।

त्यसबेला कविशिरोमणि लेखनाथ पौडेलले महाप्रभुको सान्निध्यमा रही उहाँको जीवनी लेख्न अनुरोध गर्दा महाप्रभुले मान्नुभएन । त्यसैले उहाँले उक्त तपस्वी वृक्षलाई मुख्य प्रतीक बनाएर "तरुण तपस्वी" काव्य रचना गर्नुभएको थियो ।

केही समयपछि रुकुमबाट बौद्धिक गुरु टीकाराम गौतम स्वर्गद्वारी आउनुभयो । महाप्रभुले उहाँबाट यज्ञशाला र कुण्ड निर्माण गराउनुभयो । यज्ञमण्डप १०८ हात छ भने बाहिरबाट हेर्दा नौ वटा गजुर भएको नै मन्दिर देखिन्छ । भित्र प्रवेश

गर्दा एउटै मन्दिरमा प्रवेश गरेझैं देखिन्छ । यज्ञशालाको बीचमा मुख्य कुण्ड छ । चार दिशामा चार कुण्डसहितको मन्दिर सुशोभित छ । टीकाराम गौतमद्वारा मन्दिर निर्माण भयो । उहाँलाई महाप्रभुबाट आचार्यमा वरण गर्नुभयो ।

वि.सं. १९५२ साल वैशाख पूर्णिमाका दिन महाप्रभुसहित अन्य सिद्ध, सन्त र विद्वान् ब्राह्मणको उपस्थितिमा भूसंस्कारसहित समिधा स्थापना गरी महायज्ञको शुभारम्भ गरियो । अग्नि जगाउने समयमा महाप्रभुको आज्ञाअनुसार आचार्य टीकाराम गौतमजीले हृदयमा अग्नि भगवान्को ध्यान गर्दै वैदिक मन्त्रको उच्चारण गर्नुभयो । मन्त्रको अन्त्यमा अग्नि भगवान् स्वयम् प्रकट हुनुभयो । ५ वटै कुण्डमा एकैसाथ अग्निका ज्वाला देखिए । त्यसपछि जयजयको ध्वनिले स्वर्गद्वारी पुरी गुञ्जायमान भयो । अवीर, लावा र पुष्पवृष्टि भयो । अखण्ड महायज्ञको विधिवत् प्रारम्भ भयो । महाप्रभुले पुण्यतीर्थ, पुण्यनदी, पुण्यक्षेत्रको आह्वान गर्नुभयो । यिनी यज्ञीय गाईको रूपमा स्वर्गद्वारीमा आउन थाले । यो रहस्यको ज्ञान महाप्रभुलाई मात्र थाहा थियो । सुविधाजनक गोठ बनाएर आफै गोसेवमा लाग्नुभयो । गुरु महाराज सच्चिदानन्द गिरीज्यूको कुटी तयार भयो । दर्शनार्थीलाई खाने पिउने व्यवस्था मिलाउनुभयो ।

राप्ती अञ्चलको प्यूठान जिल्लामा पर्ने सर्वोत्तम शैलशिखर स्वर्गद्वारीलाई आफ्नो सङ्कल्पले मात्र वैकुण्ठपुरी जस्तो विलक्षण पुरी बनाइदिनुभयो । महाप्रभुले यज्ञ समापन नगर्ने अविछिन्न चलाई राख्ने प्रतिज्ञाअनुसार आजसम्म यज्ञ चलिरहेको छ । कलिको अन्तमा देवगुरु बृहस्पति आई यो यज्ञको समापन हुनेछ भनी भन्नुभएको थियो भन्ने कुरा भोगेका सुनेकाबाट जानकारी हुन आएको हो ।

## यी नारायण अवतार प्रभुको सरकारलाई पत्र

"नेपाल सम्राट् श्री ५ महाराजविराज एवम् श्री ३ सरकार ! स्वर्गद्वारी योगीको तर्फबाट चतुर्वेदोक्त आशीर्वाद । विश्वकल्याणको लागि मैले प्रारम्भ गरेको अखण्ड महायज्ञको विषयमा यहाँलाई जानकारी नै छ । तपाईंको सुदृष्टिले यज्ञकार्य चालिरहेको छ । म आगामी मार्गशीर्ष शुक्ल चतुर्थीका दिन शरीर त्यागेर जाँदैछु । तपाईंको राज्य देवराज्य हो । यसकारण तपाईंको सहयोगबाट अखण्ड महायज्ञको रक्षा अवश्य हुनेमा म विश्वस्त छु । यहीं कारणले गर्दा मैले नेपालमा महायज्ञ आरम्भ गरेको हुम् । मैले आजसम्म गरेको धर्म र जम्मा गरेको धन तपाईंकै नै हो । आजसम्म गरेको विशेष कर्म र अखण्ड महायज्ञद्वारा पृथ्वीको भार कम भएको छ । अखण्ड महायज्ञको लागि जमिन किनेको छु । यसको सुरक्षा तपाईंले गर्नुपर्नेछ । "हंसानन्द" ।

१९९७ सालको मंसिर महिना थियो । आउने संकटबाट सबै त्रसित थिए । सबैको मुटुको चाल बढिरहेको थियो । सबैको अनुहार मलिन थियो । भयभीत दृष्टिले एकअर्कालाई हेर्दा अनिष्टको आशङ्का मात्रै अनुमान गर्न सकिन्थ्यो ।

यसरी महाप्रभुको दिव्य धामपश्चात् समाधि निर्माण गरी अष्टकोण वेदी बनाई नर्मदेश्वर शिवलिङ्गको स्थापना गरी हंसेश्वर महादेवको पनि स्थापना गरेर उहाँ महाप्रभुले वि.सं. १९९७ साल मार्गशीर्ष शुक्ल पक्षको चौंथी तिथिमा आफ्नो पाञ्चभौतिक देह त्याग गर्नुभएको हो ।

## लेखकको मन्तव्य

जसरी यो स्वर्गद्वारीलाई महाप्रभुले स्वर्ग जाने बाटोको रूपमा आश्रम स्थापित गर्नुभयो । हामी पनि महाप्रभुले देखाएको बाटोलाई अनुशरण गरी हिन्दू धर्म र संस्कृतिको जगेर्ना गर्न सदा लागिपरौं । महाप्रभुले देखाएको बाटोलाई नभुलौं । हाम्रो धर्म र संस्कृतिको बचाउ गर्दै प्रभुले देखाएको बाटोमा हिंडौं । यही हाम्रो मूल धर्म र मन्त्र हो । साथै यस पुण्यभूमि स्वर्गद्वारीको बारेमा यो लेखकलाई पनि वि.सं. २०४० सालतिर दर्शन गर्ने अवसर मिलेको थियो । लाग्छ यो देख्दा त्यहाँ ईश्वरको बास छ ।

महाप्रभुले भनेजस्तै दाङ र देउखुरीमा स्वर्गद्वारीको अचल सम्पत्ति प्रशस्त भएको बारेमा लेखक पनि सरकारी सेवामा दाङमा रहँदा जानकारी भएको विषय हो । आज त्यो पुण्यभूमिको सम्पत्तिमा बाहिरी हस्तक्षेप हुन लागेको सुन्नमा आउँदा दुःख लाग्नु स्वाभाविक हो । अतः यस विषयमा सबै सचेत रहौं, पुण्यभूमिको संरक्षणमा लागौं ।

ooo

**विजया दशमी, शुभदीपावली एवम् छठ पर्वको पावन अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

**सूचना**

**पूर्ण सरसफाइ प्राप्तिका लागि निम्न कुराहरूमा ध्यान दिनुपर्दछ ।**

◆ चर्पीको नियमित प्रयोग ◆ व्यक्तिगत सरसफाइ ◆ महत्त्वपूर्ण अवस्थाहरूमा साबुन पानीले हात धुने अभ्यास ◆ घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहर मैलाको उचित व्यवस्थापन ◆ घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धीकरण ◆ सुरक्षित खाना

**अनोज उपाध्याय**
**डिभिजन प्रमुख**
एवम्
**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**
**गुल्मी परिवार**

# राष्ट्रगुरु नरहरिनाथ

✍ **लक्ष्मीनाथ योगी "हितैषी"**
**दाङ**

आमा गौरी थिइन् देवी आशीर्वाद दिईकन ।
न्यायाचार्य गुरु क्षिप्रानाथले गरि रक्षण ।
(१)
जन्म भो लालुको गाउँ योगी नरहरि गुरु
जुम्ला पाठशाला चन्दननाथ पढ्न भयो शुरू ।
(२)
(वि.सं.) उन्नीससय एकहत्तर (शाल) जन्म फागुन सत्र हो ।
उन्सट्ठी एघार तेर ब्रह्मलीन हुनुभयो ।
(३)
जननी जन्मको भार हटाए ननिकाहरू
यौटा योग्य भए योद्धा नेपाल राष्ट्रका गुरु ।
(४)

ooo

# मननयोग्य कुरा

✍ **गणेशपुण्य श्रेष्ठ**
**बुटवल, रूपन्देही**

घुसभन्दा भुस राम्रो
भ्रष्टभन्दा मिहेनती राम्रो ।

बेइमानीभन्दा इमान्दारी राम्रो
हाम्रोभन्दा सबै राम्रो ।

अयोग्यभन्दा योग्य राम्रो
आलोचनाभन्दा समालोचना राम्रो ।

पश्चात्ताप नगर्नु राम्रो
कर्तव्यनिष्ठ भई बाँच्नु राम्रो र
यहीं स्वर्ग सबैको राम्रो ।

ooo

# आध्यात्मिक ज्ञान

✍ **काशीनाथ मरासिनी**
**काठमाडौं**

**"आध्यात्मिकता धर्मबाट आउँदैन यो आत्माबाट आउँछ ।"**

*- एनथ्रोनी डुवलस विलियमस्*

## १. विषय प्रवेश

अध्यात्म, आत्मा र परमात्माको गुण एवं तिनको पारस्परिक सम्बन्धका विषयमा अध्ययन गर्ने विषय हो । यसले "मानव जीवन के हो ? म को हुँ ? मैले के गर्नुपर्छ ?, आत्मा के हो ?, परमात्मा के हो ?" भन्ने जस्ता मानव जीवनका आन्तरिक पक्षहरूको अध्ययन एवं विश्लेषण गर्दछ । मानव जीवनका आन्तरिक अदृश्य पक्ष मन, इन्द्रिय, आत्मा तथा प्रकृति आदि पक्षको चिन्तनमनन गर्ने विधा भएकोले यो विषय निकै गहन छ । यो कुनै धर्म वा रूढिवादी चिन्तन नभई पूर्वीय दर्शनमा आधारित अनुभव र प्रयोगबाट हासिल गरिने परम ज्ञान हो । अध्यात्मले भौतिक जीवन जगत्लाई अस्थायी, मिथ्या र नाशवान् बताउँदै परमात्मालाई परम सत्य मान्दछ । यस पृथ्वीका सबै देहधारी जीवमा परमात्माको सूक्ष्म अंश हुन्छ, त्यसलाई आत्मा भनिन्छ । जीवको आत्मा र शरीर दुई फरक फरक विषय हुन् । जीवात्माको शरीर जन्मिन्छ, बढ्छ, केही समय रहन्छ, सह-उत्पादन गर्छ अनि विस्तारै क्षीण हुँदै जान्छ र अन्त्यमा समाप्त हुन्छ । पूर्वीय दर्शनअनुसार जीवको मृत्युपछि आत्माको महायात्रा सुरू हुन्छ । महायात्राका तीन मार्ग बताइएको छ - अर्चि मार्ग, धूम मार्ग र उत्पत्ति एवं विनाश मार्ग । जीवात्मा कुन मार्गमा अगाडि बढ्छ भन्ने कुरा उसको कर्ममाथि निर्भर हुन्छ । अर्चि मार्ग भएर ब्रह्मलोक तथा देवलोक र धूममार्गबाट पितृलोकमा पुगिन्छ भने उत्पत्ति एवं विनाश मार्गबाट पुनः मृत्युलोकको यात्रा सुरू हुन्छ । वैदिक साहित्यमा पनि मृत्युपश्चात् आत्माको तीन गति - उर्ध्व गति, स्थिर गति र अधोगति बताइएको छ । उर्ध्व गतिअन्तर्गत जीवात्माले मृत्युलोकदेखि माथिका ब्रह्मलोक, देवलोक र पितृलोकको यात्रा गर्दछ भने स्थिर गतिअन्तर्गत पुनः यसैलोकमा मनुष्य जुनीमा तथा अधोगतिअन्तर्गत कीट पतङ्ग तथा पशुको जुनीमा जन्म लिन्छ । यसलाई अगति पनि भनिन्छ । मृत्युलोकदेखि माथिका लोकहरूमा पुगेको आत्मा पनि आफ्नो पुण्यकर्म समाप्त भएपछि पुनः यसै लोकमा फर्किन्छ ।" जसरी मानिसले पुराना कपडाहरू त्यागेर नयाँ कपडा धारण गर्दछ, त्यसैगरी आत्माले पनि पुराना र काम नलाग्ने शरीर त्यागेर नयाँ भौतिक शरीर धारण गर्छ तर आत्मा, परमात्माको अंश भएकोले अजर, अमर र शाश्वत छ । यसलाई न कुनै

शस्त्रअस्त्रले काट्न सक्छ न अग्निले जलाउन सक्छ न पानीले गलाउन सक्छ न वायुले सुकाउन सक्छ" भन्दै गीतामा भनिएको छ –

**"वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोपराणि ।**
**तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ।।**
**नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।**
**न चैनं क्लेदयन्त्यापो न शोषयति मारूतः ।।"**

*श्रीमद्भगवत् गीता, २।२२।२३।।*

आत्मा, परमात्माको अंश भए तापनि यी दुबै बीच ठूलो अन्तर छ । परमात्मा एक मात्र छ भने जीवात्मा अनेक छन् । पवित्र आत्मा बारम्बार विभिन्न शरीरधारी जीवमा प्रवेश गर्दा आफ्नो मौलिक गुण (परमात्मासँगको सम्बन्ध) बिर्सिएर भ्रमित हुन्छ । सबै जीवले आफ्नो अस्तित्व कायम राख्न कुनै न कुनै कर्म गर्नै पर्दछ, कर्मविना जीव एक क्षण पनि रहन सक्दैन । जीवलाई कर्मअनुसारको फलको सुनिश्चितता परमात्माबाट प्राप्त हुन्छ । जीवले जस्तो कर्म गर्‍यो त्यस्तै फल पाउँछ । यसैकारण यस जगत्लाई कर्मभूमि भनिन्छ भने पृथ्वीदेखि माथिका लोकहरूलाई पुण्यभूमि भनिन्छ । कर्मको फल जीवात्माले यस लोकमा वा परलोकमा वा दुबै लोकमा भोग्नुपर्दछ । यो शाश्वत नियम हो, यसबाट जीवात्माले छुटकारा पाउँन सक्दैन । जीवात्माले आफ्नो कर्मअनुसारको फल भोग्न मृत्युपश्चात् विभिन्न शरीर धारण गरी निरन्तर पुनर्जन्म लिन्छ भन्दै अध्यात्मले पुनर्जन्ममा विश्वास राख्दछ । पुनर्जन्मको यो चक्र त्यो बेलासम्म निरन्तर चलिरहन्छ जबसम्म जीवात्मालाई परमात्मासाक्षात्कार हुँदैन । जीवात्मालाई परमात्मा कसरी साक्षात्कार हुन्छ र पुनर्जन्मको चक्रबाट छुटकारा मिल्न सक्छ भन्ने विषयमा आध्यात्मिक विषय केन्द्रित छ । यही ज्ञान नै आध्यात्मिकताको सार हो ।

## २. विशिष्ट शब्दावली र तिनको अर्थ

प्रस्तुत लेखमा प्रयोग गरिएका केही विशिष्ट शब्द र तिनको अर्थ :

अन्तःकरण : मन, बुद्धि, चित्त र अहंकारलाई बुझाउने संयुक्त शब्द ।

आत्मा : शरीरलाई जीवित वा क्रियाशील बनाउने अदृश्य, अविनाशी, अजन्मा, परमात्माको सूक्ष्म अंश ।

इच्छा : अन्तःकरणमा उत्पन्न हुने आन्तरिक कल्पना, अभिलाषा, चाहना वा लालसा ।

इन्द्रिय : ज्ञानेन्द्रिय, कर्मेन्द्रिय र मन ।

ईश्वर : परमात्मा, परमेश्वर ।

कर्मेन्द्रिय : मुख, हात, खुट्टा, जननेन्द्रिय र गुदा ।

चित्त : मन, हृदय, दिल, विचार वा इच्छा ।

चेतना : प्राणीमा रहेको भित्री ज्ञान ।

जीवात्मा : सबै प्राणीको देहभित्र रहेको प्राण वा आत्मा ।

तन्मात्रा : इन्द्रियहरूका विषय वासनाहरू (गन्ध, रस, रूप, स्पर्श र शब्द)।

तमगुण : अहंकारयुक्त गुण ।

पञ्चमहाभूत : पृथ्वी, अग्नि, जल, वायु र आकाश (हाड, छाला, रगत, वायु र अग्नि)।

परमात्मा : निराकार, अविनाशी, अजन्मा, संसारको सृष्टि, स्थिति र संहारको कारण मानिने परब्रह्म, वर्तमान, भूत, भविष्य सबै कुराको एकमात्र ज्ञाता, सर्वज्ञ ।

प्रकृति : सत्वगुण, रजोगुण र तमोगुणयुक्त भौतिक जीवन जगत् ।

बुद्धि : सोचविचार गर्ने तथा निर्णय गर्न सक्ने मानसिक शक्ति वा ज्ञान ।

भगवान् : ऐश्वर्य, सौभाग्य, यश, धर्म, ज्ञान र विराग जस्ता छवटा तत्त्वले पूर्ण भएको अलौकिक पुरुष ।

मन : चाहना वा इच्छा परिचालन गर्ने अन्तःकरणको अदृश्य अंश ।

रजोगुण : काम, क्रोध, लोभ र मोह आदिले युक्त गुण ।

विचार : कुनै समस्या, विषय वा स्थितिबारे गहिरिएर सोच्ने काम वा मनमनै गरिने चिन्तन मनन ।

विवेक : असल खराब, सत्य असत्य, ठीक बेठीक, न्याय अन्याय आदि छुट्याउने क्रिया वा क्षमता ।

सत्वगुण : दया, क्षमा, करुणा, परोपकार, सहनशीलता, विनम्रता जस्ता असल गुण ।

साधना : कुनै अभीष्ट लक्ष्य प्राप्त गर्न एकाग्रतापूर्वक मनलाई स्थिर राख्ने क्रिया ।

सोच : कुनै विषयमा विचारमग्न हुने काम वा अवस्था ।

षट् रिपु : काम, क्रोध, लोभ,मोह, मद र मात्सर्य ।

ज्ञान : मन वा आत्मालाई हुने कुनै विषयको बोध वा ज्ञानेन्द्रियबाट प्राप्त हुने अनुभव,अनुभूति ।

ज्ञानेन्द्रिय : आँखा, नाक, मुख (जिब्रो), कान र छाला ।

## ३. आध्यात्मिकताको परिभाषा

आध्यात्मिकता व्यक्तिको मनलाई आत्मासँग जोड्ने परम ज्ञान हो । यसमा आत्म (साक्षात्कारका लागि मनलाई बुझ्ने, तालिम दिने, स्वतन्त्र छाड्ने र पुनः नियन्त्रण गर्ने अभ्यास गरिन्छ । आध्यात्मिकताले फरक फरक रूपमा रहेको शरीर, मन र आत्मा बीच आपसी सम्बन्ध स्थापित गराउँछ । वैदिक सनातन धर्मका अनुसार "आध्यात्मिकता भनेको उत्कृष्ट भावातीत अवस्था हो ।" यसले आत्माका तीन गुणहरू सत्, चित् र आनन्दलाई प्रकाश पार्छ । यसलाई छोटकरीमा सच्चिदानन्द भनिन्छ । यसको अर्थ हो अन्तिम सत्य, पूर्ण चेतना र परमानन्द । सच्चिदानन्द यस्तो अवस्था हो जहाँ मन पूर्ण चेतना (Full consciousness) मा रही परम आनन्दको अनुभूति गर्दछ । उपनिषद्हरूले आध्यात्मिकतालाई "मुक्तिको यात्राको रूपमा व्याख्या गरेका छन् । क्रिस्टनो पुचलस्कीको शब्दमा "आध्यात्मिकता मानवताको त्यो पक्ष हो जसमा व्यक्तिहरू आफ्नो मनलाई आत्मा वा अदृश्य पुरुष वा शक्तिसँग जोडिएको अनुभव गर्दछन् ।" दलाई लामाले सच्चा प्रेम, मित्रता, धैर्य, सहनशीलता, क्षमाशीलता, दायित्वबोध र मेलमिलापलाई आध्यात्मिक गुणको रूपमा परिभाषित गरेका छन् । यस्तै हिन्दू जनजागृति समितिका अनुसार "आत्मासम्बन्धी अध्ययन, अनुसन्धान र साधना नै अध्यात्म हो । " बेदर्शका अनुसार "आध्यात्मिकता जीवनको यस्तो बाटो हो, जहाँ व्यक्ति आफू आत्मासँग अथवा अरू नै कुनै अदृश्य शक्तिसँग जोडिएको अनुभूति गर्छ, जीवनको अर्थ खोज्छ, आफूभन्दा बाहेक वा आत्मामा पनि भवातीत पाउँछ, ऊ हरेक दिनका सुख र दुःखबाट टाढा रहन्छ ।" संक्षेपमा अध्यात्म मानिसलाई अन्धकारबाट प्रकाशतर्फ, असत्यबाट सत्यतर्फ, अज्ञानताबाट ज्ञानतर्फ र मृत्युबाट मोक्षतर्फ लैजाने परम सत्य ज्ञानमार्ग हो । यसैकारण अध्यात्मलाई मनको विज्ञान (science of soul) पनि भनिन्छ ।

## ४. आध्यात्मिकताको लक्ष्य वा उद्देश्य

चेतनायुक्त सबै जीवमा आहार, निद्रा, भय र मैथुन जस्ता गुणहरू समान रूपमा हुन्छन् । सबै जीव यिनकै खोजीमा लागिरहेका हुन्छन् । सुख वा आनन्द प्राप्त गर्नु सबै प्राणीको साझा लक्ष्य हो । सबै जीवले भौतिक वस्तुबाट सुख र आनन्द

चाहेका हुन्छन् । मानवमा अन्य जीवको भन्दा बढी चेतन शक्ति हुन्छ । यसैकारण उसले बढी सुखका लागि भौतिक वस्तु संकलन गरी सञ्चय गर्न जोड दिन्छ र भौतिक जगत्मा प्रभुत्व जमाउन खोज्छ । सुख, शान्ति, समृद्धि र आनन्द प्राप्त गर्नु मानवको परापूर्वदेखिको अभिलाषा हो । अध्यात्मले मानवलाई परमात्मा जस्तै सुखी र आनन्दित होस् भन्ने अपेक्षा राख्दछ । मानवजीवनको लक्ष्य पनि परमात्माको दर्शन गर्नु हो । भौतिक उन्नतिले मात्र मानवको सुखशान्तिको सपना साकार हुन सक्दैन किनकि यस्तो सुख क्षणिक र अस्थायी हुन्छ जब कि आध्यात्मिक सुख, स्थायी र असीमित हुन्छ । यसैकारण आध्यात्मिक ज्ञान विनाको भौतिक ज्ञानलाई अपूर्ण मानिन्छ । अध्यात्ममा मानवलाई दिगो शान्ति र आनन्द प्रदान गर्न नैतिक आचरणसम्बन्धी शिक्षा प्रदान गरी अनुशासित र चरित्रवान् बनाइन्छ । इन्द्रियलाई नियन्त्रण गर्न तालीम दिइन्छ र वास्तविक ज्ञान प्रदान गर्न भौतिक जगत् र वस्तुप्रति वितृष्णा जगाई मनलाई शून्य अवस्थामा पुऱ्याइन्छ । जब व्यक्ति सबै प्रकारका भौतिक तृष्णा परित्याग गरी ईश्वरको दर्शनको लागि एकाग्रतापूर्वक मनलाई शून्य अवस्थामा राखी स्थिर भई ध्यान, योग वा साधना गर्दछ तब उसलाई आध्यात्मिक शक्ति प्राप्त हुन्छ । यसपछि व्यक्तिले सुख र आनन्दको अनुभूति गर्न थाल्छ, आत्म-साक्षात्कार हुन्छ । असीमित आनन्दको अनुभूति नै ईश्वरको दर्शन हो । ईश्वरको दर्शन हुनु नै मुक्ति वा पुनर्जन्मबाट छुटकारा पाउनु हो । यही नै अध्यात्मको उद्देश्य हो ।

## ५. आध्यात्मिकताको दार्शनिक पक्ष

पृथ्वीका दुई गोलार्ध पूर्व (एसिया) र पश्चिम (यूरोप, अमेरिका) मध्ये पूर्वमा अध्यात्मको र पश्चिममा विज्ञानको विकास भएको छ । यसको पछाडि मानव मस्तिष्कको भूमिका महत्त्वपूर्ण रहेको छ । वैज्ञानिक अर्नेष्टिनका अनुसार पूर्वीय गोलार्धका मानिसहरूमा दायाँ र पश्चिमा मानिसहरूमा बायाँ मस्तिष्क सक्रिय रहेको हुन्छ । उनका अनुसार दायाँ मस्तिष्कले अध्यात्म, कल्पना, सृजनशीलता, अन्तर्ज्ञान र सँगीत जस्ता विषयहरूमा रुचि राख्छ भने बायाँ मस्तिष्कले तर्क, गणित, भाषा जस्ता विषयमा रुचि राख्छ । प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाका विषयमा गहिरो अध्ययन गरिने विद्यालाई दर्शनशास्त्र भनिन्छ । अध्यात्म, जीवात्माको आन्तरिक पक्षहरूको सूक्ष्म रूपमा अध्ययन गर्ने पूर्वीय दर्शन हो । दर्शनशास्त्रमध्ये यो सबैभन्दा प्राचीन र महत्त्वपूर्ण दर्शन हो । पाश्चात्य जगत्मा विज्ञानको उदय हुनुभन्दा पहिले भारतवर्षमा पूर्वीय दर्शनको विकास र अभ्यास भैसकेको थियो । वेद, उपनिषद्, श्रीमद्भगवत् गीता, विभिन्न दर्शन शास्त्रहरू र पुराणहरू पूर्वीय दर्शनका प्रमुख स्रोतहरू हुन् । वेद, विश्वको सबैभन्दा प्राचीन ज्ञानको भण्डार हो । यसलाई कुनै धर्ममा बाँध्न सकिदैन । यो सबै धर्मको स्रोत हो । आत्मा, परमात्मा, ईश्वर र ब्रह्माण्डको बारेमा पाश्चात्य दर्शनमा भन्दा पूर्वीय दर्शनमा धेरै विवेचना गरिएको छ । आचरणको विषयमा

वेदान्त दर्शनले विस्तृत व्याख्या गरेको छ । पाश्चात्य दर्शन भौतिक वस्तुको अध्ययन, अनुसन्धान, परीक्षण र उपयोगमा केन्द्रित छ भने आध्यात्मिक दर्शन मानवलाई परमात्मसँग साक्षात्कार गराउनमा केन्द्रित छ । यही नै अध्यात्मको दार्शनिक पक्ष हो ।

## ६. आध्यात्मिकताको क्षेत्र र महत्त्व

ब्रह्माण्डको उत्पत्तिदेखि मानवको सृष्टिसम्म र जीवात्माको गर्भाधान पूर्वदेखि मृत्युपर्यन्तको अध्ययन र विश्लेषण गर्ने विषय भएकोले आध्यात्मिकतालाई कुनै निश्चित क्षेत्रमा सीमित गर्न सकिदैन । यसको क्षेत्र असीमित छ । आध्यात्मिकताले मानवलाई सार्थक जीवन यापन गर्न अनुशासन, सदाचार, अहिंसा, शान्ति, सद्भाव, सहनशीलता, समानता, करुणा, धैर्य, विश्वबन्धुत्व, परोपकार जस्ता मानवीय मूल्य मान्यताको शिक्षा प्रदान गर्दछ । अध्यात्मले हाम्रो दैनिक जीवन शैलीलाई सहजीकरण गर्दै जीवनलाई सन्तुलित र अनुशासित बनाउन, आफ्नो घर परिवारलाई सुखी र व्यवस्थित तुल्याउन, आफ्नो आचरण र व्यवहारमा सुधार गरी समाज र अरूका अगाडि मर्यादित बन्न, खानपिनमा सुधार गरी स्वस्थ्य र निरोगी हुन, अरूको सेवामा क्रियाशील हुन,जीवनमा आइपर्ने समस्या अथवा विघ्न-बाधाहरूलाई संयमपूर्वक समाधान गर्न,आफूभित्र अन्तर्निहित शक्ति र क्षमताको पहिचान गरी त्यसको सही रूपमा उपयोग गर्न अभिप्रेरित गरिरहेको हुन्छ । आध्यात्मिक उन्नतिले जीवनलाई भयरहित, ऊर्जावान् र आनन्दमय बनाउँछ । यसले नैतिकतामा आधारित चरित्रवान् आदर्श नागरिक उत्पादनमा जोड दिन्छ । सदाचार अध्यात्मको मूल मन्त्र हो । तर वर्तमान समयमा आध्यात्मिकतालाई शिक्षाको मूलधारबाट बाहिर राख्दा सामाजिक विकृतिको विकास र मानिसबीच आपसी द्वन्द्व चलिरहेको छ । 'बाँचौं र बचाऊँ' भन्ने भावना मर्दै गएको छ । विश्वमा बढ्दो हिंसाका घटनाले मानव सभ्यतामा नै संकट उत्पन्न हुन थालेको छ । चोरी, हत्या, हिंसा, आतंक, अपहरण, दुर्व्यसन र भ्रष्टाचार जस्ता घटनाहरूबाट समसामयिक विश्व आक्रान्त छ । जबसम्म व्यक्तिको चरित्रमा सुधार आउँदैन तबसम्म समाजमा शान्ति, सुव्यवस्था चुनौतीपूर्ण हुने तथ्यलाई वर्तमान विश्वले स्वीकार गरी अध्यात्मलाई आत्मसात् गर्न थालेको छ । अध्यात्मले मानवलाई सदाचार, शान्ति, सद्भाव, मानवीय सहयोग, अहिंसा आदिको पथमा लाग्न सधैँ उत्प्रेरित गर्ने भएकोले यसलाई वर्तमान समयमा मनोविज्ञान, स्वास्थ्य, शिक्षा, राजनीति, कला र अर्थशास्त्र जस्ता विविध क्षेत्रमा सफल रूपमा प्रयोग गर्न थालिएको छ । विश्वको प्राचीन ज्ञानको भण्डारको रूपमा रहेका वेद, उपनिषद् र श्रीमद्भगवत् गीता तथा वैदिक साहित्य, युरोप, अमेरिका, चिन आदि मुलुकका विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धानको थालनी हुनुले पनि यसको महत्त्व र क्षेत्र दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

## ७. धार्मिक आस्थाको साझा स्रोत

अध्यात्ममा ईश्वरप्रति गहिरो आस्था एवं विश्वास गरिन्छ । देश, काल र परिस्थितिअनुसार ईश्वर (परमेश्वर)लाई फरक फरक भाषामा भिन्न भिन्न नामले सम्बोधन गरिए तापनि सबै धर्मावलम्बीले ईश्वरलाई समानरूपमा स्वीकार गरेका छन् । हिन्दूहरू परमेश्वरलाई ईश्वर, परमात्मा, ब्रह्मा, सदाशिव, परब्रह्म र विराट् पुरुष आदि नामले पुकार गर्छन् भने मुस्लिमले अल्लाहलाई, क्रिश्चियनले प्रभु यशुक्रिष्टलाई र बौद्ध धर्मावलम्बीले गौतम बुद्धलाई भगवान्को स्वरूप मान्दछन् । ईश्वरलाई जुनसुकै नामले पुकारे पनि परमेश्वर (ईश्वर) एउटै रहेको र उहाँबाट नै सम्पूर्ण ब्रह्माण्डको सृष्टि र संचालन भएको कुरामा सबै धर्म एकमत छन् । यस्तै सबै धर्मले ईश्वर (परमेश्वर) लाई अनादि, अनन्त, अक्षर र निराकार बताएका छन् । सबै धर्मावलम्बीको अन्तिम गन्तव्य पनि एउटै छ । कसैले यसलाई 'प्याराडाइज' भन्छन् भने कसैले 'हेभेन', कसैले 'स्वर्गलोक',' देवलोक,' 'ब्रह्मलोक' वा 'वैकुण्ठधाम' भन्दछन् । सबैले ईश्वर नै परम सत्य र सबैको साझा हो भन्ने कुरा स्वीकार गर्दछन् । तर विभिन्न धर्मका उपासना, विधि, संस्कार र परम्परा भने अलगअलग छन् । धर्मको प्रचार गर्ने महर्षि,धर्मदूत, धार्मिक नेता र विद्वान्का फरकफरक व्याख्याले धार्मिक भिन्नता विकास भएको पाइन्छ । यस प्रसङ्गमा स्वामी विवेकानन्दको भनाइ निकै सान्दर्भिक छ "मानव मस्तिष्कमा शान्ति र खुसी छाउनु नै सबै धर्महरूको लक्ष्य हो । मलाई हिन्दूप्रति दया लागेर आउँछ जसले येसु क्राइस्टमा सुन्दरता देख्दैनन् । मलाई क्रिश्चियनप्रति पनि दया लाग्छ जो हिन्दू क्राइष्ट (महर्षि) मा विश्वास राख्दैनन् ।"

अध्यात्म, सम्पूर्ण मानव जातिको लागि सार्थक जीवन जिउने परम ज्ञान हो । पूर्वीय दर्शनको वेद, उपनिषद् र श्रीमद्भगवत् गीतामा उल्लिखित ज्ञानलाई बाइबल, धम्मपद, त्रिपिटक, कुरान आदि धर्मशास्त्रहरूले विभिन्न ढङ्गले व्याख्या गरी नैतिक शिक्षा र उपदेशहरू दिएका छन् । सबै अध्यात्मिक ग्रन्थको उद्देश्य मानवमा प्रेम, आनन्द, खुसी, दया, शान्ति, मानवीय सेवा तथा आपसी सद्भावको प्रवर्द्धन गर्नु रहेको छ । यी उद्देश्य प्राप्त गर्न सबै धार्मिक ग्रन्थहरूले व्यक्तिलाई आफ्ना चाहनाहरू नियन्त्रण गर्न जोड दिएका छन् । हिन्दू र बुद्ध धर्मले शान्ति र अहिंसाको सन्देश प्रवाह गरेका छन् भने मुस्लिम धर्मले दया र क्रिश्चियन धर्मले क्षमा,परोपकार र दीनदुःखीको सेवा गर्ने सन्देश प्रवाह गरेका छन् । **'अहिंसा परमो धर्मः', 'वसुधैव कुटुम्बकम्' 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः, सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।'** अर्थात् अहिंसा सबैभन्दा ठूलो धर्म हो, यस धरतीका सबै मानिसहरू एउटै परिवारका सदस्य वा कुटुम्ब हुन्, सबै मानिस सुखी र निरोगी होऊन्, कसैले पनि नराम्रो कुरा श्रवण गर्न नपरोस्, कसैलाई कुनै प्रकारको दुःख कष्ट नहोस् भन्ने पूर्वीय दर्शनलाई

सबै धर्मले आत्मसात् गरेका छन् । इस्लाम धर्मको कसैलाई पनि "जिब्रो वा हातले हानि पुऱ्याउनु हुँदैन" भन्ने उपदेश, इसाई धर्मको "अरूलाई हानि हुने कुनै पनि काम गर्नु हुँदैन" भन्ने उपदेश र बुद्धधर्मको "पञ्चशील" (हिंसा नगर्नु, भूठो नबोल्नु, चोरी नगर्नु, व्यभिचार र मद्यपान नगर्नु) तथा "अष्टाङ्ग मार्ग" (सम्यक् दृष्टि, सम्यक् स्मृति, सम्यक् वचन, सम्यक् संकल्प, सम्यक् व्यायाम, सम्यक् समाधि, सम्यक् आजीविका र सम्यक् प्रयास) सनातन धर्मबाट नै लिइएको हो । ज्ञानका दृष्टिले हाम्रो सनातन हिन्दूधर्म अन्य धर्मभन्दा व्यापक छ । यसले **"परोपकार पुण्याय पापाय परपीडनम्"** भन्ने उच्च धार्मिक शिक्षा दिदै **"ॐ द्यौः शान्तिरन्तरिक्ष शान्तिः पृथ्वीः शान्तिरापः शान्ति रोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्व शान्तिः, शान्तिरेव शान्तिः सामा शान्तिरेधि ॥ ॐ शान्तिः शान्तिः शान्तिः ॥"** भन्दै विश्व शान्तिको कामना गर्दछ । यसप्रकार सबै धर्मका धार्मिक तथा नैतिक उपदेशहरू मानवका लागि उपयोगी र कल्याणकारी छन् । अध्यात्ममा कुनै जाति, धर्म,वर्ण, लिङ्ग आदिको भेदभाव हुँदैन । यसकारण अध्यात्म सबै धर्मको साझा स्रोत र सम्पत्ति हो ।

## ८. अलौकिक शक्तिको स्रोत

आध्यात्मिकताले आध्यात्मिक ऊर्जा उत्पादन गर्छ । ऊर्जा भनेको शक्ति हो । जसरी प्रकाशले अन्धकार हटाउँछ त्यसरी नै आध्यात्मिक शक्तिले मानिसको मनमा उत्पन्न हुने काम, क्रोध,लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, राग, द्वेष, र अहंकारलाई हटाई मनलाई शान्त र पवित्र बनाउँछ, चित्तलाई शुद्ध गर्छ । आध्यात्मिक ऊर्जाको स्रोत परमात्मा हो जुन मानव हृदय र मस्तिष्कमा प्रचुर मात्रामा रहेको हुन्छ । यो ऊर्जा सूक्ष्म र अदृश्य हुने भएकोले यसलाई मापन गर्न सकिँदैन । आध्यात्मिक ऊर्जाले नै मानिसलाई अनन्त सुखशान्ति र आनन्द प्रदान गर्दछ । ध्यान, योग, प्रार्थना र भक्ति आध्यात्मिक शक्ति उत्पादन गर्ने प्रमुख साधन हुन् । आध्यात्मिक शक्ति उत्पादन गर्न व्यक्तिको अन्तःकरणमा रहेको मनको अहं भूमिका रहेको हुन्छ । तर भौतिक वस्तुको उपभोगमा लागेको मनलाई नियन्त्रण गर्न भने त्यति सहज हुँदैन । मन नियन्त्रण नभएसम्म साधना गर्नुको कुनै अर्थ रहँदैन । मनलाई शून्य अवस्थामा राखी एकाग्रतापूर्वक ध्यान वा योगसाधना गर्दा शरीरमा एक किसिमको कम्पन वा मस्तिष्कमा प्रकाशमय विद्युतीय तरङ्गको अनुभव हुन थाल्छ । यही तरङ्ग नै आध्यात्मिक ऊर्जा हो । ध्यानयोगको निरन्तर अभ्यासबाट असीमित आध्यात्मिक ऊर्जा प्राप्त हुन्छ । आध्यात्मिक ऊर्जाले सुख तथा आनन्दमा गुणात्मक वृद्धि हुन्छ । यसबाट नै व्यक्तिको तेस्रो आँखा खुल्छ, आत्म-साक्षात्कार हुन्छ । आत्म-साक्षात्कार हुनु नै ईश्वरको दर्शन र परम आनन्दको अनुभूति हुनु हो । यसप्रसंगमा अध्यात्म मनको अभ्यास गराउने वैज्ञानिक प्रयोगशाला हो । हाम्रा वैदिककालीन ऋषिमुनिहरूले

ध्यान, योग र भक्तिद्वारा अपार शक्ति र ज्ञान प्राप्त गरेको कुरा पुराणहरूमा वर्णित छ ।

## ९. शरीर, आत्मा, मन, इन्द्रिय र बुद्धिको अन्तःसम्बन्ध तथा अन्तर्क्रिया

शरीर र आत्माबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । शरीर, आत्माविना संचालन हुन सक्दैन । शरीर संचालन गराउने अदृश्य शक्ति नै आत्मा हो । यो परमाणुभन्दा सूक्ष्म हुन्छ । यसलाई कुनै संयन्त्रले मापन गर्न र भौतिक आँखाले देख्न सकिदैन । जीवात्मामा अहंकार, बुद्धि र प्रकृतिका गुण अव्यक्त अवस्थामा रहेका हुन्छन् । जीवको शरीरभित्र आत्मा प्रवेश गरेपछि मात्र शरीरले काम गर्दछ । आत्मा मनको समीपमा रहेको हुन्छ । आत्माले जीवात्माका मनमा उत्पन्न हुने चाहनाहरूलाई पूरा गरिदिने उद्देश्यले इन्द्रियहरूलाई क्रियाशील गराउँछ । आत्माको कुनै अभीष्ट हुँदैन । यो अन्तर्यामी हुन्छ तर सर्वज्ञ हुँदैन । यसको कर्मक्षेत्र भौतिक शरीर हो । आत्मा परमात्माको अंश भए तापनि मनको मिथ्या अहंकारले गर्दा प्रकृतिको प्रभावमा पर्दछ । आत्मा, मन र बुद्धिबीच तादात्म्यता रहेको हुन्छ । मन इन्द्रियको घेराभित्र हुन्छ । आत्मालाई मनले वशमा पारेको हुन्छ भने मन इन्द्रियहरूको वशमा परेको हुन्छ । इन्द्रियहरू अत्यन्त शक्तिशाली हुन्छन् । यी सधैं कामवासनाप्रति लालयित हुन्छन् र तन्मात्राद्वारा भोग गर्ने इच्छा गरिरहेका हुन्छन् । मन अत्यन्त चञ्चल, अस्थिर एवं वेगवान् हुन्छ । उसका चाहना वा कल्पना असीमित हुन्छन् । मनका इच्छा पूरा गर्ने वा नगर्ने भन्ने विषयमा बुद्धिको निर्णय अन्तिम हुन्छ । बुद्धिले निर्णय लिँदा विवेक र ज्ञानको सहारा लिन्छ । मनका इच्छा पूरा नहुँदा नैराश्य र ईर्ष्या उत्पन्न हुन्छ । ईर्ष्याले अहंकार जगाउँछ । अहंकारले बुद्धि नाश गराउँछ । आत्मा अन्तर्यामी हुने भएकाले मनमा उत्पन्न हुने सबै चाहना वा विचार उसलाई ज्ञात भैरहेको हुन्छ । जब बुद्धिबाट मनका चाहनालाई पूरा गर्ने आदेश मिल्छ तब आत्माले मनका चाहना कार्यान्वयन गर्न शरीरका इन्द्रियलाई परिचालन गर्दछ । मनको इच्छा पूरा गर्ने क्रममा जीवलाई सफलता वा असफलता जेसुकै मिले पनि आत्मा निर्दोष भई सबै काम कुराहरूको साक्षीको रूपमा बसेको हुन्छ किनकि उसमा कुनै तृष्णा हुँदैन । यही नै शरीर, आत्मा, मन, इन्द्रिय र बुद्धि बीचको अन्तरसम्बन्ध र अन्तरक्रिया हो । कठोपनिषद्मा मनुष्यको शरीरलाई रथसँग तुलना गरी शरीर, आत्मा, मन, इन्द्रिय र बुद्धिको सम्बन्धलाई यसरी प्रस्ट्याइएको छ :-

**'आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।**
**बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च ॥**

**इन्द्रियाणि हयानाहुर्विषयांस्तेषु गोचरान् ।**
**आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः ॥ '** कठो ।१।३।३

अर्थात् शरीर रथ हो, आत्मा रथको स्वामी अथवा रथी हो, बुद्धि सारथि हो, मन लगाम हो । इन्द्रियहरू घोडा हुन् । स्पर्शादि (रस, रूप, गन्ध, स्पर्श र शब्द) विषय नै रथ दौडने खुला मैदान हो । शरीर, इन्द्रिय तथा मनले युक्त आत्मा भोक्ता मात्र हो । घोडाले रथ तान्दछन् । रथलाई चाहेअनुसार जता पनि लैजाने काम हातमा लगाम समातेको बुद्धिमान् सारथिको हो । इन्द्रियरूपी बलवान् घोडा कामवासनाको खुला मैदानमा मनपरी दौडन चाहन्छन् । तर यदि बुद्धिमान् सारथिले घोडाको लगाम खिचेर आफ्नो वशमा राख्छ भने घोडाहरू मनपरी दौडन सक्दैनन् । घोडा त्यतैतिर दौड्छ जता लगामको सहारा हुन्छ । घोडाको लगामलाई ठीक राख्नु बुद्धिमान् सारथिको बल, बुद्धि र ज्ञानमा भर पर्दछ । यदि बुद्धिरूपी सारथि इन्द्रियरूपी अश्व संचालन क्रियामा निपुण छैन भने इन्द्रियरूपी दुष्ट घोडाहरू सारथिको वशमा नरहेर रथ, रथी र सारथिलाई ठूलो दुर्घटनामा पारिदिन्छन् । यदि सारथि विवेकी र बुद्धिमान् छ भने उसले इन्द्रियरूपी घोडालाई लगाम लगाई आफ्नो वशमा राखी गन्तव्य स्थलमा सुरक्षित लैजान्छ । यसप्रकार मनलाई वशमा राख्ने वा नियन्त्रण गर्ने काम बुद्धिको हो । यदि बुद्धिमत्तापूर्वक मनलाई नियन्त्रण गरियो भने षट् रिपुहरू हराउँदै जान्छन् र मन पवित्र हुँदै जान्छ । मनको विषयमा अमृतविन्दु उपनिषद्मा भनिएको छ :-

**"मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः ।**
**बन्धया विषयासंगो मुक्त्यैर्निर्विषयं मनः ।।"**

अर्थात् मानिसको बन्धन र मोक्षको कारण भनेको मन नै हो । इन्द्रियको विषयमा लीन भएको मन बन्धनको कारण हो भने विषयबाट विरक्त भएको मन मोक्षको कारण हो । मनमा उत्पन्न हुने काम, क्रोध, लोभ, मोह, ईर्ष्या, अहंकार जस्ता अवगुणहरू मानवका प्रमुख शत्रुहरू हुन् । यीमध्ये क्रोध सबैभन्दा नराम्रो अवगुण हो । श्रीमद्भगवत् गीताले क्रोधलाई यसरी व्याख्या गरेको छ- **"क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः । स्मृतिभ्रंशात्बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ।।"**२।।६३।। अर्थात् क्रोधले मानिसमा मोह उत्पन्न गराउँछ, मोहबाट स्मरणशक्ति भ्रमित हुन्छ, स्मरणशक्ति भ्रमित भएपछि बुद्धि नाश हुन्छ ।

## १०. अध्यात्मिक ज्ञान प्राप्ति (ईश्वर दर्शन) को मार्ग

वर्तमान समयमा विज्ञान र प्रविधिको विकासले मानवलाई अन्तरिक्षको यात्रा गर्न, विश्वको एक कुनाबाट अर्को कुनामा भ्रमण गर्न तथा कुराकानी गर्न सहज बनाउनुका साथै विश्वलाई नै नजिक बनाएको छ । विगतमा असंभव देखिएका काम अहिले संभव भएका छन् । प्रविधिको विकासले मानिसलाई धेरै विषयमा सहजीकरण गर्दै मेसिन जस्तै बनाएको छ । फोन, ट्याब्लेट, कम्प्यूटर जस्ता उपकरणको सहायताले मानिस एकातर्फ विश्व समुदायसँग साक्षात्कार हुने गरेको छ भने अर्कोतर्फ यिनको दुरूपयोगले एकाकी बन्दै समाज र परिवारप्रतिको

दायित्वबाट विमुख हुँदै गएको छ । संयुक्त परिवारको पुरानो ढाँचा लगभग समाप्त भैसकेको छ । स-साना विषयलाई लिएर सम्बन्ध विच्छेद गर्ने प्रवृत्तिले पारिवारिक संरचना तहसनहस भएको छ । विज्ञानले, भौतिक र प्रविधिको क्षेत्रमा यति ठूलो प्रगति गर्दा पनि विश्वमा न शान्ति कायम भएको छ न त मानव नै सन्तुष्ट छ । मानव असीमित चाहना राख्ने प्राणी भएकाले उसका चाहना वा आवश्यकता कहिल्यै पूरा हुन सक्दैनन् । एउटा आवश्यकता पूर्ति हुनासाथ अर्को आवश्यकता उत्पन्न हुन्छ । आफ्ना भौतिक चाहना पूरा गर्न मानिसले सधैँ संघर्ष गरिरहेको हुन्छ तर भौतिक प्रगतिले मात्र व्यक्तिको शान्ति र सुखको चाहना पूरा हुँदैन । दिगो शान्ति र आनन्द आध्यात्मिक कर्मबाट मात्र प्राप्त हुन्छ । यस तथ्यलाई आधुनिक मानवशास्त्रीले समेत स्वीकार गरेका छन् । यसैकारण आध्यात्मलाई विज्ञानभन्दा माथिल्लो श्रेणीमा राखिएको हो । परन्तु भौतिक वस्तुको उपभोगबाट प्राप्त हुने सुखलाई जीवनको परम लक्ष्य ठान्ने व्यक्तिका लागि अध्यात्मिक मार्ग कठिन छ । विज्ञानले मानिसलाई सुखी र आनन्दित बनाउन भौतिक वस्तुको खरिद र सेवाको उपयोगलाई जोड दिन्छ भने अध्यात्मले व्यक्तिको अन्तःकरणमा अदृश्य रूपमा रहेका इन्द्रियहरूको सही उपयोगमा जोड दिन्छ । विज्ञान र अध्यात्मबीचको अन्तर पनि यही हो । वर्तमान समयमा विज्ञान र प्रविधिलाई अलग राखेर केवल अध्यात्मबाट मात्र जीवन यापन गर्न संभव देखिँदैन । तसर्थ भौतिक कार्य गर्दा विज्ञान र प्रविधिको प्रयोगका साथसाथै आध्यात्मिकतालाई कुशलतापूर्वक संयोजन गर्नुपर्दछ । यसो गर्न सकेमा मानव जीवन सफल हुन्छ । संक्षेपमा अध्यात्मिक ज्ञान (ईश्वर दर्शन) का मार्गहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

## १०.१. सकारात्मक सोच

नकारात्मक सोच, खराब आचरण, ईर्ष्या, अहंकार, अनियन्त्रित इन्द्रिय र तामसी भोजन आदि आध्यात्मिक मार्गका बाधक तत्त्वहरू हुन् । मानवमनमा रहेका यी नकारात्मक धारणाले सकारात्मक सोचलाई हुर्कन दिदैनन् । तसर्थ मनमा उत्पन्न हुने नकारात्मक धारणा परित्याग गरी सकारात्मक संकल्पका साथ अगाडि बढ्नु पर्दछ । सकारात्मक रूपमा अगाडि बढ्दा विभिन्न बाधा व्यवधानहरू आफै हटेको महसुस हुन थाल्छ । परमात्माको दर्शन गर्न सर्वप्रथम परमात्माको अस्तित्व स्वीकार गर्नुपर्दछ । परमात्माको अस्तित्व स्वीकार नगरेसम्म ईश्वरप्रति मनमा भक्तिभाव जागृत हुँदैन । विनाभक्ति ज्ञान प्राप्त हुँदैन । तसर्थ आत्म-साक्षात्कारका लागि सकारात्मक सोच र दृढ संकल्प प्रथम पाइला हो ।

## १०.२. धार्मिक आचरणको अनुसरण र सत्संग

समाजमा नैतिक दृष्टिले राम्रो मानिएको व्यक्तिको व्यवहारलाई आचरण भनिन्छ । चरित्र मानिसको सबैभन्दा ठूलो सम्पत्ति हो । मानव जीवनमा धन सम्पत्ति आउने

जाने क्रम निरन्तर चलिरहन्छ तर चरित्रको क्षति भने अपूरणीय हुन्छ । यसैकारण आध्यात्मिकतामा नैतिकता र धार्मिक आचरणलाई निकै महत्त्व दिइन्छ । तैत्तिरीयोपनिषद् शिक्षावल्लीको **"सत्यं वद, धर्मं चर, स्वाध्यायान्माप्रमदः। आचारस्य प्रियं धनमाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः । मातृदेवो भव,पितृदेवो भव, आचार्यदेवो भव,अतिथिदेवो भव, मातृवत् परदारेषु ॥"** अर्थात् सधैँ साँचो बोल, धार्मिक आचरण अनुसरण गर, ज्ञान आर्जन गर्नमा अल्छी नगर, सत्कर्म र धर्मपालनामा नचुक, माता, पिता, गुरु र अतिथिलाई देवतातुल्य मान, अरूका पत्नीहरूलाई माता समान मान भन्ने नैतिक शिक्षा निकै महत्त्वपूर्ण छ । यस्तै सनातन धर्मको परोपकारसम्बन्धी शिक्षा तिर्खा लागेको व्यक्तिलाई प्यास मेटाउन पानी दिनु, भोकाएको व्यक्तिलाई प्रेमपूर्वक भोजन गराउनु, कतै आश्रय नपाएको व्यक्तिलाई आश्रय दिनु, अनाथ बाल, बालिका, वृद्ध, अशक्त र दीनदुःखीको सेवा गर्नु, मन, वचन र कर्मले कसैको हत्या, हिंसा नगर्नु, चोरी नगर्नु, नारीलाई देवीका रूपमा सम्मान गर्नु, अर्काको अहित नचिताउनु, पशुपन्छीलाई आहारा दिनु, आध्यात्मिक कार्यमा लागेको व्यक्ति तथा आध्यात्मिक सन्देश दिने सन्यासीलाई दान दिनु आदि निकै महत्त्वपूर्ण छन् । इमानदारी, नैतिकता, अहिंसा, सहिष्णुता, सच्चरित्रता, मित्रता, विनम्रता, धैर्य, सहनशीलता, क्षमाशीलता, शारीरिक शुद्धता, पवित्रता, दया, करुणा, सत्यता तथा सात्विक भोजन आदि मानवका असल आचरण हुन् । मनुस्मृतिमा **"धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रिय निग्रहः । धीर्विद्या सत्यमक्रोधो दशकं धर्म लक्षणम् ।"** अर्थात् सधैँ धैर्यवान् रहनु, क्षमा गर्नु, मनलाई नियन्त्रण गर्नु, चोरी नगर्नु, शरीरलाई शुद्ध राख्नु, इन्द्रियलाई वशमा राख्नु, बुद्धिलाई ज्ञान आर्जनमा लगाउनु, विद्यालाई ईश्वरमा विलीन गर्नु, सत्यलाई स्वीकार गर्नु, कुनै प्रकारको क्रोध नगर्नुलाई धर्मका दश लक्षण मानिएको छ । यी धार्मिक लक्षणहरूलाई अध्यात्ममा उच्च आचरणको रूपमा लिइन्छ । अध्यात्ममा अगाडि बढ्न उक्त आचरणहरूलाई अनुसरण गर्नुपर्दछ । यी आचरणको पालना गर्दा मानिसलाई सफलताको शिखरमा पुग्न मद्दत मिल्छ । धार्मिक प्रवचन र सत्संगले पनि आध्यात्मिक ज्ञान आर्जन गर्न सहयोग पुग्छ । आध्यात्मिक मार्गमा सद्गुरु (परमगुरु) को आवश्यकता पर्दछ । यसैकारण वैदिक साहित्यमा **"गुरुर्ब्रम्हा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः ! गुरुः साक्षात्परब्रह्म तस्मै श्री गुरुवे नमः ।"** भनिएको छ । सद्गुरुको अभावमा सही ज्ञान हासिल गर्न र असल मार्ग पहिचान गर्न द्विविधा उत्पन्न हुन सक्छ ।

## १०.३. सदा खुसी रहने बानीको विकास

मानवजीवन दुःखमय छ । यस जगत्मा सर्वत्र सुख–दुःख, लाभ–हानि, जीवन–मरण, सम्पन्नता–विपन्नता, रोगी–निरोगी जस्ता विषमताहरू व्याप्त छन् । मनमा उत्पन्न हुने आनन्दको अनुभूतिलाई खुसी भनिन्छ । सुख र दुःख हामी भित्रै रहेको हुन्छ । मन नै सुख र दुःखको कारक हो । मनमा शान्ति सिर्जना गर्न

मनमा उत्पन्न हुने असन्तुष्ट धारणाहरूलाई परित्याग गर्नुपर्दछ । सन्तोष सुखको पर्याय हो । यसैकारण पूर्वीय साहित्यमा **"सन्तोषं परमंसुखम्"** अर्थात् सन्तोषलाई नै सबैभन्दा ठूलो सुख बताइएको छ । वर्तमान समयमा आफूसँग भएको वस्तुबाट आनन्द लिनु नै सन्तोष हो । अरूको खुसीलाई पनि आफ्नो खुसीमा परिणत गर्नुपर्दछ । वासना, लालच, ईर्ष्या, तृष्णा, अहंकार, निराशा आदि खुसीका बाधक धारणा हुन् । सन्तोष, शान्ति, संयम, समानता, निष्पक्षता, आत्मनिर्भरता, परोपकार, मित्रता, दया जस्ता गुणहरू खुसीका संवाहक हुन् ।

## १०.४. मनमा पवित्रता र शान्तिको विकास

आत्मा र परमात्माको एकीकृत आध्यात्मिक साम्राज्यमा रमाउनका लागि पवित्रता र चित्तको एकाग्रता नभई नहुने पूर्वाधार हुन् । पवित्रता वा शुद्धि दुई प्रकारका हुन्छन् । आान्तरिक र बाह्य । आन्तरिक पवित्रताभित्र ध्यान, जप, योग, भक्ति र प्रार्थना पर्दछन् भने बाह्य पवित्रताभित्र नित्यकर्म जस्तै - स्नान, शौच, दन्तधावन, स्वच्छ वस्त्र धारण र शारीरिक व्यायाम (योग) आदि पर्दछन् । मनमा शान्ति ल्याउन सत्कर्म अर्थात् असल कार्य गर्दै जानुपर्छ । सत्कर्मविना चित्त शुद्ध हुँदैन, चित्त शुद्ध नभएसम्म सन्तोष हुँदैन, सन्तोष नभएसम्म मन स्थिर हुँदैन, मन स्थिर नभएसम्म शान्ति हुँदैन । शान्तिविना सुख हुँदैन । दया,सद्भाव, स्नेह तथा मानवीय सेवा मनमा शान्ति सिर्जना गर्ने मुख्य ऊर्जा हुन् । यी ऊर्जा बजारबाट खरिद गरिने वस्तु नभई आफूभित्रै आन्तरिक रूपमा उत्पादन गर्ने गुण हुन् । जुन अनुपातमा यी गुणको विकास हुन्छ सोही अनुपातमा मनमा शान्ति छाउँदै जान्छ । मनमा शान्ति कायम राख्न यी गुणका अतिरिक्त निम्न आन्तरिक गुणहरूको विकास गर्नुपर्दछ ।

**(क) मानसम्मानबाट अलग :** आध्यात्मिक मार्गमा लाग्ने व्यक्तिले अरूबाट मान सम्मान लिने चाहना राख्नु हुँदैन । यस्तो चाहनाले व्यक्तिलाई कुनै पद वा नेतृत्वप्रति आकर्षित गराउँछ र त्यसैतर्फ डोस्याउँछ । पद वा सम्मान प्राप्त नहुँदा मनमा निराशा र ईर्ष्या उत्पन्न हुन्छन् । फलतः मन अशान्त हुन्छ । यसैकारण अध्यात्ममा भौतिक मान सम्मानलाई गौण मानिन्छ ।

**(ख) विनम्रता :** विनम्रता मानवको सुन्दर गहना हो । प्रिय वचन, शिष्टता, नम्रता, सदाचार, आदरभाव, समानता र निष्पक्षता जस्ता गुणहरूले व्यक्तिलाई महान् बनाउन योगदान गर्दछन् । यिनै गुणलाई विनम्रता भनिन्छ । आफूलाई मन नपर्ने कुनै काम, कुरा (वचन) र व्यवहार अरूलाई पनि गर्नु हुँदैन । अप्रिय वचन बोल्नुभन्दा मौन रहनु उत्तम मानिन्छ ।

**(ग) सरलता :** दैनिक जीवन शैलीलाई जति सक्यो सरल बनाउनुपर्दछ । यसका लागि खानपिन, विश्राम र लवाइमा परिवर्तन गरी सामान्य जीवन जिउने अभ्यास

गर्नुपर्दछ । सरलताले कतिपय भौतिक वस्तुको अभावमा जीवन यापन गर्न सक्ने क्षमताको विकास गराउँछ । यसैकारण ऋषिमुनि, योगी, सन्न्यासी, महान् दार्शनिक, आविष्कारक तथा वैज्ञानिकहरू सरलतामा नै रमाई जीवनलाई सार्थक बनाएका धेरै उदाहरणहरू छन् ।

**(घ) असम्मोह :** सांसारिक भौतिक वस्तुप्रति आसक्ति नहुनु असम्मोह हो ।

**(ङ) क्षमा :** अरूबाट गरिएको अपमान वा तिरस्कारलाई सहन सक्नु नै क्षमा वा सहनशीलताको गुण हो ।

**(च) सत्य :** जस्ताको तस्तै प्रस्तुत गर्नुलाई सत्य भनिन्छ, सत्य कसैलाई अप्रिय भए पनि त्यसलाई छाड्नु हुँदैन ।

**(छ) इन्द्रिय नियन्त्रण :** इन्द्रियहरू अत्यन्त शक्तिशाली र सधैं तृप्तिका लागि उत्सुक रहन्छन् । मनमा उत्पन्न हुने काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य, ईर्ष्या, अहंकार जस्ता विषय वासनाहरूले चित्तलाई पवित्र हुन नदिई ईश्वर प्राप्तिको मार्ग नै अवरूद्ध गरिदिएका हुन्छन् । तसर्थ यी वासनाहरूलाई संयमताका साथ नियन्त्रण गर्नुपर्दछ ।

**(ज) शम :** इन्द्रियलाई संयममा राखी मनलाई स्थिर बनाउनुलाई शम भनिन्छ । मनलाई अनावश्यक विचारबाट रोक्ने गुण नै शम हो ।

**(झ) अविचलन वा धैर्य :** जस्तोसुकै विपत्ति आइपरे पनि सहन सक्ने क्षमता वा गुणलाई अविचलन भनिन्छ । सुख र दुःख भौतिक जीवनका सँगै हिड्ने सहयात्री साथी हुन् । जीवनमा सुख र दुःख निरन्तर आइनै रहन्छन् र सधैँ दुःख र सधैँ सुख हुँदैन । यो आउने र जाने क्रमलाई कसैले पनि प्रतिबन्ध लगाउन सक्दैन । त्यसैले दुःखसुख दुबै अवस्थामा धैर्यमा रहनुपर्दछ ।

**(ञ) अहिंसा :** कसैलाई पनि मन, वचन र कर्मले कुनै प्रकारको हिंसा नगर्नु नै अहिंसा हो ।

**(ट) समता :** कसैलाई पक्षपात नगरी समान व्यवहार गर्ने वा निष्पक्षता अपनाउने गुण नै समता हो ।

**(ठ) तुष्टि :** आफूमा जे छ त्यसैमा सन्तुष्टि लिने गुणलाई तुष्टि भनिन्छ ।

**(ड) तप :** अधिक ज्ञानको विकास गर्न एकान्तमा बसी एकाग्रतापूर्वक गरिने ध्यान नै तप हो ।

**(ढ) दान :** गरीब, असहाय, दीन दुःखी र आध्यात्मिक ज्ञानको प्रचार-प्रसारमा लागेको व्यक्तिलाई आफूले सत्कर्मद्वारा स्व-आर्जन गरेको सम्पत्ति दिने गुण नै दान हो ।

**(ण) वैराग्य :** सांसारिक भौतिक वस्तुहरू सबै नाशवान् र क्षणिक छन् भन्ने मान्यता राखी त्यसप्रति नैराश्य आउनु वैराग्य हो । यी गुणहरूको विकास नभएसम्म व्यक्तिको तेस्रो आँखा खुल्दैन । तेस्रो आँखा नखुलेसम्म आत्म-साक्षात्कार हुँदैन ।

## १०.५. साधना वा योगको निरन्तरता

योगको वास्तविक अर्थ जीवात्मालाई परमात्मासँग मिलन गराउनु हो । आध्यात्मिक शक्ति प्राप्त गर्न विभिन्न धर्मका अनुयायीले विभिन्न साधनाहरू प्रयोग गर्दछन् । इसाई र इस्लामका अनुयायीले प्रार्थना, बुद्धधर्मका अनुयायीले ध्यान र योग तथा सनातन धर्मका अनुयायीहरूले भक्ति र ध्यानयोगको अभ्यास गरेका हुन्छन् । तसर्थ परमात्माको दर्शनका लागि विधिपूर्वक नियमित रूपमा साधना वा योगको अभ्यास गर्नुपर्दछ ।

## १०.६. मनभित्र ईश्वरको खोजी

मानवजीवन अमूल्य छ । पूर्वजन्ममा ठूलो पुण्य कर्म गरेको परिणामस्वरूप मानवजीवन प्राप्त भएको हो ।

मानव उपासना वा आराधनाका विधिद्वारा ईश्वरीय शक्ति आर्जन गर्ने सर्वोत्कृष्ट प्राणी हो । ईश्वरको कृपाविना दिव्य ज्ञान प्राप्त हुँदैन । दिव्य ज्ञानका लागि नियमित रूपमा परमात्माको आराधना गर्नुपर्दछ । ईश्वर सर्वव्यापक हुन्छ, ईश्वरको खोजीमा मठ, मन्दिर वा तीर्थस्थल जानु पर्दैन । मन्दिर वा तीर्थस्थल जानु भनेको मनलाई अध्यात्मतर्फ डोस्याउनु मात्र हो । पवित्र मन नै ईश्वर दर्शनको अधिकारी हो । चर्मचक्षुले ईश्वरको दर्शन हुँदैन । मानवहृदयमा नै ईश्वरको निवास हुन्छ । यस प्रसंगमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' नामक कविता निकै सान्दर्भिक र जीवन्त छ । देवकोटाले उक्त कवितामा मानव शरीरलाई मन्दिरसँग तुलना गर्दै मनको गहिराइमा ईश्वरको निवास हुन्छ भन्ने सत्यलाई निकै राम्रोसँग उजागर गर्नुभएको छ । हामीमा अन्तर्निहित आत्मतत्त्व नै ईश्वर हो । पवित्र मनले मात्र आत्मतत्त्व जान्न सक्छ । हामीले हाम्रो मनलाई पवित्र बनाउन सक्यौं भने हामीभित्र नै ईश्वर नाचिरहेको अनुभूति हुन्छ ।

## ११. आध्यात्मिक ज्ञानका सिँढीहरू

श्रीमद्भगवत् गीतामा ज्ञानका सिँढीहरू निम्न बताइएको छः

**"अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥**

**इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च ।
जन्ममृत्युजराव्याधिदुःख दोषानुदर्शानम् ॥**

**आसक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥**

**मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥"** १३॥८-१३॥

अर्थात् विनम्रता, निरभिमानता, अहिंसा, सहनशीलता, सरलता, सुयोग्य गुरुको संगत र शिक्षा,पवित्रता, संकल्प (दृढता वा स्थिरता), आत्मसंयम, वैराग्य, अहंकारको परित्याग, इन्द्रियतृप्तिका विषयहरू परित्याग, जन्म मृत्यु र वृद्धावस्था तथा रोगजन्य दोषहरूको ज्ञान, अनासक्ति, सन्तान, पत्नी, घर आदि कुराहरूको जञ्जालबाट मुक्ति, राम्रा र नराम्रा घटनाहरूप्रति समभाव, ईश्वरप्रति निरन्तर भक्ति,एकान्तवासको चाहना र आत्म-साक्षात्कारको महत्त्वलाई स्वीकार गरी परम सत्यको खोजी गर्नुलाई वास्तविक ज्ञान बताइएको छ । आध्यात्मिक ज्ञानका विनम्रतादेखि परम सत्यसम्मका यी सिँढीहरू क्रमशः चढ्दै जानुपर्दछ । सिँढी चढ्ने क्रममा धेरैजसो प्रारम्भिक खुट्किलामा अल्झिन्छन् भने कोही बीचसम्म पुग्न सफल हुन्छन् । सीमित व्यक्तिमात्र अन्तिम विन्दुमा पुग्न सफल हुन्छन् भन्दै यिनै ज्ञानका सिँढीहरूलाई मुक्तिमार्गका उपाय भनी श्रीमद्भगवत् गीतामा बताइएको छ :-

**"बुद्धया विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन् विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ।**

**विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ।**

**अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥"**१८॥५१-५३॥

अर्थात् जुन व्यक्ति (जो) आफ्नो बुद्धिद्वारा निर्मल भएर धैर्यपूर्वक मनलाई नियन्त्रण गर्दै इन्द्रिय तृप्तिका सबै विषयलाई त्याग गरी, ईर्ष्या, राग र द्वेषबाट मुक्त भई अल्प आहार लिँदै शरीर, मन र वाणीलाई नियन्त्रण गर्दै एकान्त स्थलमा समाधिमा बस्दछ वा जो अहङ्कार, बल, घमण्ड, काम, क्रोध, भौतिक वस्तुको सङ्ग्रह र मिथ्याभावबाट मुक्त भई शान्त छ वा जो भौतिक विषयवस्तुबाट विरक्त छ त्यो निश्चय नै आत्म साक्षात्कारको स्थितिमा पुग्दछ र

परमात्माको दर्शन गर्दै पुनर्जन्मबाट मुक्ति पाउँछ । यही नै मुक्तिमार्गको उपाय र वास्तविक ज्ञान हो । कामवासना र सांसारिक बन्धनबाट अलग रही निष्काम कर्म अर्थात् फलको आशा नराखी, निरासक्त, निराश्रित, निस्सङ्ग भै ईश्वर (परमेश्वर, परमात्मा, परब्रह्म)मा लीन हुनु नै मोक्ष हो । मोक्ष प्राप्त भएपछि जन्ममृत्युको चक्रबाट छुटकारा मिल्छ ।

## १२. आध्यात्मिकताको स्तर परीक्षण

अध्यात्ममा लागेका व्यक्तिले माथि उल्लिखित आध्यात्मिक ज्ञानका सिँढीहरू चढ्दै जाँदा आफू कुन स्तरमा पुगें अर्थात् आफूमा कति प्रतिशत आध्यात्मिक ज्ञान प्राप्त भयो भन्ने विषयमा स्वयं परीक्षण गर्न सकिन्छ भनी भारतको Spiritual research foundation ले गरेको एक सर्वेक्षणमा देखाइएको छ । उक्त सर्वेक्षणअनुसार सामान्य व्यक्तिमा अध्यात्मिकताको स्तर २० प्रतिशतसम्म हुन्छ । कर्मकाण्डअनुसार विधिपूर्वक दैनिक पूजा गर्ने, आध्यात्मिक ग्रन्थको वाचन गर्ने, तीर्थयात्रा र मठ मन्दिरमा जाने व्यक्तिहरूमा आध्यात्मिक ज्ञानको स्तर ३० प्रतिशतसम्म हुन्छ । यस्तै अध्यात्मप्रति उत्सुकता देखाउने र साधना आरम्भ गर्ने व्यक्तिमा ३५ प्रतिशत, आध्यात्मिक ज्ञानका लागि कुनै एक मार्ग अपनाई ध्यान गर्ने व्यक्तिमा ४० प्रतिशत, नियमित सत्संगमा रहन रुचि राख्ने व्यक्तिमा ५० प्रतिशत आध्यात्मिकताको स्तर हुन्छ । गुरुको कृपा प्राप्त गरी अध्यात्मिक प्रचार प्रसारमा लाग्ने व्यक्तिमा ५५ प्रतिशत, आत्म-साक्षात्कारको लागि शरीर, मन र धनको त्याग गर्न तयार व्यक्तिमा ६० प्रतिशत, आफ्नो मनभित्रबाट विभिन्न प्रश्नहरूको उत्तर दिन सक्ने क्षमताको विकास भएको व्यक्ति (गुरु बन्न योग्य) व्यक्तिमा ७० प्रतिशत, यो संसार जस्तो छ त्यस्तै देख्ने अर्थात् सबैमा ईश्वर देख्ने अवस्थामा पुगेको सद्‌गुरुमा ८० प्रतिशत, फलको इच्छा नराखी कार्य गर्ने परम गुरुमा ९० प्रतिशत र ईश्वरसँग एकाग्र हुने अर्थात् आत्म-साक्षात्कार भएको परम गुरुमा १०० प्रतिशत आध्यात्मिक ज्ञानको स्तर हुन्छ भनी उक्त सर्वेक्षणमा उल्लेख गरिएको छ ।

## सन्दर्भ-सामग्री


१. अग्रवाल, डा. जयप्रकाश, **'अध्यात्म एवं विज्ञानमा आधारित प्रवचन कार्यक्रम'** वाणगंगा समाज सुधार समिति, सहभागिता मार्ग, नयाँ वानेश्वर, काठमाडौं २०७६।५।१८

२. **अमृत विन्दोपनिषद्,** गीताप्रेस, गोरखपुर सं । २०७४

३. **आध्यात्मिक ज्ञान-विकिपेडिया** ।

४. **श्रीमद्‌भगवत् गीता यथारूप**, भक्तिवेदान्त बुक ट्रस्ट, दिल्ली,२०५४

५. **श्रीमद्भागवत महापुराण**, गीता प्रेस गोरखपुर, सं । २०६९

६. **कठोपनिषद्**, गीताप्रेस, गोरखपुर,सं । २०७४

७. **तैत्तिरीयोपनिषद्**, गीताप्रेस, गोरखपुर सं । २०७५

८. **नेपाली पद्य संग्रह**, साझा प्रकाशन भाग १, नवौं संस्करण २०५९ ।

९. **नेपाली बृहत् शब्दकोश**, नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौँ, प्रज्ञा छापाखाना, २०६०

१०. **नेपाली भजन**, एकदिन मैले प्रभुलाई सोधेँ,भजन शिरोमणि, भक्तराज आचार्य ।

११. प्रसाई, डा. देवीप्रसाद **'आध्यात्मिक ज्ञान'** (उत्पादन वितरण र उपयोग), अजीमा अपसेट प्रेस, बागबजार काठमाडौँ (सन् २०१७)

१२. पौड्याल, सुरेन्द्रप्रसाद, **वेदान्त शास्त्रको निचोड**, मञ्जु शर्मा, बानेश्वर काठमाडौँ, २०५७

१३. बोहरा, वीरबहादुर, **पूर्वीय अध्यात्म र पश्चिमा विज्ञान एक अर्काका परिपूरक** सम्बन्धी लेख, कान्तिपुर दैनिक, वैशाख २५, २०७५

ooo

**राष्ट्रिय परिचय-पत्रसम्बन्धी सूचना**

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागले सबै नेपाली नागरिकको बायोमेट्रिक पहिचान र पृथक नम्बरसहितको राष्ट्रिय परिचयपत्र वितरण गर्न विवरण संकलन कार्य शुरू गरेको र गुल्मी जिल्लामा पनि २०७६ साउन ८ गतेबाट सो कार्यक्रम सञ्चालनमा आएको हुँदा नेपाली नागरिकता प्रमाण-पत्र प्राप्त सबै व्यक्ति तथा नयाँ नागरिकता वा प्रतिलिपि लिन, राहदानी बनाउन वा अन्य सेवाका लागि यस कार्यालयमा आउने नागरिकले राष्ट्रिय परिचय-पत्र एकाइमा सम्पर्क गरी राष्ट्रिय परिचय-पत्रको लागि विवरण दर्ता गराउनुहुन अनुरोध छ । विस्तृत जानकारीका लागि जिल्ला प्रशासन कार्यालय, गुल्मी (कोठा नं. ६ वा फोन नं. ०७९-५२०८३३) मा सम्पर्क राख्नुहोला ।

**जिल्ला प्रशासन कार्यालय**
**तम्घास, गुल्मी**

# कोरोना

✍ **शारदा पन्थी खनाल**
**क्याम्पसरोड, तम्घास, गुल्मी**

आफै मृत्यु बनेर आयो कोरोना आफै मानवको गुरु
हात मुख धुन सिकायो हाम्रो चेतना हुँदैछ बल्ल सुरू
धेरै काम बिगास्र्यो आज यसले केही सिकाइदियो
शुत्रु धेर मिल्यो कि निल्यो सहजै भन्ने देखाइदियो ।

आयो शक्ति अदृश्य भक्ति उसकै गर्दै छ रे मानव
विश्वयुद्ध चल्यो ढल्यो जन रूँदै हाँस्दै छ रे दानव
धन् मान् शान घमण्ड रैछ भनी के गर्दै परीक्षा हिंड्यो
पूरा छन् हतियार बुद्धि बलका विज्ञानसँग भिड्यो ।

सानोलाई हुँदैन हेप्न भनी यो सन्दश ली दौडियो
गर्‍यो मन्थन क्यै नछोडी धरती अमृतमा पौडियो
कैयौं युग बिते जिते भुसुनाले युगान्तकारी बनी
अर्को सृष्टि पाएर हामी जनले लड्दै छौं ऐले पनि

छुट्टै नाम थियो रे काम उही हो उस्तै छ रे लक्षण
धर्म कर्म नरहे मान्छे मासिन लाग्दैन केही बेर
यौटै ईश्वरले रचेका प्राणि जल थल जगत्का धनी
बाँच्ने हक समान चाहिन्छ अबोला भन्दै नसके पनि ।

चेतनशील हो भने मान्छे पशुलाई मारेर खान्छ किन
आफ्नै बुद्धि गराई भ्रष्ट अहिले भोग्नुपर्‍यो दुर्दिन
जस्को लागि छ कालो दिन रात उड्दै गरेकी चरी
चमेरो जब खाएथ्यो मानवले लाखौं गए ज्यान मरी ।

ढुक्नी भुक्नी रहेन बाँकी उड्नी गुड्नी सबैको मासु
महामारी आयो रूवायो दुनियाँ लायो यिनैको आँसु
पन्छी पिन्जरामा थुनियो खोरमा दाम्लो भरी चौपाया
हत्या हिंसा कठोर हुन्छ यिनलाई गर्दैन मान्छे माया ।

बिहान उठी न्वाइधोइ छोडियो सब नित्य कर्म पनि
मान्छे नैतिकहीन भो प्रकृति नै आयो कोरोना बनी

सारा यो दुनिया राखेर मुठिमा ब्रह्माण्ड ताक्नेहरू
आफ्नै हात देखेर त्रसित भई रोए धुरूमा धरू ।

हाम्रै सभ्यता नै रहेछ गतिलो पूर्वीय त्यो दर्शन
काँचो र कचिलो जुठो बासी खाना हुँदैन रैछ खान
सत्य धर्म नछोड्नु कर्म जति नै आपत् परेमा जब
तथ्य सावित हुन्छ कि प्रकृतिले लैजान्छ कता अब ।

ढोका खोल्न हुँदैन काल उभियो बाँचौला भित्रै बसे
हार्ने छैन विज्ञान मर्छ कोरोना भेटौंला भोली बाँचे ।

ooo


**उपभोक्तावर्गमा अनुरोध**

**पानी जीवन हो, यसको उचित सदुपयोग गरौं ।**
**अरूलाई पनि पानीको आवश्यकता पर्दछ–त्यसैले थोपा पनि खेर नफालौं ।**
**पानी जम्मा गरेर प्रयोग गर्ने बानी बसालौं ।**
**पानीको चुहावट नियन्त्रणमा समितिलाई सहयोग गरौं ।**

**तम्घास बृहत् खानेपानी उपभोक्ता समिति**
**रेसुङ्गा नगरपालिका–१, तम्घास, गुल्मी**

**कोरोना संक्रमणबाट आफू बच्न र अरूलाई बचाउनको लागि नगरवासीमा हार्दिक अनुरोध**

- अति आवश्यक काम नपर्दासम्म घरबाहिर ननिस्कौं तथा यात्रा नगरौं । भीडभाड नगरौं र नजाऔं । सभा, समारोह, भेला, भोजभतेरलगायतका मानिस जम्मा हुने कार्यहरू हाललाई स्थगित गरौं।
- भेट हुँदा नमस्कार गरौं, हात नमिलाऔं तथा अंकमाल नगरौं ।
- मास्कको प्रयोग अनिवार्य रूपमा गरौं र गर्न लगाऔं ।
- साबुन पानीले पटक पटक मिचीमिची हात धोऔं वा गुणस्तरीय सेनिटाइजरको प्रयोग गरौं।
- ज्वरो आएमा, श्वास फेर्न अप्ठ्यारो भएमा वा घाँटी दुखेमा, स्वाद वा गन्ध थाहा पाउन नसक्ने भएमा, रूघा खोकी जस्तो लक्षण देखिएमा स्वास्थ्य संस्थामा गई जाँच गरी उपचार गराऔं, समुदायमा यस्ता लक्षण देखिएका व्यक्तिहरू कतै देखिएमा नजिकैको स्वास्थ्य संस्थामा जान भनौं र आवश्यक परेमा सहयोग गरौं ।
- गलत हल्लाको पछि नलागौं । सबै जना सतर्क र जिम्मेवार होऔं । कोरोनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

**रेसुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गुल्मी**

# तमाखु

✍ **गुरुदत्त ज्ञवाली**
**शंकरनगर, रूपन्देही**

पाल्पा सानो हुँगीबाट कामको खोजीमा हिडेको ऊ कालीगण्डकी झोलुङ्गे पुल तरेर स्याङ्जाको जिमुवा हुँदै गल्याङ जान शिखरडाँडाको उकालो चढ्दै थियो । शमीको रूख पल्तिरका साहूबाले दलानको खाटमा बसेर तमाखु मिच्दै थिए, उसलाई देखेर भने, "ए सेते ! आइज एक सर्को तमाखु तानेर जालास् ।" ऊ तमाखु खाने लोभले त्यतै गयो र पेटीमा टुसुक्क बस्यो ।

साहूबाले भने-ए सेते ! त्यो आँगनको दाउराको ठुटो फक्लक्क पारिदे, मैले तमाखु सल्काउँछु । उसले दाउरा चिरेर सक्यो । साहूबाले तमाखु सल्काउँदै भने- जा त सेते गोठमा भैंसी कराएको छ, एउटो मुठो घाँस लगेर भकारामा छिरल्दे । उसले त्यो काम पनि गऱ्यो । "उ त्यो ताउलोमा एक गाग्री पानी थपेर भैंसीलाई कुँडो दे त..., अनि तमाखु खालास् ।" उसले भैंसीलाई कुडो पनि दियो । यसै गरेर साहूबाले अरू धेरै काम अह्राए, उसले सबै काम सक्यो । उता तमाखुको राग सकिएर चिलिमको आगो निभ्यो र  चिलिममा गाँजे मात्र रहेको अवस्थामा पुग्यो, साहूबाले तमाखु तान्न दिने छाँट देखेन ।

झोँक चलेर उसले भन्यो, "आमा कसम अब तिम्रो तमाखु खाए त...।" त्यहाँबाट फनक्क फर्केर ऊ गल्याङतिर जान उकालोतिर पाइला के चालेको थियो, साहूबाले भने - अभागी मोरो, यत्राबेर पर्खेर तमाखु नखाईकन जान्छ । आइज तमाखु थपेर खालास् । "पक्का हो साहूबा ?" उसले अघि भर्खरै आमा छोएर कसम खाएको कुरा बिर्सेर पुनः तमाखु खान फर्क्यो । साहूबाले भने- ज्या..., तमाखुको त भाँडै रित्तिएछ, जा जा गल्याङ गएर तमाखु किनेर ल्या.., पैसो भरे तेरै हातमा दिम्ला !

ooo

**२०७७ को विजया दशमी, शुभ दीपावली र छठ पर्वका अवसरमा सबैलाई शुभकामना ।**

- **सडकको ROW (Right of Way) कायम गरी घर निर्माण गरौं ।**
- **सडकको नाली सफा गरी थप क्षति हुनबाट बचाऔं ।**
- **सडकमा जथाभावी आफ्ना पशुपंक्षीहरू नछोडौं ।**

**गोपीराज पुन मगर**
कार्यालयप्रमुख
**पूर्वाधार विकास कार्यालय**
**गुल्मी**

# सुशासनमा दश राजधर्मको प्रासंगिकता

✍ **कविता पन्थी**
**शङ्करनगर, रूपन्देही**

## भगवान् बुद्ध

आजभन्दा करीब २६ सय वर्षअगाडि तत्कालीन कपिलवस्तु राज्यका राजा शुद्धोधन र रानी मायादेवीका छोराको रूपमा सिद्धार्थ राजकुमारको जन्म भएको थियो । बाल्यकालमा उनको नाम सिद्धार्थ गौतम थियो, पछि बुद्धत्व प्राप्त गरेपछि उनलाई गौतम बुद्ध भनियो । उनको जन्म हालको रूपन्देही जिल्लाको लुम्बिनीमा भएको थियो । उनी बाल्यकालदेखि नै शान्त, एकान्तप्रेमी स्वभावका थिए । उनको लागि राजा शुद्धोधनले कुनै किसिमको अभाव हुन नदिन विभिन्न व्यवस्थाहरू गरेका थिए । सिद्धार्थलाई कुनै पनि सुख-सुविधाले फरक पार्न सकेन । उनी छोरा राहुलको जन्मपश्चात् २९ वर्षको उमेरमा राजकीय सुख वैभव छाडेर दुःखमुक्तिको कारण खोज्न हिडेका थिए । यस घटनालाई गृहत्याग अथवा महाभिनिष्क्रमण भनिन्छ । सत्यज्ञानको खोजीको क्रममा विभिन्न ब्राह्मण गुरुबाट उनले ज्ञान लिए । नदीको किनारमा पीपलको बोटमुनि छ वर्षसम्म कठोर तपस्या गरेर ज्ञान प्राप्त गरेपछि उनलाई गौतम बुद्धको नामले चिनियो ।

गौतम बुद्धले बुद्धत्व प्राप्त गरेपछि बाँकी जीवनभर ग्राम-ग्राम, निगम-निगम, देश-देशावर पुगी धर्मोपदेश दिए । ४५ वर्षसम्म निरन्तर रूपमा बहुजनहिताय, बहुजनसुखायको लागि धर्मोपदेश दिंदै जगत्का सम्पूर्ण प्राणीहरूको उद्धारका लागि निरन्तर प्रयत्न गरे । ८० वर्षको उमेरमा कुशीनगरमा बुद्धको मृत्यु भयो । यसलाई महापरिनिर्वाण भनिन्छ ।

## गौतम बुद्धको शिक्षा

गौतम बुद्धले चतुर्आर्य सत्यबाट शुरू गरेर मानवजीवनमा सुख शान्ति ल्याउने विभिन्न उपायका शिक्षाहरू दिए । उनका शिक्षाहरू, उपदेशहरू ८४,००० धर्मस्कन्धका रूपमा त्रिपिटक ग्रन्थमा संगृहीत छन् । गौतम बुद्धको उपदेश संसारका मानिसहरूले मान्दै आएका छन् । यसको महत्त्व विश्वभर झन्झन् बढ्दै गएको छ । उनका उपदेशहरू सबै समय र समाजमा उत्तिकै सान्दर्भिक छन् ।

## सु-शासन

शासन अंग्रेजी शब्द Governance को नेपाली रूपान्तरण हो । Governance ग्रीक भाषा को शब्द Kobernoo बाट आएको हो जसको अर्थ “To Steer”

अर्थात् चलाउनु, मार्गदर्शन गर्नु भन्ने हुन्छ । तसर्थ शाब्दिक रूपमा शासन भन्नाले राज्यप्रणाली र साधनस्रोतको परिचालन र मार्गदर्शन गर्नु भन्ने बुझिन्छ । शासन शब्दको प्रयोग सर्वप्रथम Plato ले गरेको मानिन्छ । वास्तवमा सरकारले जे गर्दछ त्यो नै शासन हो । शासनप्रणालीलाई राज्यप्रणालीको जीवित मस्तिष्क, आत्मा र समस्त नेतृत्वको रूपमा लिइएको पाइन्छ । राज्यको शक्तिप्रवर्धन, वैदेशिक सम्बन्धको विस्तार, शासकीय प्रणालीको अवधारणात्मक परिवर्तन र शासकीय शैलीहरूमा भएको परिवर्तनका विविध पक्षहरूको व्यस्थापनसँग जोडिएको प्रणाली नै शासनप्रणाली हो । राज्यसँग रहेको भयशक्तिको प्रयोग गर्ने शैली नै शासन हो । सन् १९९९ मा विश्व बैंकले सुशासनको अवधारणा अघि सारेको हो । सुशासन भनेको देशमा विद्यमान व्यवस्थापकीय, कार्यकारिणी, न्यायपालिका साथै सम्पूर्ण संस्थाहरूको संयुक्त प्रयासबाट आमजनतालाई पुस्र्याउने निष्पक्ष, छिटोछरितो र सर्वसुलभ सेवा नै हो ।

सुशासनका लागि शासन व्यवस्थापनमा निम्न कुराहरूको आवश्यकता पर्दछ :

१. सहमतिउन्मुख
२. उत्तरदायित्व
३. पारदर्शी
४. जिम्मेवारी
५. समता र समावेशी
६. दक्ष र प्रभावकारी
७. कानुनको शासन
८. सहभागितामूलक

## सु-शासनको सम्बन्धमा बौद्धदृष्टिकोण

बुद्धको शिक्षा, धर्म, उपदेश, केवल आध्यात्मिक उन्नयनका लागि मात्र थिएन, उनले मानवजीवनका विभिन्न क्षेत्रहरूसँग सम्बन्धित विचारोत्तेजक अभिव्यक्तिहरू दिएका छन् । विभिन्न प्रसङ्गमा बुद्धबाट प्रकट गरिएका विचारहरूका आधारमा बुद्धको राजनीति, शासनप्रतिको सोँच, दृष्टिकोण बुझ्न सकिन्छ । चतुर्आर्य सत्य र पंचशील पालना गर्नु बुद्धधर्मका आधारभूमि हुन् । शाक्यमुनि बुद्ध धर्मगुरुभन्दा बढी शिक्षक, मनोविज्ञको रूपमा चिनिन्छन् । उनका शिक्षाले आफ्नो भाग्य आफ्नै हातमा छ भन्दै कुशल कर्म गर्न प्रेरित गरेका छन् । बुद्ध धर्मका ३ रत्न छन् - बुद्ध, धर्म र संघ जसलाई शिक्षक, शिक्षण क्रियाकलाप र समुदायको रूपमा लिइन्छ । बौद्ध नीतिशास्त्रको सामाजिक साध्य वर्णव्यवस्था तथा जातिवादको आधारमा हुने सम्पूर्ण प्रकारका शोषण, अत्याचार, अनाचार, उत्पीडन

र अन्यायलाई समाप्त गर्दै समानता, स्वतन्त्रता, बन्धुत्व तथा न्याय जस्ता मूल्यहरू स्थापित गर्नु हो । वर्ण व्यवस्थापनमा हुने शूद्र तथा महिलाशोषण हटाउन उनले भिक्षुसंघमा शूद्र र महिलालाई स्थान दिए । महिलालाई प्रव्रज्या दिएर भिक्षुणी संघको स्थापना गरे र समानता ल्याउने सिद्धान्त अपनाए ।

बुद्धको मूल सिद्धान्तमा अहिंसाबाहेक पनि धेरै कुरा रहेको पाइन्छ । धर्मको कार्य संसारको पुनर्संरचना गर्नु र सुखी राख्नु हो, संसारको उत्पत्ति तथा प्रलयको वर्णन गर्नु होइन । व्यक्तिगत सम्पत्तिको स्वामित्वले एक वर्गलाई शक्ति प्रदान गर्दछ भने अर्को वर्गलाई दुःख । समाजको हितको लागि दुःखलाई यसको कारणसहित नष्ट गर्न आवश्यक छ । संसारमा दुःखको कारण स्वार्थको लडाइँ हो । यसको समाधान आर्यअष्टागिंक मार्गको अनुसरणबाट सम्भव हुन्छ । नैतिकता जीवनको विधान हुनुपर्छ । व्यक्तिगत सम्पत्तिको सम्बन्धमा बुद्ध र आनन्दको वार्तालापबाट वस्तु तथा सम्पत्तिको अधिकार तथा स्वामित्वकै कारण सबै लोभको उत्पत्ति हुन्छ भन्ने कुराको जानकारी हुन आउँछ ।

भगवान् बुद्धले प्रजातान्त्रिक मूल्यलाई धेरै महत्त्व दिए । विभिन्न राज्यका राजा र शासनका अधिकारीलाई उनले सल्लाह दिए, कामकाज निश्चित कानुन र नियमअनुसार चल्नुपर्छ । यदि नियम र कानुन बदल्ने हो भने जनप्रतिनिधि सभा (जस्तो आज संसद छ, विधानसभा छ) त्यसमा बहस गरेर त्यहाँ मञ्जुरी हुनुपर्छ र परस्पर अविश्वासको स्थिति रहनु हुँदैन । उनीद्वारा स्थापित भिक्षु संघ र भिक्षुणी संघ दुबैको संगठन र सञ्चालन पूर्णरूपमा प्रजातान्त्रिक ढंगले हुन्थ्यो । संघको काइदा कानुन र त्यसलाई चलाउने प्रक्रियाबाट थाहा हुन्छ । ब्रिटेनमा प्रजातन्त्र आउनुभन्दा २ हजार वर्ष पहिला बुद्धले भिक्षु र भिक्षुणी संघमा प्रजातन्त्रको प्रणाली लागू गरेका थिए । संघको भाषा यो कुराको उदाहरण हो । गौतम बुद्ध चौध भाषामा दक्ष थिए तर पनि उनले सारा उपदेश त्यो बेलाको लोकभाषा पालीमा दिए, जसबाट आमजनताले धम्म बुझ्न सकून् र आफ्नो जीवनमा अपनाउन सकून् । गौतम बुद्धको शिक्षाको केन्द्रमा जातिगत भेदभाव समाप्त गरेर सामाजिक समानता स्थापना गर्नु थियो । बुद्धले बारम्बार भने- जन्मेर न कोही ब्राहम्ण हुन्छ न कोही शूद्र । मानिसको मूल्य उसको जातिबाट होइन, उसको कामबाट आँक्नुपर्छ । उनले भने कर्मबाटै मानिस ब्राह्मण बन्छ र कर्मबाट चाण्डाल, ब्राह्मण जन्मैबाट श्रेष्ठ हुन्छ भन्ने वैदिक मान्यतालाई बुद्धले पूर्णरूपमा अस्वीकार गरे । दबिएका पिछडिएका मानिस र आमजनतालाई बुद्धको शिक्षामा एक आदर्श जीवन र समाज नजर आउँछ ।

भगवान् बुद्धले आफ्नो आर्थिक, राजनीतिक विचार चम्कवत्ती सिंहनाद सुत्त र कुटदन्त सुत्तमा व्यक्त गरेका छन् । उनले भने - चोरी, हिंसा, घृणा, निर्दयता जस्ता अपराध र अनैतिक कार्यको मुख्य कारण गरीबी हो । यी अपराधलाई

सजायँ दिएर रोक्न सकिदैन । बुद्धधर्मले भौतिक उन्नतिलाई भन्दा आध्यात्मिक र मानसिक उन्नतिलाई जोड दिन्छ । तर भौतिक समृद्धिविना आध्यात्मिक र मानसिक उन्नति हुन नसक्ने कुरालाई पनि बुद्धले स्पस्ट संकेत गर्नुभएको छ । बुद्धले भन्नुभएको छ- **'जिघच्छा परमा रोगा'** अर्थात् भोक नै सबैभन्दा ठूलो रोग हो । भोको व्यक्तिले धर्मसाधना गर्न सक्दैन, शीलको रक्षा पनि गर्न सक्दैन । श्रावस्तीमा कोशल नरेश प्रसेनजितलाई उपदेश दिंदै बुद्धले भने राज्यको अर्थव्यवस्था र न्यायप्रणाली सुधार । सजाय दिने, जेलमा राख्ने र शारीरिक दण्ड दिनाले अपराध नियन्त्रण गर्न सकिंदैन । अपराध र हिंसा त भोक र गरीबीको स्वाभाविक परिणाम हो । त्यसैले जनताको सहायता गर्ने तथा उनीहरूको सुरक्षाको सर्वोत्तम उपाय गर्नका लागि स्वस्थ अर्थव्यवस्थाको निर्माण गर्नमा ध्यान केन्द्रित गर्नु उचित हुनेछ । गरीब किसानलाई खाना, बीऊ र मल उर्वरकमा तबसम्म आर्थिक सहायता दिने जबसम्म ऊ आत्मनिर्भर हुँदैन । साना व्यापारीलाई पूँजी उधारो दिनुस्, सरकारी कर्मचारीलाई पर्याप्त तलब दिनुस् । मानिसलाई बेरोजगार बनाउन बन्द गरियोस् । मानिसलाई आफ्नो व्यवसाय र धन्धा रोज्ने अवसर दिइयोस् । मानिसले जुन काम गर्न चाहन्छ, त्यसको प्राविधिक शिक्षाको व्यवस्था गरियोस् । जब मानिस आ-आफ्नो कामधन्धामा लाग्छन्, तब कसैले एकअर्कालाई दुःख दिंदैनन्, अर्थ व्यवस्थामा सुधार आउनेछ र राज्यको आम्दानी बढ्नेछ । जनतामा अमन चयन र खुसीयाली छाउनेछ । यसरी बुद्धले कानुनको समस्या बुझेर त्यसलाई सुल्झाउन भने, जसबाट समस्याको जरै समाप्त गर्न सकियोस् ।

## राजनीतिमा बुद्धको विचार

भगवान् बुद्ध भन्दछन् : जब राजनीतिज्ञ पर्याप्त प्रज्ञासम्पन्न र प्रेमभावयुक्त हुनेछन् तब उसले निर्धनता, कष्ट र उत्पीडन विषयक सत्यस्थिति बुझ्न सक्नेछ । यस्तो मानिसले शासन व्यवस्थामा यस्तो सुधार गर्न सक्छ, जसबाट धनी र गरिबको खाडल कम हुन सकोस् र अन्य मानिससँग बल प्रयोगको आवश्यकता नै समाप्त होस् । राजनीतिज्ञ र शासक एक उदाहरण बन्नुपर्छ, विलासितापूर्ण जीवन नबिताऊ, किनकि धन नै राजनीतिज्ञ र प्रजाबीचको सर्वाधिक ठूलो बाधा हो । राजनीति गर्ने मानिसले सादा जीवन बिताउनुपर्छ, आफ्नो समय मानिसको सेवामा लगाउनुपर्छ, भोगविलासमा होइन । यदि नेता स्वयं राम्रो उदाहरण प्रस्तुत गर्दैन भने ऊ मानिसको प्रेम र सम्मान कसरी आर्जित गर्न सक्छ ? शासन दण्डमा आधारित हुनु हुँदैन । चेतना जागृतिको मार्गअनुसार साँचो प्रसन्नता या आनन्द सदाशयता अथवा दयाभावमा नै प्राप्त गर्न सकिन्छ ।

राजधर्मको कुरा बुझाउँदै गौतम बुद्धले राजाले कुनै पनि निर्णय हतारमा लिनु हुँदैन भनेका छन् । खुब विचार गरेर लिनुपर्छ । यसैगरी एक अर्को प्रसङ्गमा

भगवान् बुद्धले भन्नुहुन्छ : राजाले मुद्दामा फैसला धर्मले, न्यायले गर्नुपर्छ । राग, द्वेष आदि विकारमा वशीभूत भएर होइन । कपिलवस्तुमा राजा शुद्धोधन र शाक्य वंशका मानिसलाई उपदेश दिँदै गौतम बुद्धले भने : शासन र राजनीतिमा धर्मको प्रयोग गरेर शासन व्यवस्था सुधार्न सकिन्छ र सबैलाई न्याय दिन सकिन्छ । जातक कथामा भगवान् बुद्धले राजा, आजको सन्दर्भमा राजनेता र सरकारी अधिकारीका दश कर्तव्य हुने बताएका छन्, जसलाई दश राजधर्म भनिन्छ ।

१. पहिलो कर्तव्य उदारता, विशाल हृदय र दानशीलता । शासनमा बसेको मानिसले धन सम्पतिसँग मोह नगरेर सरकारी आम्दानीलाई जनताको भलाइका लागि प्रयोग गर्नपर्छ ।

२. शील र सदाचारको जीवन जिउनुपर्छ ।

३. जनताको भलाइका लागि आफनो सुख सुविधा त्यागेर नाम र प्रसिद्धिको चक्करमा नपरेर जनताको हितमा काम गर्नुपर्छ ।

४. शासन इमान्दारी र मान्यताका साथ विना कुनै दबाब र पक्षपात चलाउनुपर्छ ।

५. सौम्य र दयालु हुनुपर्छ ।

६. सादा र साधारण जीवन, भोगविलासरहित हुनुपर्छ ।

७. कसैप्रति ईर्ष्या, वैरभाव र द्वेषबाट मुक्त हुनुपर्छ ।

८. अहिंसात्मक हुनुपर्छ । देशमा शन्तिका लागि प्रयासरत हुनुपर्छ ।

९. सहनशीलता, धैर्य र सहिष्णुताका साथ आफ्नो संयम नगुमाई दुःख सहने सामर्थ्य हुनुपर्छ ।

१०.जनताको विचारका अगाडि उसले नतमस्तक हुनुपर्छ ।

कुल मिलाएर उसले कुनै पनि यस्तो काम गर्नुहुँदैन जसबाट जनतालाई नोक्सान पुगोस् र मानिसको सुखशान्ति र एकतामा बल परोस् । महान् सम्राट् अशोकले आफ्नो शासनकालमा उपयुक्त सबै कुरा ध्यानमा राखेर शासन चलाए जसलाई सर्वोत्तम शासन मानिन्छ । यसका साथै दिघ निकायमा राजाले चतुर्ब्रह्म विहारको पालना गर्नुपर्ने कुरामा जोड दिएका छन् । चतुर्ब्रह्मविहारमा मैत्री, करुणा, मुदिता र उपेक्षा पर्दछन् । राम्रो शासन सुःशासनका विशेषताहरूलाई बुद्धले भनेका असल राजाका विशेषताहरूसँग तुलना गर्न सकिन्छ जसबाट धेरै समानताहरू देखा पर्छन् :

**जनसहभगिता**

आजको सुशासनमा जस्तै बौद्ध धर्म दर्शनमा पनि चार अगति हटाउनुपर्ने सबै धर्म र जातलाई समान व्यवहार गनुपर्ने लगायतका कुरा रहेका छन् ।

**विधिको शासन**

आजको सुशासनमा विधिलाई सर्वोपरि मानिन्छ, कोही पनि व्यक्ति कानुनभन्दा माथि नहुने र सबैले पालना गर्नु अनिवार्य मानिन्छ । यस सन्दर्भमा बुद्धका शिक्षा, उपदेश, भिक्षु विनय र भिक्षुणी विनयका कुराहरू, आर्य अष्टागिंक मार्ग, पंचशीललाई आधार मान्न सकिन्छ ।

**पारदर्शीता**

आज शासनव्यवस्थापनमा पारदर्शिता महत्त्वपूर्ण हुन्छ, त्यस्तै बौद्ध दर्शनमा पनि सम्यक् जीवन पद्धति अंगाल्नुपर्नेमा जोड दिदै पारदर्शितालाई महत्त्व दिएको पुष्टि गर्न सकिन्छ ।

**जिम्मेवारिता**

आज शासन व्यवस्थामा जिम्मेवारितालाई महत्त्व दिइए जस्तै बुद्धका उपदेशमा पनि समानतापूर्वक व्यवहार गर्नुपर्ने, मैत्री र करूणाका कुराहरूले जिम्मेवारीलाई पुष्टि गर्छन् ।

**समता/समावेशीता**

बुद्धले समता, समावेशीतामा जोड दिए, माहिला स्वतन्त्रता, समानतामा जोड दिएर सम्पूर्ण मानव एक छन् भन्ने दृष्टिकोण राखेका थिए, जुन आजको समयमा पनि सान्दर्भिक छ ।

**प्रभावकारिता/दक्षता**

आजको शासन प्रणालीमा प्रभावकारिता र दक्षतालाई महत्त्व दिइए जस्तै बुद्धले पनि शासकहरू हरेक प्रकारले दक्ष हुनुपर्ने कुरामा जोड दिनुभएको दश राजधर्ममा उल्लेख गरिएको छ ।

यसरी आजभन्दा करीब २६०० वर्ष पहिला भगवान् बुद्धले दिएका आध्यात्मिक, कुराहरू आज धर्मको रूपमा आएका छन् र सम्पूर्ण बौद्धमार्गीहरूका धर्मका कुरा भएका छन् भने बुद्धका उपदेशमा धेरै कुराहरू, समाज सुधारका कुराहरू, राजनीतिसँग सम्बन्धित महत्त्वपूर्ण कुराहरू आएका छन् जुन आज पनि सान्दर्भिक छन्, सार्वजनीन र कालजयी छन् । बुद्धका राजधर्मका कुराहरूले आजको शासन पद्धति, शासक, नेतृत्ववर्गले बहन गर्नुपर्ने भूमिकालाई राम्रोसँग उजागर गरेको छ । राजनीति गर्ने मान्छेले दानमय, त्यागमय जीवन बिताउनुपर्नेमा दश राजधर्ममा जोड दिइएको छ । जनताको भलाइमा तत्पर हुनुपर्ने, दबाबरहित

पक्षापातरहित शासन चलाउनुपर्नेमा जोड दिइएको छ । जुन आजको समयमा सु-शासनको आधार नै हो । नेतृत्व सदैव शान्ति र अहिंसाको पक्षधर हुनुपर्छ । हरेक नेतृत्व, शासकवर्ग हरहमेशा देशमा शान्तिका लागि प्रयत्नरत हुनुपर्छ । हरेक नेतृत्वले क्रान्तिबाट शान्ति नआउने कुरा बुझ्नु आवश्यक छ । सम्पत्ति संग्रह गर्ने परिपाटीले मानिसमा लोभको भावना जगाउँदछ । त्यसैले आफूले कमाएको धन सम्पत्तिबाट, लाभबाट, अवसरबाट वञ्चित भएका व्यक्तिहरूको कल्याण होस् भनेर बुद्धले दानको महत्त्वलाई आफ्नो शिक्षामा समाहित गरेका छन् । अहिलेका नेतृत्ववर्ग, प्रशासक, उच्च अधिकारीहरूले पनि दानको महिमालाई बुझेर सम्पत्ति संग्रहको प्रवृत्तिलाई त्याग्नु आजको आवश्यकता पनि हो ।

भगवान् बुद्धद्वारा निर्देशित राजधर्महरू साथै शासन र राजनीतिमा नेता, राजा र प्रशासकले गर्नुपर्ने नियमहरू पालना गर्नसके र आर्य अष्टांगिक मार्गलाई प्रयोग गर्दै सबैलाई प्रयोगमा ल्याउन निर्देशन दिई व्यावहारिक रूप दिन सके आजका राज्यहरू, शासनहरू पनि अशोकको राज्य जस्ता हुन सक्छन् । नेपालको वर्तमान परिप्रेक्ष्यमा पनि हरेक नेतृत्ववर्गले, राजनीतिज्ञले, प्रशासक, उच्च अधिकारीले बौद्ध धर्म, दर्शनको अध्ययन गरी आफ्नो व्यवहार र नेतृत्वक्षमतामा प्रभावकारी परिवर्तन ल्याउन सक्छन्, जुन आजको समयको आवश्यकता पनि हो ।

## सन्दर्भ-ग्रन्थहरूः-


- शाक्य, तीर्थरत्न, **बौद्ध धर्म र दर्शनको परिचय**, लगनटोल, काठमाडौं, बुद्धधर्म अध्ययन तथा भजनमण्डल, वि.सं. २०७३ ।
- प्रसाई, पुण्यप्रसाद, **गौतम बुद्ध, उनको जीवन र दर्शन**, काठमाडौं, डिकुरा पब्लिकेसन्स ।
- बज्राचार्य, ढुण्डबहादुर, **दीघनिकाय** (नेपाली भाषामा) वीर-पूर्ण पुस्तक संग्रहालय, गाबाहाल, ललितपुर ।
- उपाध्याय, गोकर्णप्रसाद, **शासनप्रणाली**, काठमाडौं, पिनाकल पब्लिकेसन्स, विसं २०७०, पृ ११
- डा. धर्मकीर्ति : **बुद्धका नीतिशास्त्र** (सन् २०१२) सम्यक्, प्रकाशन
- डा. आर आबेडकर : **बौद्ध धर्म और साम्यवाद**, सम्यक् प्रकाशन (सन् २००८)नई दिल्ली ।


ooo

करदाता सेवा कार्यालय तम्घासबाट प्रदान गरिने सेवाहरू

१ .व्यवसाय दर्ता : आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, २. व्यक्तिगत स्थायी लेखा नम्बर, ३. अन्तःशुल्क इजाजत नवीकरण, ४. व्यवसाय परिवर्तन, कारोबार थप र घट, ५. कर संकलन, ६. कर चुक्ता, ७. खाता प्रमाणित, ८. व्यवसाय बन्द ।

विनोदकुमार माझी (कार्यालय प्रमुख)

**करदाता सेवा कार्यालय**

क्याम्पस रोड, तम्घास गुल्मी फोन नं. : ०७९-५२००१९, ५२१०१९

- नेपालबाट दादुरा-रूबेला रोग पूर्ण रूपमा निवारण गरौं ।
- बालबालिकालाई खोपतालिकाअनुसार १५ महिनाभित्रै सबै खोप लगाऔं ।
- गर्भवती महिलालाई पहिलो गर्भमा कम्तीमा एक महिनाको अन्तरमा दुई पटक टी.डी. खोप लगाऔं ।
- पूर्ण खोप लगाऔं, बालबालिकालाई रोगहरूबाट सुरक्षित बनाऔं ।

**स्वास्थ्य कार्यालय, गुल्मी**

धेरै बचत गरौं, धेरै बाँचौं र धेरै गरौं ।

सबैमा २०७७ सालको विजया दशमी, दीपावली र छठ पर्वको मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**गुल्मी युनाइटेड**

**बचत तथा ऋण सहकारी संस्था लि.**

तम्घास, गुल्मी

**कोविड-१९ को प्रकोपबाट सुरक्षित रहौं ।**

तपाईंको धनको सुरक्षा गर्न; व्यापार व्यवसाय विस्तार गर्न; बालबालिकाको शिक्षाका लागि एनएमबी बैंक तपाईंहरूको सेवामा सदा तत्पर छ ।

NMB

**NMB BANK**

**एनएमबि बैंक**

**२०७७ सालको विजया दशमी, दीपावली र छठ पर्वको मङ्गलमय शुभकामना ।**

कोरोना संक्रमणबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

**शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि.**

तम्घास, गुल्मी

**कोरोनाको संक्रमणबाट बच्न सबै जना सतर्क र जिम्मेबार बनौं ।**

**२०७७ सालको विजया दशमीमा कोरोनाको संक्रमणबाट सुरक्षित हुन सबैलाई शुभकामना ।**

**गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र**

तम्घास, गुल्मी

**कोरोनाको संक्रमणबाट बच्न सरकारले निर्देशन गरेका सबै किसिमका स्वास्थ्य मापदण्ड पूरा गरेर मात्रै व्यापार व्यवसाय सञ्चालन गरौं ।**

**गुल्मी उद्योग वाणिज्य संघ**

तम्घास, गुल्मी

**बडा दशैं, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

---

**स्वास्थ्यसम्बन्धी मापदण्ड पूरा गरी बडा दशैं, शुभ दीपावली र छठ पर्व सकेसम्म जहाँ छौं त्यहीं मनाऔं ।**

# कृषि विकास बैङ्क लि.

तम्घास शाखा, गुल्मी

---

बडा दशैं, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना ।

**कोरोना संक्रमणबाट बच्न र बचाउन हाम्रा पर्वहरू मनाउँदा सबैले ख्याल गरौं ।**

# जिल्ला हुलाक कार्यालय

गुल्मी

---

सम्पूर्ण नेपालीहरूमा विजया दशमी र दीपावली तथा छठ पर्व २०७७ को उपलक्ष्यमा हार्दिक शुभकामना ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**सरकारी स्वामित्वको एक मात्र बैंक**

बडा दशैं, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना ।

यसपटकका चाडपर्वहरू स्वास्थ्यसम्बन्धी मापदण्ड अपनाई सीमित व्यक्तिहरूमा मात्रै मनाऔं ।

जो जहाँ छौं, त्यहीं सुरक्षित बसौं । कोरोनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

# कर्मचारी मिलन केन्द्र
## गुल्मी

अनुभव/अनुभूति

# छ वर्षमा विवाह



(यस अङ्कदेखि 'हाम्रो पुरुषार्थ'ले नयाँ स्तम्भ प्रारम्भ गरेको छ । समाजका विविध क्षेत्रका अनुभव बटुलेका व्यक्तिका विचारहरूलाई यसमा स्थान दिइनेछ । यस पटक जीवनका अनुभव र अनुभूतिका बारेमा ८७ वर्षीय हजुरआमा श्रीमती द्रौपदादेवी पन्थीसँग उहाँकी नातिनी विद्या पन्थी (आचार्य)ले गरेको कुराकानीलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ ।- सम्पादक)

**१. हजुरको नाम के हो ? हजुरको जन्म कहिले र कहाँ भएको थियो ?**

❑ मेरो नाम द्रौपदादेवी पन्थी हो । मेरो जन्म १९८९ साल चैते औंसीको दिन ठूला चेक्मीमा भएको थियो । म तुलसीराम र टीकादेवीकी माइली छोरी हुम् । दुई भाइ दाइ, चार भाइ भाइहरू, दिदी एक, बहिनी तीन गरी हामी जम्मा एघार भाइबैना थियौं ।

**२. हजुरको बाल्यकाल कसरी बित्यो ?**

❑ हामी सानामा भाइबैना कहिले मिल्ने कहिले झगडा गर्दै बाँदर बारी खेल्दै "ओरो डोरो काशी खोरो, वन पसे दाइको छोरो, यति यति सेइदे चकटे डुम" भन्दै खेल्थ्यौं । हाम्रो लेखापढी हुँदैनथ्यो । भाइबहिनीहरू हेर्न पर्दथ्यो । जुम्ल्याहा भाइहरूलाई दुई बहिनीले हेर्नुपर्दथ्यो ।

**३. हजुरको कति वर्षमा विवाह भयो ?**

❑ म चैत्रमा ६ वर्षको पुग्दा वैशाखमा विवाह भयो । गते मलाई थाहा भएन । जग्गेमा राखे पूजा गराए । सानी बालख भएर जग्गेमा घुम्दा साडी खसेर लगाउन नजानेर साडी जग्गेमै राखेर खास्टो ओढाएर घुमाए । अनि विवाह भयो तम्घासका देवीदत्त पन्थीसँग । त्यतिबेला केही थाहा भएन । नाम पनि भन्दैनथे । पछि बल्ल थाहा भयो ।

अर्को दिन घरमा गएर गाग्रीबाट पानी सारेर अरूले दिए । मेरो हातबाट लोटा खसी पानी पोखियो । यिनलाई उचाल्न गाह्रो भयो । कर्म चलाइयो । अब सानो भाँडामा दिएर नुहाउँछिन् भनेर माइला जेठाजू डिलारामले भन्नुभयो । उहाँ माइला जेठाजु हुनुहुन्छ भन्ने पनि ११ वर्षमा थाहा पाएँ । अर्को दिन माइत गएँ । वर्षदिनमा बल्ल धूरपाइलो फर्काउन घर आइयो ।

वैशाखमा वर्षदिन पुग्थ्यो तर दाइको विवाह गर्नपर्ने भएर फागुनमै दिन छोपियो ।

## ४. श्रीमान्सँग कहिलेदेखि कुराकानी गर्न थाल्नुभयो ?

❑ श्रीमान् भन्ने केही थाहा भएन । ११ वर्षसम्म माइतमा बसें । १३/१४ वर्षमा घर गर्न आइयो । त्यतिबेलासम्म भेट्न माइला जेठाजु जानुहुन्थ्यो । श्रीमान् एकचोटि जानुभएको हो । ज्वाइँ आउनुभयो भनेपछि म मूल ढोकाबाट जस्केलतिर गएर बाहिर निस्कें । १४/१५ वर्षपछि कुरा गर्न थालिए होला । हाम्रा त्यस्ता दिन थिए ।

## ५. घरपरिवारमा सम्बन्ध कस्तो रह्यो ?

❑ मेरो माइला जेठाजूले सबै कुरा अह्राउने, सिकाउने गर्नुभयो । सासू हुनुहुन्थ्यो । छ बहिनी बुहारीमा कान्छी बुहारी म । कान्छा छोरा तीन वर्षको हुँदा सासू स्वर्गेवास हुनुभएको रहेछ । सबैभन्दा धेरै माइला जेठाजूले माया गर्नुहुन्थ्यो । अनि साहिंला जेठाजूले पनि राम्रो गर्नुहुन्थ्यो । सबै जेठाजु, जेठानीहरूसँग पनि राम्रो सम्बन्ध थियो । सबैसँग मिलेर काम गर्स्यौं । राइली दिदी र मेरो एकैनासे काम गर्न जोडा मिल्थ्यो ।

## ६. तपाईं छुट्टिएर कहिलेदेखि कहाँ बस्नुभयो ?

❑ आठ सालमा हो कि सात सालमा भुलें त्यस्तै समयमा सबै छुट्टिएर अलग बस्न थाल्नुभयो । म त्यहीं पुरानो घरमा जहाँ भित्रिएकी थिएँ त्यहीं बसें । पुरानो घर उधिनढुङ्गामा पाँच रूपैयाँको ठेक्कामा ससुराले बनाउनुभएको हो । त्यो घरमा साइला जेठाजू बस्नुहुन्थ्यो । त्यहाँ भैसी पाल्ने अनि काम गर्न जान्थ्यौं । हामी बस्ने अहिलेको पुरानो घरमा हामी माथि नै बस्थ्यौं । हाम्रो घरमा २५ जनको भान्छा हुन्थ्यो ।

## ६. हजुरको छेराछोरीको बारेमा पनि बताइदिनु न ।

❑ मेरा दुई भाइ छोरा दुई बहिनी छोरी थिए । अहिले २ भैना छन् । जसमध्ये एउटा शशि पन्थी र अर्की सरस्वती अर्याल । खिमकला र सानो छोराको अल्पायुमै देहावसान भयो ।

## ७. छोराछोरीलाई हुर्काउँदाको अनुभव बताइदिनुस् न ।

❑ छुट्टिएपछि ९ सालमा छोरा चिरञ्जीवी (शशि)को जन्म भयो । श्रीमान् ज्यादै बिरामी हुनुभयो । १९ वर्षसम्म रोगले ग्रस्त हुनुभयो । छोरालाई

धरालो गर्न राइँलो भाइले आएर हुर्काए । भाइ बिहे गर्न घर गए । बिहेपछि कलकत्ता गएर मन्दिरमा पूजा गर्न चौपारीमा झोला राखेर गंगाजीमा जाँदा उर्लेर आएकी गंगाजीले बगाइन् । जेठो छोरा शशिलाई चण्डी, दुर्गाकवच, अर्गला, कौमुदी पढाएर व्रतबन्ध आठ वर्षमा गरी १० वर्षको हुँदासम्म उपल्ला तम्घास र भ्वाँग पढ्न पठायौं । ११ वर्षको भएपछि बनारस पठायौं । छोरो बनारस गएर पढेर आएपछि छोराले बिरामी बुबालाई बनारस जाउँ उपचार गर्न भनी लिएर गए । एक महिनासम्म उपचार गरेपछि बल्ल १९ वर्षमा निको हुनुभयो । यहाँ कुनै अस्पताल थिएनन् । पछि टुनिखोलामा सानो अस्पताल खुल्यो । कृष्ण कम्पाउण्डर आएर बजारमा बसेका थिए । तिनैले एउटा औषधि दिए । त्यहीं औषधि लिएर बुबा बनारस जानुभएको थियो ।

छोराको ११ वर्षमा विवाह गरिदियौं । छोरीको विवाह वैशाखमा भयो । आउँदो भदौदेखि रेडियोले १४ वर्ष नभई कन्यादान नगर्नू भन्यो । त्यसैले छोरीको विवाह १४ वर्ष पुगेपछि गरिदियौं । छोरीलाई जिम्वालको खलककहाँ दियौं । छोरालाई गोपाल (केशव) पण्डितकी छोरी लक्ष्मी अर्यालसँग विवाह गरिदिएका थियौं ।

## ८. माइतीका बारेमा केही भन्न चाहनुहुन्छ ?

❑ मेरो बालाई थरी बन्थे । थरी भन्ने ओलक (दही, केरा, तेल उठाउने) उल्का पठाउने (कोट, छत्रगञ्ज) गर्नुहुन्थ्यो । काम गरिदिने मान्छेहरू त्यसै आउँथे । उनीहरू खाना खाने तर पैसा लिंदैनथे ।

## ९. छैंठी, न्वारान, व्रतबन्ध, विवाह आदिमा हजुरलाई धेरै सम्झिन्थे, किन होला ?

मलाई यस्ता काममा धेरै रमाइलो लाग्थ्यो । साथीभाइ, दिदीबहिनी, इष्टमित्र धेरै थिए । माइतीमा पनि सबैले मलाई नै खोज्थे, केही पर्दा घरमा पनि सबैले ६ वटी देउरानी/जेठानीमा पनि मलाई नै सबैले ख्याल राख्ने, बोलाउने गर्थे । गीत गाउने, नाच्ने, पकाउने जस्ता रमाइला कामहरूमा अघि सर्थें । त्यसैले सबैले खोज्थे । छैंठीमा जम्मा हुने, भजन गाउने, नाच्ने गर्थे । बिहान उज्यालो हुँदा पैसा बाँड्ने गर्थे । अघि छैंठी गर्ने घरकाले पैसा दिन्थे तर आजकाल अरूले बाउलाई र छोरालाई पैसाका माला लगाइदिन्छन् । यस्तो थिएन पहिला, फेटा मात्र बाँधिदिन्थे र उनीहरूले पैसा बाँड्थे । परिवर्तन भएछ आजकल । एघार दिनसम्म बच्चालाई भाँग्रोमा समाउँथ्यौं । त्यसपछि एघारदिनसम्म दमाई बोलाएर

पुरानो लुगाको भोटो सिलाइन्थ्यो । नयाँ कपडा भात खुवाइमा मात्र चलनमा आउँथ्यो । छैंठीमा गाउने भजन -

**छैठादिनमा भावीले के लेख्यो नि ललाटमा**
**ढोका खोल राम भक्त आए मन्दिरमा**

जस्ता भजन गाएर रमाइलो गर्थे ।

न्वारनमा ब्राह्मण बोलाउने, दाजुभाइ जम्मा गर्ने, अरू इष्टमित्र बोलाउने, ख्वाउने गर्थे । पहिला छोरा जन्मिंदा कामी दमाईलाई गाग्री कि ताउलो कि गाईको बाच्छो कि पाडी एक न एक वस्तु दिनुपर्थ्यो । मैले छोरा जन्मिदा ३ माना पाक्ने ताउली, एक थाल, एक ताप्के, एक अम्खरा दमाईलाई दिएको याद छ । कामीलई थोरो पाडी दिएकी थिएँ ।

व्रतबन्धमा ब्राह्मण बेलाउने, पाठपूजा गर्ने, आठ वर्षमा कर्म चलाउनुपर्छ भन्ने थियो । वेद, चण्डी, रुद्री पढ्ने, होम गर्ने कार्य हुन्थ्यो । एउटा ब्राह्मणलाई गुरु गराउँथे । व्रतबन्ध गरेपछि नुहाएर मन्त्र जपेर मात्र खानुपर्छ भन्ने संस्कार थियो । मेरा गुरु गोविन्द मरासिनी, भ्याँगका हुनुहुन्थ्यो । उहाँका छोरा ऋषभदेव, मेरो छोराको गुरु र छोराको गुरुका छोरा प्रेमराज मरासिनी, मेरो नाति कोविदका गुरु हुनुहुन्छ । यसरी तीन पुस्ताले एउटै घरका गुरुलाई मान्दै आइरहेका छौं ।

विवाहमा छोराको पक्षका मान्छेहरू विवाह गर्न जन्ती गएपछि घरमा दिदीबहिनी, नातेदार जम्मा भई रोटी पकाउने, पिठो भुट्ने, हलुवा बनाउने चलन थियो । माछामासुको हाम्रो परिवारमै चलन छैन । हाम्रोमा अहिलेसम्म दिदीबहिनीले रत्यौली गाउँछन् -

**छोरीमाग्ने कलिया अघि सरन**
**कस्तो ल्यायौ ससुरा कस्तो ल्यायौ घर**
**बाबा जस्ता ससुरा दरबार जस्तो घर**
**विवाह गरेर सुख होला भनेको त दुःख रैछ छ्या !**
**त्यहीं उता छसाङछुसुङ्ग गरने मुसा हो कि छुचुन्द्रो छ्या !**

**१०. तीजमा जहाँ रमाइलो हुन्छ, उहीं पुग्नुहुन्थ्यो । कहिलेदेखि गीत गाउन यस्तो सौखिन हुनुभयो ?**

❑ हिंड्न सक्ने, गाउन सक्ने भएपछि जता जम्मा हुन्छन् उतै गई रमाइलो गर्थें। पहिले गीत गाउने डाँडामा जान छोडेर नयाँ डाँडामा गीत गउन, नाच्न

शुरू गर्‍यौं । यसो गर्दा थरीका छोरी, जहाँ छन् त्यहीं जाने हो । तिनीहरू रमाइलो गर्छन् भन्दै सबै आएर अर्को वर्षदेखि नयाँ ठाउँ नेटाखर्क डाँडामा गीत गाउन, नाच्न शुरू भई त्यो परम्परा अहिलेसम्म चलिरहेको छ ।

**यस्ता यस्ता थरीका छोरी**
**नचाउन जाने पो नाच्छन् कटले !**

भन्दै गीत गाउँथे, रमाइलो गर्थे ।

## ११. हजुरका माइतको सबैभन्दा राम्रो चलन के थियो जस्तो लाग्छ ?

❑ पुरुषहरूले फागुपूर्णिमा महिना दिन आउन बाँकी छ भन्दादेखि फागु गाउन शुरू गर्ने, विवाहका साडी, गहना लगाएर नाच्ने, एउटाले भुल्लो ओढेर धुलो खरानी उडाउने राम्रो भएकाहरू बीच । एक दिन एक जनाको घरमा रमाइलो गर्ने । अर्को दिन आराम गरी तेस्रो दिन अर्काको घरमा गएर रमाइलो गर्ने । यो क्रम पूर्णिमासम्म जारी हुन्थ्यो । अनि पूर्णिमामा रोटी पकाउने, मिठामिठा परिकार खाने, धूलो उडाउँदै, डाले गाउँदै बाटामा हिंड्ने अनि हटिया पुगेपछि राम्रा राम्रा फागु गाउँथे । जस्तै :

रसका रसका बुँदा परे महाराज
देखापति ढाल तेरा देखापति ढाल
साभन्नी हरिसाउ देखापति ढाल
नन्दका मारू खेलन जाम
उपर गुमा ए खटिया
राम जानी राम जानी सैया । ।

महिलाहरूले जनै लगाउने पूर्णिमादेखि दिदी बहिनीकोमा जम्मा हुँदै तीजका गीत गाउने, तिउरी लगाउने, कात्रा खाने गर्थ्यौं । माइतमा कमरा प्रथा खारेज भएपछि पनि काम गर्ने मान्छेहरू थिए । घरको काम लिपपोत, घाँसपात, डिंगा चराउने काम सबै गोठालाहरूले गर्थे । त्यसैले माइतमा हामीले केही गर्नुपरेन ।

## १२. सानैमा घर आउनुभयो, घरको सबैभन्दा राम्रो चलन भन्नुहोस् ।

घरमा सबै भाइ पण्डितहरू हुनुहुन्थ्यो । घरमा आउँदा वरपरका इष्टमित्र जम्मा गरेर पढाउने । घोक पारेर दुर्गा, चण्डी, वेद सबै पढ्दा/पढाउँदा आज फलानोको घरमा के रहेछ, साह्रै रमाइलो छ । के कार्य रैछ भन्ने हुन्थ्यो वरपर हिंड्नेलाई ।

कसैकोमा सप्ताह गर्दा मूल पण्डितलाई १० रूपैयाँ दाम दिन्थे । त्यसमध्ये १ रूपैयाँ उठाएर धुरी खाबामा बानेर राख्ने अनि त्यसैगरी उठाएको १० रूपैयाँ पुगेपछि ब्राह्मण बोलाएर पूजा गर्ने, खुवाउने, आएका ब्राह्मणहरूलाई रूद्री गरी टीका लगाएर जति-जति पुग्छ त्यति त्यति दिने चलन थियो । त्यो समयमा मोहोर दिंदा पनि सुपा भैं लाग्थ्यो ।

## १३. हिजोआजका मान्छेलाई पनि राम्रो र सजिलो हुने पुराना चलनका केही कुरा नछोडे हुन्थ्यो भन्ने केही कुरा छन् कि ?

❑ अघि कुट्न, पिस्न, केलाउन, लिप्न, घाँसपात गर्न पर्थ्यो र पनि आनन्द मान्दै रमाइन्थ्यो । रोपाइ गर्न गएर गह्रो पूरा हुने भएन भने पनि बासी राख्ने हैन भनी सात बजेसम्म भए पनि पूरा गरेर मात्र घर आउँथ्यौं । घरमै उब्जाएको सागसब्जी, अन्नपात खान्थ्यौं । घरैका खेतीपातीले खान पुग्थ्यो । डिंगा बान्थ्यौं । दूध, दही खान्थ्यौं । हृष्टपुष्ट भई आनन्द थियौं । रोग खासै लाग्दैनथ्यो । धेरै समय पानी नपरे मात्रै हैजा आउँथ्यो । नत्र अरू रोगहरू थिएनन् ।

आजभोलि कृषिलगायत सबै कुरामा प्रगति भएको छ तर पनि सबै जना आराम मात्रै खोज्छन् । ती प्रविधिहरू अपनाएर कृषि गर्ने, खेतीपाती गर्ने, गाउँठाउँमै बस्ने, प्रदेश नजाने, गए पनि इलम सिकेर आई घरमै उद्यम गर्ने, वरपर दाजुभाइ दिदीबहिनी सबै मिलजुली वल्लाघर, पल्लाघर सघाई घरमै परिवारका साथ बस्ने गरे हुन्थ्यो जस्तो लाग्छ । समयअनुसार परिवर्तन भए पनि आफ्नो ठाउँमै बसी सहज रूपमा उपकरणका नयाँ तरिका अपनाउँदै आफ्नो रहनसहन, रीतिरिवाज, धर्म संस्कार, संस्कृति जोगाउँदै गए हुन्थ्यो जस्तो लाग्छ । घाँस काट्न मेसिन, मुइँ पार्न मेसिन, बारी जोत्न टेक्टर आएका छन् । यस्तै नयाँ प्रयोग गरी सहजताका साथ आफ्नो खानपिनको लागि आफै उत्पादन गर्ने, सबै कुरामा अरूको भर नपरेहुन्थ्यो जस्तो लाग्छ ।

## १४. पुराना जुगका र नयाँ जुगका अहिलेसम्म राम्रो लाग्ने कुरा के हुन् ?

❑ अहिलेको भन्दा पुरानै जुग राम्रो लाग्छ । अहिले त पाल्पाली ठस्सा ऋणले भस्सा भयो । उहिले यस्तो थिएन । पौवा बनाउने चलन थियो । हाम्रा छ भाइलाई ६ वटा घर, एउटा पौवा बनाएर ससुराको स्वर्गवास भयो । हाम्रो पौवालाई धौले पौवा भन्थे । (लिपपोत गरी सिंगारेर राम्रो बनाएकोले) । पौवाको प्रतिष्ठा गर्दा १ रू. पाथी चामल ल्याएर सबैलाई खुवाइयो । ११ वटा गाई दान गरियो । नून लिन बटौली जाने आउने मानिसहरू पौवामा

बास बस्थे । मोरो परेको लास ल्याएर रातिमा बस्ने गर्थे । एक जना आफूभन्दा ठूलोले भनेको सबैले मान्थे तर आजकल यस्तो रहेन ।

आजकल एक ठाउँबाट अर्को ठाउँका मान्छेसँग हेरेर सजिलै कुराकानी गर्न सक्ने प्रविधि आयो । केही समयमै समाचारहरू थाहा हुन्छ । नातिनीसँग अमेरिकामा के गर्दै छस्, कस्तो छ भनेर यहीं नेपालमा बसेर बिस्तराबाट कुरा गर्न पाइन्छ, त्यो अति राम्रो लाग्छ ।

**१५. भलाइ गाउने, मङ्गलु गाउने भनेका के हुन् ?**

❑ भलाइ गाउने विवाहमा हो । जन्ती जानेर आउने बेलामा गाउँछन् :

**अलये भलये सगुने**
**मेरो विवाह सधै सधै हुँदैन**
**सगुने दिदीलाई बोलाइदेओ**
**सगुने फूपूलाई बोलाइदेओ ।**

मंगलु कसार बटारदा गाउँथे । रमाइलोको लागि गाउँछन् ।

**– प्रस्तोता : दीन पन्थी**

०००


# कृषि ज्ञान केन्द्र, गुल्मीको सूचना

**'वन रहे पानी रहला, पानी रहे अन्न,**
**अन्न नभई रहन सक्दैन जीवन हाम्रो धान्न ।'**

१. कृषि क्षेत्रको वातावरणीय जोखिम न्यूनीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिबाट दिगो खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै निर्यात प्रवर्धनमा टेवा पुर्‍याऔं ।
२. कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी र आत्मनिर्भर बनाई कृषकहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरौं ।
३. गुल्मी जिल्लामा सुन्तला जात फलफूलको व्यावसायिक रोपण गरौं ।
४. नाफामुखी बेमौसमी तरकारी तथा आलु उत्पादनमा जोड दिऔं ।
५. जलवायु अनुकूलको कृषि प्रणालीको विकास गरौं ।
६. अर्गानिक कृषि उत्पादन प्रवर्धन गरौं । धन्यवाद !

# अध्ययनप्रति समर्पणका पर्याय पं. गोविन्दराज शर्मासितको संवाद

✍ **मायादेवी शर्मा**
**प्रस्तोत्री**

(गोविन्दराज शर्माले जीवनभर गहन पढाइको खोजीमा आफूलाई समर्पित गर्नुभयो । उहाँले नोकरी गर्दा पनि पढाइ छोड्नुभएन । २०६९ साल मार्ग महिनामा उहाँलाई अर्बुद रोग लाग्यो भन्ने थाहा भयो । यो कुरा उहाँका सन्तानले विश्वास गर्न सकेनन् । उहाँ जीवनभरि नियममा बस्नुभयो । उहाँले शास्त्रले निषेध गरेका कुरा कहिल्यै छुनुभएन ।

डाक्टरको भनाइलाई आधार मान्ने हो भने उहाँको आयु निश्चित जस्तै भयो । अतः उहाँकी छोरी मायादेवी शर्माले आफ्ना बाबासित उहाँले बाल्यकालदेखि पढाइका लागि गरेको निरन्तर सङ्घर्षका बारेमा जानकारी लिनुभयो ।

अहिले उहाँ स्वर्गे भइसक्नुभएको छ । उहाँले त्यो बेला जे भन्नुभएको थियो त्यो जस्ताको तस्तै उहाँकी छोरी मायादेवी शर्माले उतार गरी 'हाम्रो पुरुषार्थ'लाई पठाइदिनुभएको थियो । त्यसैको एक अंश यहाँ प्रस्तुत छ । -सम्पादक)

**प्रश्न : बुबा ! हजुरको बाल्यकाल कस्तो थियो ?**

उत्तर : दाजु र दिदीहरू आठ जनापछि म जन्मिएको थिएँ रे । हाम्रो घरमा दुईवटा दुहुना गाई र भैसी सधै जसो भइरहन्थे । दूध घ्यु खानलाई जसोतसो आमाले पुर्‍याउनुहुन्थ्यो । चामल र मकैको भात (गाउँघरको भाषामा आटो) दाल तरकारी आमाले पकाउनुहुन्थ्यो । रमाइलो थियो । तर संयमित थियो ।

**प्रश्न : तपाईंले पढाइ कसरी अगाडि बढाउनुभयो ?**

उत्तर : हाम्रो घर गुरुकुल जस्तै थियो । घरमा बीसपच्चीस जना पढ्ने विद्यार्थी हुन्थे । ती सबैले ज्योतिष, कर्मकाण्ड, वेद, चण्डी आदि पढ्दथे । म तिनीहरूले पढ्ने ठाउँमा जान्थें । उनीहरूले काठको फलियोमा माटो पिसेर राख्थे । अनि बाँसको पेन्सिल जस्तो कलम बनाएर मलाई अक्षर लेख्न सिकाउँथे । त्यसै गरी मलाई तिनै विद्यार्थीहरूले लेख्न पढ्न सिकाए । त्यो बेला हामीहरूलाई मसी, कलम, कागज मिल्दैनथ्यो । अँगार पिसी पानीमा घोलेर मसी बनाउने चलन पनि थियो । बाँसको कलम बाँसकै सुप्लालाई कागज बनाएर अक्षर लेख्न सिक्थ्यौं । पात्रो

यस्तै अरू कुरा लेख्न पर्दा मसुरे कटुसका पात टिपेर ताउलोमा पकाउने त्यसैलाई गाढा बनाएपछि पात झिकेर फाल्ने । त्यसमा कपडाका टुक्रा भिजाइदिने । घाममा सुकाउने । सुकेपछि त्यसलाई सम्भार गरेर राख्ने । चाहिएको बेलामा त्यसैबाट एउटा टुक्रा निकाली मसीदानीमा राख्ने र त्यस भाँडामा थोरै पानी राखेर बाँसको कलमले कागजमा लेख्ने गर्थ्यौं ।

**प्रश्न : घरको व्यवस्था कस्तो थियो नि ?**

उत्तर : मेरो घरमा आमा नै मुख्य सञ्चालिका हुनुहुन्थ्यो । म जान्नेहुँदा जेठी र माइली दुइटी भाउजूहरू मात्रै थिए । अरू भाउजूहरू यदाकदा घरमा हुन्थे । उनीहरू सानै हुनाले धेरै जसो माइतमै हुन्थे । बा ज्योतिषीको काम र पूजापाठमा गाउँगाउँमा जानुपर्ने । घरमा सबै काम आमाले नै गर्नुपर्ने हुँदा खेती, गाईवस्तु सबै स्याहारसम्भार, बच्चाहरूको रेखदेख आमामै निर्भर थियो । भित्र आमाहरू काम गर्ने बाहिर बा र दाइहरू पढाइमा व्यस्त हुने ।

**प्रश्न : माथिको पढाइ कसरी अगाडि बढाउनुभयो ?**

उत्तर : घरमा केही समय ज्योतिषका साथै लघुकौमुदी, अमरकोश पढैं, पछि गुल्मी रिडीको संस्कृत पाठशालामा भर्ना भएँ । त्यहाँ पं भोजराज पन्थी गुरु हुनुहुन्थ्यो । उहाँसित लघुकौमुदी पढैं । त्यहाँ हरिप्रसाद आचार्य, हरिहर गौतम, टीकाराम पन्थी, बाबुराम पन्थी, ढुण्डिराज, पशुपति, खोमराज नेपाल, नरनारायण झवाली आदि गुल्मी,पाल्पा, अर्घाखाँची, प्युठानलगायतका विभिन्न जिल्लाका साथी थिए ।

रिडीमा केही समय पढेपछि फेरि बनारस पढ्न गएँ । उहाँ पनि पढाइ अल्मलियो ।

म २००९ सालमा पं. करूणाकर गुरुको साथ लागी काशीबाट पढाइ छोडी हरिहर बाबुको घर वनघुस्री बर्दियामा पुगैं । हरिहर बाबुले खिदिममा र बनारसमा पाठशाला खोलेर संस्कृत पढ्न चाहने हामीहरूलाई मदत गर्नुभएको थियो । त्यो वर्ष वनघुस्रीमै बित्यो । कहिले बहराइच, कहिले लखनऊ अनि कहिले परासीमा आवतजावत गर्ने । हरिहर गौतमको सहयोगी भएर पटवारीको साथ लागी लेखापढीको काम पनि गरियो । यही बेलामा मलेरियाको ज्वरोले विघ्न कष्ट दियो । त्यसको लामो कथा छ ।

एकपटक हरिहर बाबुको काम गर्दै रक्सौलसम्म पुगें । १० बोरा दाल गुल्मी खिदिमको पाठशालामा लैजान भनी तयार गरेको नौतनवामा एक महिना कुरेर बस्नुपऱ्यो । पछि बुटवल लगी दालका बोराहरू त्यहाँ भगवतीप्रसाद पण्डितको घरमा छोडेर खिदिम पुगें । त्यहाँ पं. धनञ्जय गुरु व्यवस्थापक हुनुहुँदो रहेछ । उहाँलाई दाल ल्याउन भरिया पठाउने भन्ने समाचार सुनाएर म एकाएक घरमा त पुगेँ । उही मलेरियाको ज्वरोले सिकिस्त गरायो । सन्च भएपछि म फेरि बनारस गएँ । त्यहाँ साथी थिए खोमराज नेपाल ।

वि.सं. २०११ सालको कुरा हो । खोमराज नेपाल र म बनारसबाट काठमाडौंतर्फ लाग्यौँ ।

श्री ५ महाराजाधिराज त्रिभुवन सरकारको युरोपमा उपचार गर्दागर्दै देहावसान भयो । श्री ५ महेन्द्रको राज्यारोहण हुँदा हामी हेर्नका लागि इन्द्रचोकको मन्दिरको सिढीमा पुगेका थियौं । श्री ५ त्रिभुवनको शव विमानबाट ल्याइयो । गौचर हवाइअड्डामा सबै मलामीहरूले कपालदाह्री मुडाई, सेता कपडा लगाएर अर्थी उठाएथे । मलामीको ताँती आर्यघाटतर्फ लाग्यो । हामी सबै दुःखी भई अन्तिम दर्शन गरी फर्क्यौं । खोमराज र म काठमाडौंबाट घरतर्फ फर्क्यौं । पैदल नौ दिनमा हामी बाग्लुङ बिनामारे गाउँमा पुग्यौं । खोमराज आफ्नै गाउँ पाल्पा पोखराथोक जानुभयो ।

**प्रश्न : त्यसपछि ?**

उत्तर : बाग्लुङ जिल्लाको बिनामारे पाठशालामा ६ वर्ष अध्यापनको काम गरेँ । तलब भने ६ महिनाको मात्र पाएँ । २१ सालको असोजमा म भारत गएँ । आर्मीमा धर्मगुरु (पण्डित)का रूपमा भर्ना भएँ । २५ वर्षसम्म भारतका कश्मीर, उत्तरप्रदेश, मध्यप्रदेश, राजस्थान, जम्मू, हरियाणा र महाराष्ट्र आदि ठाउँमा बसेर जागिर गरेँ । सन् १९७१ को भारत पाकिस्तान पञ्जाव प्रान्तको गाउँमा एक वर्षसम्म मेरो पल्टनसित बसेको थिएँ । त्यो पल्टनको नाम थियो–सात मेकनाइज (एक डोगरा) ।

भारतको जम्मूमा बस्दा लडाइँमा शहीद भएका ४० योद्धाको सम्झनामा मन्दिर बनाएर दुर्गामाताको मूर्ति र शहीदहरूको नामसमेत स्थापना गरियो । जम्मू कश्मीर विश्वविद्यालयबाट साहित्यभूषण पूरा गरेँ । मेरो पढ्ने रहर यतिमै सकियो । अङ्ग्रेजी पनि पढ्ने इच्छा थियो तर घरमा अंग्रेजी पढ्न हुन्न भन्ने प्रबल विश्वास थियो । गाई खाने विद्या भनेर

अंग्रेजी भाषालाई हेला गर्थे । तर पढाइको यो यात्रामा धेरै कुरा सिकैँ । यही नै उपलब्धि भयो ।

२०४९ सालमा म निवृत्तभरणमा निस्केर नेपालको मेरै जन्मथलो बिनामारेमै आएँ । त्यसपछि चितवनको बकुलहरमा घर बनाएँ । ५० सालको फागुनबाट परिवारसित यहीँ बस्न थालैँ

**प्रश्न : अन्त्यमा केही भन्नु छ कि ?**

उत्तर : साहित्यमा मेरो रुचि छ । एउटा उपन्यास लेखेको छु । प्रकाशन गर्न सकेको छैन । चतुरशीतिसिद्धपूजापद्धति (जीवच्छ्रद्धविधिश्च) पुर्खाको नासो सम्झेर प्रकाशन गरैँ । आत्मकथा पनि लेखेर छोडेको छु । पढाइको लामो यात्रामा पाएको ज्योतिषको ज्ञान मसित छ । हामी दाजुभाइका यति धेरै सन्तान छन् । त्यो ज्ञान मैले कसैलाई हस्तान्तरण गर्न पाइनँ । यो मेरो ज्योतिष विद्याप्रतिको रुचि मसितै जाने भयो ।

**सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।**
**सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् । ।**

**शुभमस्तु ।**

**०००**


# OCMC गुल्मीको अत्यन्त जरुरी सूचना

कोरोनाको महामारीको समयमा महिला तथा बालबालिकामाथि हिंसा हुने सम्भावना धेरै भएको हुँदा सचेत रहनुहुन हार्दिक अनुरोध गरिन्छ । यदि तपाईंको परिवार, छरछिमेकमा कुनै पनि महिला तथा बालबालिकामाथि हिंसा भएको थाहा पाउनुभएमा तुरुन्तै अस्पतालको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) को सम्पर्क व्यक्तिलाई खबर गर्नुहुनु हार्दिक अनुरोध गरिन्छ ।

**OCMC सम्पर्क व्यक्ति-९८१९४५६४६३**

जिल्ला प्रहरी कार्यालय, गुल्मीको महिला सेल ९८४७४११८९२ र ९८४६५२०२४२

# गुल्मी अस्पताल, तम्घास, गुल्मी

**हामी तपाईंलाई सहयोग गर्न तयार छौं ।**

**हिंसा सहेर नबसौं, हिंसाका विरुद्ध आवाज उठाऔं ।**

# इस्मा गाउँपालिका

✍ **चन्द्रप्रकाश उपाध्याय**
**तम्घास, गुल्मी**

## ऐतिहासिक पृष्ठभूमि

लिच्छवि शासनकाललाई नेपालको इतिहासमा प्राचीनकाल मानिन्छ । लिच्छविकालीन अभिलेखमा मानदेव शक्तिमा आइसकेपछि नेपालको पश्चिमपट्टिका मल्ल राज्यहरूमाथि आक्रमण गर्दै गण्डकी तरेर आफ्नो अधिकार स्थापना गर्न सफल भए भन्ने उल्लेख गरेको पाइन्छ । गण्डकी भनेको कालीगण्डकी हो । त्यसबेला वर्तमान गुल्मी र यस आसपासका अन्य क्षेत्रलाई 'गण्डीगुल्म विषय' भन्ने उल्लेख गरेको पाइन्छ । त्यसबेला गुल्मी क्षेत्र केन्द्रबाट शासित थियो । विषय भनेको क्षेत्र या जिल्ला हो । पछि गुल्मी सिञ्जाराज्यअन्तर्गत शासित हुन पुगेको इतिहासकारहरूले उल्लेख गरेका छन् । कर्णाली प्रदेशका राजा अभय मल्लका पालासम्म गुल्मीमा मल्ल राजाको प्रत्यक्ष शासन चलेको बुझिन्छ । मल्ल राजाहरूको शक्ति पतन भएपछि यस क्षेत्रमा बलिहाङ राज भए । उनले बल्ढेङगढीलाई राजधानी बनाए । बल्ढेङगढी राज्यको उदयकालमा गुल्मी पनि त्यसको प्रभावमा पस्यो । बलिहाङ राज्य कमजोर हुँदै गएपछि यस क्षेत्रलाई अन्य राजा रजौटाहरूले भाग लगाएर बाँडचुँड गरी स्वतन्त्र राज्यहरू निर्माण गरे । बल्ढेङगढी पुनः गुल्मी अधीनस्थ भयो । त्यस क्रममा चौबीसी राज्यहरूको उदय भयो । ती चौबीसी रज्यहरूमध्ये इस्मा राज्य एक हो ।

किरण पुस्तकालयबाट २०५५ सालमा प्रकाशित **'गुल्मीको ऐतिहासिक झलक'**का अनुसार इस्मा राज्य ४००० घरकुरियाले बनेको थियो । यहाँका राजा चन्द्रवंशी काश्यप गोत्रीय सिंह थर तथा रायठौर घरनाका थिए । इस्मा राज्यको स्थापना वि.सं. १५५० ताका भएको हो । यसराज्यका जम्मा २४ मौजा हुनाले २४ मौजा इस्मा भनिन्थ्यो ।

इस्मा राज्यको पूर्वपट्टि मुसिकोटको सीमाना, पश्चिमतर्फ अग्लुङको उकालोदेखि खोलाको झिम्रूकसम्म, उत्तर बाग्लुङको ग्वालीचौरसम्म र दक्षिणमा धुर्कोट राज्यमा यसको सीमाना ठोकिन्थ्यो । भन्छि पहिले इस्मा राज्यमा ठकुरीहरूको प्रवेश नहुँदै भट्टपदधारी अर्ज्याल ब्राह्मणहरूले राज्य सञ्चालनको काम गरिआएका थिए । त्यसरी राजा हुनेहरूको नाम मात्र पाइन्छ । स्थिति बन्देजको प्रमाण पाइएको छैन । जस्तै :-[१]

१. राजा च्यवनराज भट्ट (अर्ज्याल)

---

१ विष्णुराज आत्रेय, अर्ज्याल वंशावली -वाराणसी : अलका २०४२) पृष्ठ ४८

२. राजा कुशाराज भट्ट (अर्ज्याल)
३. राजा विष्णुदास भट्ट (अर्ज्याल)
४. राजा प्रभाकर भट्ट (अर्ज्याल)

राजा प्रभाकर भट्ट शालीन स्वभावका र विद्वान् हुनाले राजकाजमा छलछाम, धोका, फरेव र दण्डसजायँ गर्दा निरपराधीलाई पनि भुलचूकमा कठोर दण्ड दिइने जस्ता कुरामा उनी सतर्क देखिन्थे । तसर्थ उनले गुल्मी चारपाला राज्यमा कर्णाटक राज्यबाट राजनीतिक आश्रय लिई बसेका सुरथसिंह नामक एक राजपूतलाई धर्मपुत्र बनाई शिक्षादीक्षा र मन्त्रदानसमेत गरे । त्यसैलाई पछि इस्माको राज्यभार सुम्पेर अङ्गदसिंह रावा भन्ने पद पनि जोडिदिए । त्यसपछिको वंशक्रम यसप्रकाररहेको पाइन्छ ।[२]

१. राजा अंगदसिंह रावा
२. राजा पृथ्वीसिंह रावा
३. राजा रामराजसिंह रावा
४. राजा रूपसिंह रावा
५. राजा तिलविक्रम सिंह रायठौर
६. राजा गोविन्दसिंह रायठौर
७. राजा वेनीप्रसादसिंह रायठौर
८. राजा धर्मकेशरसिंह रायठौर
९. राजा गिरिभूपेन्द्रसिंह रायठौर
१०. राजा पुण्यप्रतापसिंह रायठौर
११. राजा मानबहादुरसिंह
१२. राजा केशरीप्रतापसिंह

अर्ज्याल ब्राह्मणले ठकुरीहरूलाई राज्य दिएपछि इस्मा राज्य ६ पुस्तासम्म स्वतन्त्र रहेको देखिन्छ । राजा गोविन्दसिंह रायठौरको राज्य अवधिमा नेपालको पश्चिम विस्तार प्रारम्भ भएको थियो । वि.सं. १८४३, आश्विन ४ गते नेपाली सेनाले इस्मामाथि विजय गरेको थियो ।[३] चौबीसी राज्यहरूको तुलनामा इस्मा पनि दह्रो राज्य ठानिन्थ्यो । त्यहीं आधारमा पर्वत र प्यूठानसँग त्यो राज्यको सम्बन्ध सुमधुर थियो । इस्मा राज्य पर्वत राज्यमा जाने बाटोमा पर्दथ्यो ।

**[२] राजाराम सुवेदी 'गुल्मी जिल्लाको ऐतिहासिक पृष्ठभूमि, पूर्ववत्, पृष्ठ ३२-३३ Raja Ram Subidi, Op. Cit. pp. 85-86, दुर्गाप्रसाद अर्याल, गोरखा वाङ्मय, गोरखा (२०५३, पौष),। पृष्ठ १६ ।**

**[३] रामजी तेवारी, पूर्णिमा, १ वर्ष २ अङ्क (साउन २०२१) पृष्ठ ६१ ।**

नेपाली सेनाले पाल्पाको सहयोगमा चौबीसीमाथि विजय गर्ने योजना गर्दैछ भन्ने थाहा पाएपछि पर्वतले इस्माजस्तो आँटिलो राज्यलाई आफ्नो पक्षमा मिलाउनु जरुरी थियो । त्यो मौका पर्वतका राजा कीर्तिबम मल्लले छोपेर इस्मालाई नेपाल एकीकरणको विरोधी बनाइदिए । त्यो कार्यबाट इस्मालाई फाइदा पनि भयो । किनभने इस्मा र मुसिकोट बीचमा पर्ने रानीवनको कचपच टुङ्गिएर इस्माको रक्षार्थ मुसिकोट र गलकोटले त्यो राज्यलाई बलियो हुन दिने कुरा पर्वतका राजाले योजना बनाएका थिए । चौबीसी राज्यको बीचमा व्यापारी मार्ग पनि पर्ने हुँदा इस्मा राज्यको आर्थिक स्थिति मजबूत थियो ।[४]

नेपाली सेनाले इस्मा राज्यलाई अधीनमा पार्नुभन्दा अघि त्यहाँको दरबारलाई घेराउ गर्नुपर्ने हुन्थ्यो । नेपालीहरू घेराउ गर्न सिपालु त थिए तर इस्मा राज्यमा उनीहरूको केही लागेन । त्यसको कारण इस्माकोटको किल्ला ज्यादै मजबूत थियो । नेपालले आक्रमण गर्दैछ भन्ने कुरा गुल्मीबाट चाल पाउँदाका साथ इस्माली राजा गोविन्दसिंह रायठौरले २-३ महिनालाई चाहिने रसदपानी र हातहतियारसाथ सिपाहीहरू कोटको रक्षार्थ खटाए । त्यस्तो मोहडामा नेपालीहरूले झ्वाम्मै हामफाल्नुभन्दा कुटनीति गर्नुपर्ने स्थिति देखे । तदनुसार इस्माली नारीहरू गाग्री लिएर पँधेरामा पानी भर्न जानेहरूका गोप्य कुरा लुकेर सुन्न थाले । नेपाली सिपाहीहरूले आफूहरूका कुरा सुन्दैछन् भन्ने थाहा पँधेर्नीहरूले पाएनन् । इस्माको किल्ला नफुट्नुको कारण भीर खोपेर रानीकुवा बनाएको र त्यहाँबाट लिस्नो झारी तल पुगेर दरबारमा पानी पुर्‍याइने कुरा नेपालीहरूले चाल पाए ।[५]

नेपालीहरूले इस्माली राजाको पानी लाने भीर र रानीकुवाको पत्तो लगाएपछि इस्माकोटमा पुग्ने उद्देश्यले धमाधम बाँसका टाँगा काटेर लामा लामा भरेङ बनाई रानीकुवामा पुगे । त्यसपछि इस्माकोटमा पानीको हाहाकार पर्‍यो । त्यहीं मौकामा त्यहाँका राजा शिकार गर्न बाहिर जंगलमा निस्केको हुँदा नेपाली सेनाले इस्माकोटमाथि आक्रमण गरिदियो । लिस्ने गौंडाबाट पानीसम्म ल्याउन नपाइने अवस्थामा युद्ध गर्नु उपयुक्त भएन । त्यसपछि इस्माकोट नेपालको अधीनमा आयो ।

इस्माली राजा गोविन्दसिंह रावका दरबारअगाडि दरबारको रक्षार्थ शंकरे राना र हिरभाने सार्कीलाई पहरा दिन राखिएको थियो । नेपाली सेनाले लिस्नेगौंडा चढी रानीपँधेरा पुगी इस्माकोटमा धावा गरिसक्दा पनि त्यहाँका राजा र भारदारलाई थाहा थिएन । पछि एक्कासि नेपालीहरूको चेपमा पर्दा शंकरे राना र हरिभाने

---

[४] **टेकबहादुर श्रेष्ठ, पर्वत राज्य र यसका छिमेकी राज्यहरूसँगको राजनीतिक सम्बन्ध -काठमाडौं) : विद्यावारिधि शोधपत्र, त्रि.वि. २०५० पृष्ठ २२३ ।**

[५] **इस्मा रजस्थल निवासी ईश्वरीप्रसाद रिजालको भनाइका आधारमा ।**

सार्कीले नेपाली सेनालाई रोक्ने प्रयत्न गर्दा बडो घमासान युद्ध भयो । पुगनपुग २०० इस्माली सिपाही खेत रहे भने ५० जना नेपाली सिपाहीहरूले ज्यान गुमाए । अन्त्यमा नेपालको अधीनमा इस्माकोट परेकोले त्यहाँका राजा पलायन गरे ।

इस्माकोटका चौतारियाहरू कुलाराजसिंह र प्रसाद सिंहले पनि शिकारबाटै पलायन गरे । राजा गोविन्दसिंहका खनाति एक जनाको नाम प्रियराजसिंह थियो । उनी भारतको गोरखपुरमा बस्दथे । पछि उनलाई त्यहाँका गुण्डाहरूले हत्या गरे । राजा गोविन्दसिंहका गुरु गजाधर अर्ज्याल महातारीको आशौंचमा थिए । त्यसकारण उनी राजासँग पलायन गर्न नसक्दा इस्माकोटमा नै खड्गदेवताको पूजापरम्परा धानेर बसे । त्यहाँको गुठ नहुँदा पूजा वैयक्तिक रूपबाट सञ्चालित छ ।[६] राजा गोविन्दसिंहले प्रदान गरेका पुराना कागजपत्रहरू पछि आगलागीमा परेका हुँदा अभिलेखका स्रोत उल्लेख गर्न सकिएन । त्यहाँ ६ पुस्तासम्म सिंह राजाहरूले राज्य गरेको कुरा प्रमाणित भएको छ ।

इस्मा राज्यका मुख्य गौंडाहरूमा पुर्कोट, राङकोट, लेकको ठाना, नेटाठानाहरू पर्दथे भने दर्लामचौरको गढीकोट मुख्यमार्ग मानिन्थ्यो । त्यस्तै गरी ताललाउने भन्ने ठाउँमा सैन्य शिविर राखी युद्ध अभ्यास गराइन्थ्यो । इस्माली राजाहरू वीर र लडाकु थिए ।[७]

इस्मा राज्यका मुख्य-मुख्य बस्तीहरू निम्नानुसार थिए । अग्लुङ, बाँझकटेरी, पुर्कोट, पुर्कोटदह, सिर्सेनी, मर्भुङ्ग, मैदान, अर्खावाङ्ग, ह्वाङ्दी, दर्लिङ्ग, नेटा, थाम, पौंदी, अमराई, ग्वालीचौर, जलजला, दाहाचौर, दोहली, अर्जे, छाप, हिले, घमिर, दगास, अमरपुर, सिरार, टुनीपाटा, दरिनढुङ्गा, रातामाटा, खयरा, दर्लामचौर, ठाडढुङ्गा, रामकोट, खार्साचौर, टाकुरा, बाँझा, भुवाना, ढाडा, अर्वाजा, न्वाला, रातापानी, कल्यार, हूल, चैया, रोमी, अँधेरी, वनगाउँ, दोबाटा, गाँव, मैदान, पाकटेरी, बारेपानी, खुंग, रिप, लामडाँडा, कोटकोटेरी, तिमिलेखर्क, पैयाँपाटा, मरयाना, खग्रेटा, लुङ्कोट, छेपाडाको पोखरा, उनीवास, राजा पाटो, चाँपटारी, सिस्ने, दर्लामचौर, गढीकोट, इस्मागाउँ, सिख्रे, सेउवा आदि ।

इस्मातिर अद्यापि एउटा लोक इतिहास प्रचलित रहेको पाइन्छ कि राजा गोविन्दसिंह रायठौरको एक छोराको विवाह वि.सं. १८४२ मा सल्यानी राजाकी छोरीसँग (दुबैको नाउँ थाहा पाइएको छैन) विवाह गरी ल्याउँदा महिनौं लाग्यो । त्यहींदेखि "ठकुरीको जन्त नजानू, जोगीका मलाम नजानू" भन्ने उखान चरितार्थ भयो । त्यसरी डोली लिएर दुलाहा चढेको घोंडा तर्सिंदा दुलाहा खसेर ठहरै

---

[६] **राजाराम सुवेदी, हाम्रो पुरुषार्थ, पूर्ववत् पृष्ठ ३३ ।**


[७] **इस्मा रजस्थलका ईश्वरीप्रसाद रिजालका अध्ययन अनुभवका आधारमा ।**

मरे । त्यो सम्बन्ध अफाप भयो भनेर ती सल्यानी राजकुमारीलाई जथानाम गाली गलौज गर्दा सल्यानी राजासँग इस्माली राजाको सम्बन्ध बिग्रन गयो । त्यसको अर्को वर्षमा इस्मा राज्य नेपाल अधिराज्यमा विलय भयो ।

नेपालले इस्मामाथि अधिकार गर्नुपूर्व प्यूठान राज्यको नेतृत्वमा चौबीसी राज्यहरूको बृहत् भेला भएको थियो । इस्माका राजा र उनका परिवारहरू लुक्दै भाग्दै सल्यान राज्यको र जहारी राज्यबीचको बडागाउँ भन्ने ठाउँमा गएर आश्रय लिएका थिए । इस्मा र सल्यानको पुरानो सम्बन्ध हुँदा उनीहरू त्यहाँ पुगेको बुझिन्छ । उनीहरूलई त्यस ठाउँको जिम्माली दिइयो । त्यसैले सो ठाउँलाई जिमाली भनिंदै छ ।[८]

## वर्तमान इस्मा गाउँपालिकाको परिचय

**इस्मा गाउँपालिकाको वर्तमान राजनीतिक तथा प्रशासनिक नक्सा**




गाउँपालिकाद्वारा प्रकाशित विकास योजनाअनुसार गुल्मी जिल्लाको करिब मध्य भागमा अवस्थित इस्मा गाउँपालिका विगतका हस्तिचौर, दर्लामचौर, दोहोली,

[८] सल्यान बडागाउँ गोलकपुर निवासी श्री धर्मानन्द भट्टराईका अनुभवका आधारमा ।

इस्मा रजस्थल र अमरपुर गरी पाँच गाउँ विकास समितिहरू मिलाई बनाइएको हो । यसको केन्द्र हाललाई साविकको इस्मा रजस्थलको कार्यालयलाई कायम गरिएको छ । यसको पूर्वमा मुसिकोट नगरपालिका, पश्चिममा धुर्कोट र मालिका गाउँपालिका, उत्तरमा मालिका गाउँपालिका र दक्षिणमा धुर्कोट गाउँपालिका र रेसुङ्गा नगरपालिका रहेका छन् । यसको जम्मा क्षेत्रफल ८१.८८ वर्ग किलोमिटर छ । गाउँपालिकाले तयार गरेको अद्यावधिक तथ्याङ्कअनुसार यसको घरधुरी सङ्ख्या ४५३० र जनसङ्ख्या २९,६५० रहेको छ । जसमध्ये पुरुष १४,३२० रहेका छन् भने महिला १५,३३० रहेका छन् । समुद्री सतहबाट १,००० मिटर उचाइदेखि १५०० मिटरको उचाइसम्म फैलिएको यसको हावापानी पनि विशेष छ । पहाडी भागमा अवस्थित भएको हुनाले इस्माको हावापानी समशीतोष्ण मनसुनी प्रकारको रहेको छ । हिउँदमा अलि जाडो र गर्मी महिनामा सामान्य गर्मी हुनु यहाँको विशेषता हो । यहाँको औसत वार्षिक वर्षा २२०० मि.मि. र औसत तापक्रम २७ डिग्री सेल्सियस रहेको छ ।

जलस्रोतको सम्पदालाई हेर्दा यस गाउँपालिकामा स-साना खोला र पोखरीहरूमात्र रहेका छन् । छल्दी, पानाहा, निस्ती, दुवारे, गुर्वा, भैंसेबेलारी, रोदी, जस्ता स-साना खोलाहरू सिंचाइका स्रोतका रूपमा छन् । यसबाहेक गाउँपालिकामा केही पोखरीहरू रहेका छन् ।

ऐतिहासिक एवम् धार्मिक दृष्टिकोणले यो गाउँपालिका धनी नै देखिन्छ । यहाँ नवदुर्गा, जालपादेवी, सुपादेउराली, कालिका, वेदमाता गायत्री आदि महत्त्वपूर्ण मन्दिरहरू रहेका छन् ।

खानेपानी सुविधाको दृष्टिणले यहाँ ८८.५ प्रतिशत जनताहरूलाई खानेपानी सुविधा उपलब्ध गराइएको छ ।

इन्धनको प्रयोगलाई हेर्दा यस पालिकाका जनता खाना पकाउनका लागि दाउरा प्रयोग गर्दछन् भने लगभग १५% जनताले बायो ग्याँस प्रयोग गर्दछन् ।

विद्युत्को पहुँचलाई हेर्दा यहाँ ८४ प्रतिशत घरधुरीमा विद्युत् पुगेको देखिन्छ भने कतिपय वडाहरूलाई कच्ची बाटोले जोडेको देखिन्छ । कुनै वडाहरूमा ट्र्याक मात्र खोलिएका छन् । वर्षाको याममा गाउँपालिकाको केन्द्रसम्म मुस्किलले गाडी चल्ने गरेका छन् ।

यस गाउँपालिकाका ९५% जनता कृषिमा निर्भर रहेका छन् भने २ प्रतिशत जनता सरकारी तथा अन्य स्थानमा नोकरी गर्दछन् । बाँकी तीन प्रतिशत व्यापार तथा अन्य स्थानमा नोकरी गर्दछन् । बाँकी ३ प्रतिशत व्यापार तथा अन्य पेशामा संलग्न रहेको देखिन्छन् । लगभग ३७०० जना वैदेशिक रोजगागरीमा गएको देखिन्छ ।

जग्गाको स्वामित्वको हिसाबले हेर्दा यहाँ मध्यमस्तरका परिवारहरूको बाहुल्यता रहेको देखिन्छ । २० रोपनीभन्दा बढी जग्गा जमिन हुनेको सङ्ख्या ४१५ रहेको छ भने २ रोपनीभन्दा कम हुने घरपरिवार सङ्ख्या ६३६ रहेको छ । कुनै जग्गा जमिन नै नभएका घरपरिवारको सङ्ख्या ४१ रहेको छ ।

विद्यालयको अवस्था हेर्दा यहाँ सरकारी स्तरबाट २४ वटा प्रा.वि. १३ वटा नि.मा.वि., ७ वटा मा.वि., ३ वटा उच्च मा.वि. र ४६ वटा सामुदायिक बालविकास केन्द्र रहेका छन् । यहाँ दुईवटा निजीस्तरबाट सञ्चालित प्राथमिक विद्यालयहरू पनि रहेका छन् ।

स्वास्थ्य चौकीको अवस्था हेर्दा यहाँ ६ वटा स्वास्थ्य चौकी रहेका छन् । स्वास्थ्य चौकीले सबै वडा समेटेको देखिन्छ । यहाँ एउटा कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र, हुलाक केन्द्र १, अतिरिक्त हुलाक २ वटा रहेका छन् । धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले हेर्दा यहाँ २६ वटा विभिन्न मन्दिर र इस्माकोट दरबार रहेका छन् । यहाँ साना ठूला गरी १० वटा खेलमैदान रहेका छन् । जसमध्ये एउटा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माणाधीन अवस्थामा छ । यहाँ १२ वटा विभिन्न प्रकारका सहकारी संस्थाहरू सञ्चालित छन् ।

इस्मा गाउँपालिकाले आ.व. २०७५/०७६-२०७९/०८० को आवधिक गाउँ विकास योजना प्रकाशमा ल्याएको छ । यस गाउँपालिकाले **'कृषि, रोजगार, पर्यटन र पूर्वाधार, समतामूलक इस्मा समृद्धिको आधार'** भन्ने दीर्घकालीन सोंच राखी निरपेक्ष गरिबीको उन्मूलन गर्ने लक्ष्य लिएको छ । **"अर्गानिक तरकारी इस्माको चिनारी"** भन्ने मूलभूत मान्यता स्थापिता गर्न कृषिलाई व्यवसायीकरण गर्न जोड दिएको छ । यसले **'धार्मिक क्षेत्रको तीर्थाटन इस्मा गाउँपालिकाको पर्यटन'** भन्ने नारालाई साकार रूप दिने उद्देश्य राखेको छ । यस पालिकाले शिक्षा, खानेपानी तथा सरसफाइ, श्रम तथा रोजगारी, वन, वातावरण, विपद्व्यवस्थापन, पूर्वाधार विकास, सडक यातायात, स्वास्थ्य सेवा जस्ता क्षेत्रमा विशेष कार्यक्रमहरू निर्धारण गरी गाउँपालिकालाई समृद्ध बनाउने लक्ष्य राखेको छ ।

इस्मा गाउँपालिकाले **'शीघ्र सेवा र तीब्र विकास'को** अवस्था सिर्जना गरी आवधिक गाउँ विकास योजना लागु गर्न स्रोतको व्यवस्थापनका लागि आय-व्ययको अनुमान पनि प्रस्तुत गरेको छ । जसमा गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त अनुदान, राजस्व, बाँडफाँडबाट प्राप्त रकम, गाउँपालिकाको आन्तरिक आय, गैसस र निजी क्षेत्रको लगानी समेतलाई एकमुष्ठ रूपमा जोडी विषय क्षेत्रगत ढङ्गले पाँच वर्षमा भौतिक पूर्वाधार विकासमा ६० करोड (३० प्रतिशत), सामाजिक विकासमा ४५ करोड (२२.५ प्रतिशत), आर्थिक विकासमा २१ करोड (१०.५ प्रतिशत), वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ १९ करोड (९.५ प्रतिशत) संस्थागत विकास, सेवा प्रवाह तथा

सुशासनमा १५ करोड (७.५ प्रतिशत), चालु खर्चतर्फ ४० करोड (२० प्रतिशत) बाँडफाँड गरिएको छ । नपुग हुन आउने ४० लाख ५५ हजार कर प्रशासनमा सुधार र चालु खर्च कटौती गर्ने गरी व्यय अनुमान प्रस्तुत गरिएको छ । यसैगरी यस आवधिक योजनाको अवधिमा आन्तरिक राजस्वबाट ४१ कारोड २ लाख १५ हजार अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट १ अरब ५१ करोड ५८ लाख ८८ हजार, राजस्व बाँडफाँडबाट ४३ करोड, १३ लाख ४३ हजार, अन्य स्थानीय तह वा अन्य कतैबाट प्राप्त अनुदानबाट ३५ लाख र अन्य आयबाट ४० लाखसमेत जम्मा १,९९,५९,४६,००० रूपैयाँ बराबरको स्रोत जुट्ने र यसमध्ये करिब ७५ करोड सशर्त अनुदान हुने अपेक्षा राखिएको छ ।

वर्तमान इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाका पदाधिकारीहरूको विवरण

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | लक्ष्मणबहादुर बिष्ट | अध्यक्ष | ९८५७०७२१०८ |
| २ | विमला खत्री | उपाध्यक्ष | ९८५७०७२१०७ |
| ३ | चुराबहादुर खत्री | वडाध्यक्ष (वडा नं. १) | ९८५७०७२१०२ |
| ४ | टीकाबहादुर रेश्मी | वडाध्यक्ष (वडा नं. २) | ९८५७०७२१०१ |
| ५ | तोयनाथ शर्मा | वडाध्यक्ष (वडा नं. ३) | ९८५७०७२१०३ |
| ६ | गनुप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ४) | ९८५७०७२१०४ |
| ७ | कलानिधि भण्डारी | वडाध्यक्ष (वडा नं. ५) | ९८५७०७२१०५ |
| ८ | हीराबहादुर जि.सी. | वडाध्यक्ष (वडा नं. ६) | ९८५७०७२१०६ |
| ९ | कल्पना भुसाल | वडा महिला सदस्य (३ नं.) | ९८४७१०६४२३ |
| १० | कमला वि.क. | वडा दलित महिला सदस्य (४ नं.) | ९८५७०६७२७६ |
| ११ | मीना बिष्ट | वडा महिला सदस्य (५ नं.) | ९८४७०२४४८६ |
| १२ | कमला पराजुली | वडा महिला सदस्य (६ नं.) | ९८६०६९९२८१ |
| १३ | बोमे कुमाल | मनोनीत सदस्य | ९८६०२५१५७८ |

**सन्दर्भ-स्रोत** :


१. सुवेदी, डा. राजाराम **गुल्मीको ऐतिहासिक झलक**, किरण पुस्तकालय, गुल्मी (२०५५)

२. **आवधिक गाउँविकास योजना–२०७५/०७६–२०७९/०८०**, इस्मा गाउँपालिका, गुल्मी ।


ooo

# देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, दाङ

सामान्य बोलचालको भाषामा पुस्तकालय भनेको व्यवस्थित रूपले पुस्तकहरू राखिएको घरलाई बुझिन्छ । जहाँ पाठकहरू पुस्तक पढ्न आउने गर्दछन् तर अलि बृहत् रूपमा भन्दा पुस्तकालय भनेको पुस्तक, कम्प्यूटर, खेल सामग्री, श्रव्य-दृश्य सामग्रीलगायत अन्य विविध सामग्रीहरू रहेको स्थानलाई बुझ्न सकिन्छ । सामुदायिक पुस्तकालय भनेको स्थानीय समुदायकै व्यवस्थापनमा समुदायका सबै प्रकारका व्यक्तिहरूको आवश्यकता पूर्ति गर्नका लागि निःशुल्क रूपमा शिक्षा, सीप, आर्थिक र सामाजिक विकासका कार्यक्रम उपलब्ध गराउन स्थापना गरिएको  पुस्तकालय हो । जसले समुदायका चौतर्फी हितका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यो सामुदायिक विकास गर्ने मूलद्वार र आमनागरिकका लागि सूचना प्रदान गर्ने असल घर हो । यसले समुदायको सर्वांगीण विकासका साथै समुदायको आवश्यकतामा आधारित ज्ञान, सूचना र जानकारी गराउने कार्य गर्दछ । सामुदायिक पुस्तकालय सामाजिक सांस्कृतिक सम्पत्तिको संरक्षण र संवर्धन गर्ने संग्रहालयको साथै शैक्षिक, सांस्कृतिक र नेतृत्व विकास गर्ने गराउने लोकतान्त्रिक केन्द्र पनि हो ।



राप्ती अञ्चल दाङ जिल्ला गढवा गाउँपालिका ६ गढवामा देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र स्थापना गरिएको छ । पूर्व पश्चिम राजमार्गअन्तर्गत लमहीदेखि ७ कि.मि. दक्षिण लमही कोइलाबास सडक खण्डमा पुस्तकालयको स्थापना गरिएको छ । स्थानीय समुदायको सर्वांगीण विकासका लागि शिक्षाको अवसरबाट वञ्चित भएका सामाजिक, आर्थिक र व्यावहारिक चपेटामा परेका यस क्षेत्रका आमजनसमुदायलाई शिक्षाको माध्यमबाट सचेत, स्वस्थ र जागरूक बनाउने सामूहिक पहलमा विकासको अभियान चलाउन, जीवनलाई खुसी र समृद्ध बनाउने, आफ्नो काम आफै गर्ने, आफ्नो गाउँ आफै बनाउनेलगायतका सकारात्मक अभिप्राय र स्थानीय आवश्यकतालाई आधार मानेर कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने उद्देश्यका साथ राप्ती देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको स्थापना गरिएको छ ।

**यस पुस्तकालयका उद्देश्यहरू**

१. समाजमा सामाजिक जागरण ल्याउने ।

२. समुदायका सबै व्यक्तिलाई आवश्यक पुस्तक उपलब्ध गराउने ।

३. आममानिसलाई शिक्षाको महत्त्व बुझाउने, पुस्तक पत्रपत्रिका पढ्ने बानी बसाउन पहल गर्ने ।

४. स्थानीय समुदायको आय–आर्जन बढाउने ।

५. स्थानीय स्तरका तालिम, सेमिनार, गोष्ठी आयोजना गर्ने ।

६. राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका सरकारी गैरसरकारी संस्थाहरूबीच समन्वय गरी समुदायको सामाजिक, आर्थिक उन्नतिका लागि विभिन्न आयमूलक कार्य गर्ने ।

७. कृषि र कृषकसँग सम्बन्धित पुस्तक तथा कार्यक्रममार्फत समुदायलाई जागरूक बनाउने ।

८. शिक्षित नागरिक स्वस्थ समाजको नारालाई व्यवहारमा कार्यान्वयन गर्ने ।

९. समुदायका मानिसमा अध्ययनशील र लगनशील बानीको विकास गर्ने ।

१०. भविष्यमा पुस्तकालयलाई अनुसन्धान केन्द्रका रूपमा विकास गरी खुला शिक्षाका विभिन्न तह सञ्चालन गर्ने ।

## पुस्तकालय कक्ष

यस कक्षमा पुस्तकहरू राखिएका छन् जसमा विभिन्न क्षेत्र जस्तै - दर्शन, साहित्य, संस्कृति, सामान्य ज्ञान, मनोविज्ञान र स्वास्थ्यलगायत अन्य विधाका पुस्तकहरू रहेका छन् । यस पुस्तकालयमा आई पत्रपत्रिका अध्ययन गर्ने पुस्तक तथा अन्य सामग्रीको अध्ययनका साथै पुस्तकालयका सदस्यहरूलाई पुस्तकालयको नियमानुसार घरमै लगेर पुस्तक पढ्ने व्यवस्था छ । यस पुस्तकालयमा विभिन्न १० विधाका करिब ९५०० पुस्तकहरू भएको एउटा कक्ष छ ।

### बाल कक्ष

बालबालिकाको बहुप्रतिभालाई ख्याल राख्दै अत्याधुनिक खेल सामग्रीका साथै बाल साहित्य, संगीत, चित्रकलालगायतका सामग्रीहरूको व्यवस्था गरिएको छ ।

## महिला कक्ष

यो कक्ष खासगरेर महिलहरूलाई सशक्त गराउने उनीहरूको जीवनयापनमा आइपर्ने समस्याहरूलाई मध्यनजर गरी निर्माण गरिएको छ । जहाँ सुरक्षित मातृत्व, महिनावारी, महिला हिंसाको विरोधलगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिन्छ र सो सम्बन्धमा महत्त्वपूर्ण सामग्रीहरूको व्यवस्था पनि गरिन्छ । यस कक्षमा प्रौढ शिक्षा विस्तार गर्ने, पुस्तक अध्ययन, महिला सशक्तीकरण, महिला सम्बन्धी स्वास्थ्यसामग्री अध्ययन तालिमको व्यवस्था छ ।

## आईसीटी (कम्प्यूटर) कक्ष

यस कक्षमा अत्याधुनिक इन्टरनेट सुविधासहितका ९ वटा कम्प्यूटरहरूको व्यवस्था गरिएको छ । जहाँ कम्प्यूटर तालिम, इमेल, इन्टरनेट सेवाको निःशुल्क व्यवस्था गरिएको छ ।

## श्रव्य-दृश्य कक्ष

समुदायका सबै सदस्यमा पुस्तकालयको पहुँच पुऱ्याउने उद्देश्यका साथ पुस्तकालयमा श्रव्य-दृश्य कक्षको व्यवस्था गरिएको छ । जहाँ समुदायका प्रत्येक मानिसले सामूहिक रूपमा भिडियो तथा प्रोजेक्टरको माध्यमबाट शैक्षिक, सामाजिक, सांस्कृतिक, वातावरणीय र भूगोलसम्बन्धी सामग्रीहरूको भिडियो प्रदर्शन गरिन्छ र उनीहरूमा त्यससम्बन्धी चेतना जगाई समस्या समाधानमा मनोवैज्ञानिक सहयोग गरिन्छ ।

## संगीत तथा खेलकुद कक्ष

यस पुस्कालयमा संगीत तथा खेलकुदको एउटा कक्ष छ । यसबाट समुदायका हरेक व्यक्ति तथा समूहलाई निम्नानुसारको परिधिमा रही सेवा प्रदान गरिन्छ । यस कक्षमा संगीत तथा खेलकुदका सामग्री आदि रहेका छन् ।

## सभा कक्ष

करिव ५० जना सजिलै अटाउने यस सभा कक्षमा यस क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरू जस्तै - गोष्ठी, सेमिनार, साधारण सभा, तालिम अन्तरक्रिया, बैठक आदि सजिलै सञ्चालन हुन सक्छन् । उपयुक्त सेवा गर्न तत्पर यस संस्थाले आगामी दिनमा पुस्तकालयको दायरालाई अझ फराकिलो बनाई सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य गरी विविध कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ ।

## पुस्तकालयको दर्ता तथा आबद्धता विवरण :

| | |
|---|---|
| दर्ता नं. | : १०३२ जि.प्र.का. |
| स्थापना मिति | : २०७१/०९/१७ |
| फोन नं. | : ०८२-४१००६७ |
| ईमेल | : deukhuriclrc@gmail.com |
| पुस्तकालय खुल्ने र बन्द हुने समय | : बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म |

## विविध जानकारी :

- ❑ पुस्तकालयमा १३ सदस्यीय पुस्तकालय व्यवस्थापन समिति रहेको छ । जसको अध्यक्षमा गिरिराज भट्ट र सचिव शिवराज पन्थीलगायत रहनुभएको छ ।
- ❑ पुस्तकालयका गतिविधि सञ्चालन गर्न मीना भट्टराई, दीपा चौधरी, मायादेवी चौधरी र कुमारी बूढा मगर गरी जम्मा ४ जना कर्मचारीको व्यवस्था गरिएको छ ।
- ❑ पुस्तकालयका आजीवन सदस्यहरूको सङ्ख्या २६२ छ भने दैनिक सरदर पाठक संख्या १८ छ ।
- ❑ पुस्तकालयको आफ्नै भवनमा जम्मा १४ कोठा छन् भने जग्गा ०-५-० कठ्ठा रहेको छ ।

- **भारद्वाज**

ooo

# त्रैमासिक गतिविधि

किरण पुस्तालयका २०७७ श्रावण, भाद्र र आश्विन तीन महिनाभित्रका गतिविधिहरू संक्षेपमा यसप्रकार छन् :-

२०७७ साल भाद्र ३ गते १५५ औं मोती जयन्तीको अवसरमा किरण पुस्तकालयले नेपाल सरकारको स्वास्थ्यसम्बन्धी मापदण्डलाई अवलम्बन गरी विविध कार्यक्रमको आयोजनाका साथ उक्त जयन्ती मनाउने काम सम्पन्न गर्‍यो । उक्त अवसरमा किरण पुस्तकालयको अठारौं प्रकाशनपुष्पको रूपमा मनबहादुर खत्री 'मनु'द्वारा रचित 'गजल चालिसा' नामक गजल-सङ्ग्रहको विमोचन हाम्रो पुरुषार्थका सहसम्पादक दीन पन्थी र कार्यक्रमका प्रमुख अतिथि मदाने गाउँपालिकाका अध्यक्ष दानबहादुर के.सी.ले संयुक्त रूपमा गर्नुभएको थियो । उक्त अवसरमा किरण पुस्तकालयले प्रतिवर्ष दिंदै आएको जानकी साहित्य पुरस्कार यस वर्ष 'दायित्व' पत्रिकाका सम्पादक तथा लेखक रामप्रसाद पन्तलाई प्रदान गरेको थियो । सोही दिन पुस्तकालयले राष्ट्रकवि माधव घिमिरेको निधनमा शोकप्रस्ताव पारित गर्दै एक मिनेट मौन श्रद्धाञ्जलि समर्पण गरेको थियो । राष्ट्रिकविको निधनमा शोक मनाउन एक दिन पुस्तकालय बन्द गरिएको थियो ।

२०७७ साल भाद्र १५ गते पुस्तकालयले तेह्रौं राष्ट्रिय पुस्तकालय दिवस विशेष कार्यक्रमको आयोजना गरी मनायो । यस वर्षको पुस्तकालय दिवसको मुख्य नारा **'समाज रूपान्तरणका लागि पुस्तकालय'** भन्ने थियो । पुस्तकालय दिवसको अवसरमा 'हाम्रो पुरुषार्थ'को ८६ औं अङ्क कवि प्रयासी स्मृति-अङ्कको रूपमा विमोचन गरियो । २०७७ जेठ महिनामै तयार भएको उक्त अङ्क कोभिड-१९ का कारणले विशेष भेला गर्न नसकी विमोचन हुन सकेको थिएन । हाम्रो पुरुषार्थको ८७ औं अङ्क पनि समयमै प्रकाशनमा ल्याउनुपर्ने हुँदा पुस्तकालय दिवसकै अवसर पारी उक्त स्मृति-अङ्कको विमोचन 'हाम्रो पुरुषार्थ'का सम्पादक शशि पन्थी तथा कार्यक्रमका प्रमुख अतिथि क्याम्पसप्रमुख हरिबहादुर के.सी.द्वारा संयुक्त रूपमा गरिएको थियो । उक्त कार्यक्रम जूम प्रविधिको माध्यमद्वारा गुल्मी, म्याग्दी, काठमाडौं र अमेरिकामा हाम्रो पुरुषार्थका केही पाठकहरूले एकै साथ प्रत्यक्ष हेरेका थिए ।

किरण पुस्तकालयको आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण गर्ने कार्य हरिलाल एण्ड एसोसिएट्सबाट सम्पन्न भई सो प्रतिवेदन शिक्षा विकास तथा समन्वय एकाइ गुल्मीमा पठाई पुस्तकालय स्वीकृतिको अभिलेख नवीकरण गरिएको छ । आर्थिक वर्ष २०७६/०७७ मा पुस्तकालयको जम्मा आम्दानी ७,१०,२५५।- थियो भने यथार्थ खर्च रू. ६,८६,५११।- भई जम्मा बचत रू.

२३,७४४।- भएको छ । आर्थिक वर्ष २०७७/०७८ का लागि रू.११ लाखको आय-व्ययक प्रस्ताव गरी पारित गरिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा पुस्तक खरिद गर्नका लागि प्रदेश सरकारबाट रू.५०,०००।-, पत्रिका छपाउनका लागि रेसुङ्गा नगरपालिकाबाट रू. एक लाखको सहयोग प्राप्त भएको थियो । इस्मा गाउँपालिकाले 'हाम्रो पुरुषार्थ'को एउटा अङ्क छपाउने काममा सहयोग पुर्‍याइसकेको छ भने काली गण्डकी गाउँपालिकाबाट 'हाम्रो पुरुषार्थ'को एउटा अङ्क छपाउन आर्थिक सहयोग गर्ने आश्वासन प्राप्त भइसकेको छ ।

किरण पुस्तकालयको निर्माणाधीन नयाँ भवनमा छानो छाउने काम पूरा भइसकेको छ । झ्यालढोका बनाउने, कम्पाउण्डवाल लगाउने र प्रवेशद्वारको निर्माण कार्य चलिरहेको छ । २०७७ सालभित्रै पुस्तकालयको बाँकी निर्माण कार्य सम्पन्न हुने अपेक्षा गरिएको छ ।

यस वर्ष गर्नुपर्ने पुस्तकालयसभाको अधिवेशन कोभिड-१९ को संक्रमणले गर्दा नेपाल सरकारले कुनै पनि प्रकारका सभा, सम्मेलन गराउन निषेध गरेको कारणबाट हुन सकेन । परिस्थिति सहज हुँदै गएमा २०७७ माघ महिनाभित्र पुस्तकालयसभाको अधिवेशन आयोजना गर्ने लक्ष्य राखिएको छ ।

२०७७ आश्विन १८ गते पुस्तकालय व्यवस्थापन समितिका पूर्व सदस्य तथा हाम्रो पुरुषार्थका पूर्व सम्पादक चिरञ्जीवी शर्माको दुःखद निधनबाट पुस्तकालयलाई ठूलो क्षति भएको छ । यस दुःखद घडीमा पुस्तकालयले शोक प्रस्ताव पारित गर्नुका साथै एक दिन पुस्तकालय बन्द गरी श्रद्धाञ्जलि व्यक्त गरेको छ ।

नेपाल सरकारले राष्ट्रिय पुस्तकालय जमलमा बनाउने निर्णय गरी पुनः उक्त निर्णय तत्काल कार्यान्वयनमा ल्याउन विलम्ब गरिरहेको हुँदा अविलम्ब सो कार्य सुचारु गर्नका निम्ति किरण पुस्तकालयले अनुरोध गरेको छ । – ***सचिव***

ooo


## गुल्मी जिल्लामा १५२ वटा झोलुङ्गे पुल निर्माण

सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मीले २०५० सालदेखि वर्तमान समयसम्म गुल्मी जिल्लामा १५२ वटा झोलुङ्गे पुलहरूको निर्माण कार्य सम्पन्न गर्न सामाजिक र प्राविधिक सहयोग उपलब्ध गराएको छ । गुल्मी जिल्लामा यी पुलहरूको निर्माणमा साविकका जिल्ला विकास र गाउँ विकास समिति, हालका गाउँ र नगरपालिकाहरूको आर्थिक सहयोग, हेल्भेटास नेपाल, टी.बी.एस्.यू.को सहयोग र सिर्जनशील सामुदायिक विकास केन्द्रको सामाजिक र प्राविधिक सहयोगमा यस जिल्लामा रू.१९,८४,१७,६८१।- रूपैयाँको लागतमा १५२ वटा पुलहरूको निर्माण कार्य पूरा भएको छ । यस अतिरिक्त ४० वटा पुलहरूको बृहत् मरम्मत गरिएको छ । चालु आर्थिक वर्षमा २१ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेका छन् ।

**सिर्जनशील सामुदायिक विकास केन्द्र**

**तम्घास, गुल्मी (फोन : ०७९-५२०५८६)**

# नौलो सृष्टि : सानो दृष्टि





### १. अमृतपान

किरण पुस्तकालय, गुल्मीको १७ औं पुष्पोपहार 'अमृतपान' प्रबन्ध-संग्रह (२०७६) भर्खरै सार्वजनिक भएको छ । विष्णुप्रसाद खनाल संस्कृत भाषा र धर्मशास्त्रका अध्येता हुनुहुन्छ। उहाँले विभिन्न पुराण र धर्मशास्त्रका विविध पक्षको अध्ययन र अनुभवपश्चात् ससाना ३४ वटा प्रबन्धभित्र प्रस्तुत कृतिलाई संयोजन गर्नुभएको छ । सबै प्रबन्धहरू छोटा-छोटा छन् । भाषा सरल छ । पुराण र धर्मशास्त्रका जटिल विषयवस्तुलाई अत्यन्त सरल भाषाशैलीमा प्रस्तुत गर्नाले कृति सामान्य पाठकका लागि पनि सुबोध्य बनेको छ ।

किरण पुस्तकालयमा दुई दशकभन्दा लामो समयसम्म ग्रन्थपाल भई सेवा गर्नुभएका श्री खनालले आफ्नो स्वाध्ययनको सार प्रस्तुत प्रबन्धका विभिन्न शीर्षकहरूमा व्यक्त गर्नुभएको छ । रामायण, महाभारत, योगशास्त्र, ज्योतिषशास्त्रलगायत ज्ञानविज्ञान र व्यावहारिक जीवनका अनुभवहरू पनि प्रस्तुत कृतिभित्रका विभिन्न प्रबन्धहरूमा व्यक्त भएका छन् । लामा प्रबन्धहरू साढे तीन पृष्ठसम्म विस्तार छन् भने छोटामा चार पाँच पङ्क्तिका एउटै अनुच्छेदभित्र पनि प्रबन्ध संयोजन गर्ने प्रयास भएको छ । कतिपय प्रबन्धमा पुनरुक्तिका प्रसङ्ग देख्न सकिन्छ भने कतिपय प्रबन्धहरू संप्रेषणको दृष्टिकोणबाट अपूर्ण प्रायःको स्थितिमा पनि पाउन सकिन्छ । जे होस् प्रस्तुत कृतिले विन्दुमा सिन्धु भर्ने काम गरेको छ । जिज्ञासु पाठकले छोटो बसाइँमा प्रस्तुत कृतिबाट प्रशस्त ज्ञान आर्जन गर्नसक्ने कुरामा दुई मत छैन । सादगी जीवन शैलीका पर्याय पण्डित विष्णुप्रसादको कृति रचनाको यो दोस्रो प्रयास प्रशंसनीय छ । आगामी दिनमा पनि यस्तै अमृतमय कृतिहरू प्रकाशित होऊन् । यही शुभेच्छा !

## २. गजल चालिसा




मनबहादुर खत्री गीत, गजलका क्षेत्रमा विशेष अभिरुचि राख्ने व्यक्ति हुन् । शिक्षण पेशामा आबद्ध मनबहादुर 'मनु'ले विविध भावभङ्गीका ४० वटा गजलहरूको मुठो पारेर गजल चालिसा तयार पारेका छन् । किरण पुस्तकालयको १८ औं पुष्पोपहारका रूपमा आएको प्रस्तुत कृतिले प्रेम-परिणयका सन्दर्भलाई मात्र उल्लेख नगरी समसामयिक विषय-सन्दर्भहरूलाई पनि प्रभावकारी ढङ्गले सबैको मन छुने गरी भाव अभिव्यक्त गर्न पुगेको छ । अधिकांश अनुसन्धानमूलक कृतिहरूको प्रकाशनलाई प्राथमिकता दिएको किरण पुस्तकालयले आफ्नो अठारौं कोसेलीमा 'गजल चालिसा'लाई स्थान दिएको छ ।

विद्यालयका समारोह, सामाजिक सञ्जाल आदिमा आफ्ना गजलहरू प्रस्तुत गर्ने मनबहादुर 'मनु'ले कोभिड १९ को महामारीमा भएको बन्दाबन्दीलाई सदुपयोग गर्दै प्रस्तुत कृतिको जन्म दिएका छन् । शृङ्गारिक भावचिन्तन गजलको मूल धर्मलाई अवलम्बन गर्दै यथार्थवादी चिन्तन, नारी चेतना, राष्ट्र र राष्ट्रियता, प्रकृतिप्रेम, स्थानीय जनजीवन, स्वच्छन्दतावादी चिन्तन जस्ता वैचारिक दृष्टिकोणमा पनि प्रस्तुत कृति अगाडि बढेको छ । ४० वटा सुन्दर गजलरूपी पुष्पबाट तयार भएको सुन्दर हारजस्तै प्रस्तुत गजल चालिसाले नयाँ र पुराना दुबै पुस्तालाई त्यत्तिकै आकर्षण गर्दछ । गजलकार कतै प्रकृतिका मनोरम छटामा बगेका छन् भने कतै प्रेम-प्रसङ्गका यादहरूमा रमाउन पुगेका छन् । विविध भावभङ्गीसँगै गजल चालिसाको पूर्ण स्वरूप तयार भएको छ ।

नवोदित गजलकार मनबहादुर खत्री 'मनु' को गजलकारिताले क्रमशः परिपक्वता हासिल गर्दै स्थापित गजलकारका पङ्क्तिमा प्रवेश गर्नका लागि कतिपय गौंडा र गल्छेंडा पार गर्नुपर्ने देखिएको छ । आशा छ गजलकारले आफूलाई निरन्तर सिर्जनशील बनाई अझ उत्कृष्ट गजलोपहार टक्र्याई जिज्ञासु पाठकहरूको जिज्ञासा शान्त गर्नेछन् । यही शुभेक्षासहित !

**- अकिञ्चन**

ooo

# इतिहास बोकेको 'हाम्रो पुरुषार्थ' अङ्क ८५

जिल्ला कार्यालय, गुल्मी दर्ता नम्बर ०१-२०३५/२०३६ मा दर्ता भए पनि यसको अभिलेखीकरणको इतिहासका आधारमा भन्दा यो पत्रिकाले २०७५ मा स्वर्णवर्ष मनायो । राजधानीबाहिर अभावका बीचमा पनि कमलजस्तै मुस्कुराएर निरन्तर प्रकाशन हुनु गौरवको विषय हो । यस पत्रिकाको सम्पादक मण्डलले हरेक कुराहरूको संयोजन गरी निरन्तर प्रकाशन गरिरहेको छ । 'हाम्रो पुरुषार्थ'को नाम सुन्दा 'अविरल बग्दछ इन्द्रावती' उपन्यास कृतिको शीर्षकको याद आउँछ ।

किरण पुस्तकालय प्रकाशन संस्था पनि हो । यस संस्थाले प्रकाशन गरेको पछिल्लो अङ्क हाम्रो पुरुषार्थ-८५ औं अङ्क हो । अहिलेसम्म करिब १७ वटा महत्त्वपूर्ण रचनाहरू प्रकाशन गरेर साहित्यिक योगदान दिएको छ । ती प्रकाशित कृतिहरूमा स्वामी 'सन्त शशिधरको वाणोपनिषद्', महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसालको 'रेसुङ्गाका आध्यात्मिक कृति', डा. टीकाराम पन्थीको 'केही जनश्रुतिहरू', केशवप्रसाद पौडेलको 'रुरुक्षेत्र',, डा. टीकाराम पन्थीको 'नेनेपालः', डा. टीकराम पन्थीको 'बुद्धस्मरणम्', मुकुन्दहरि ज्ञवालीको 'मेरो देश नेपाल', डा. राजाराम सुवेदीको 'गुल्मीको ऐतिहासिक झलक', डा. मोदनाथ प्रश्रितको 'मानवताको कलङ्क', डा. टीकाराम पन्थीको 'साँस्कृतिक चिन्तन', डा. टीकराम पन्थीको 'अर्वाचीन रेसुङ्गा', परशुराम उपाध्याय पन्थीको 'तपोभूमि रेसुङ्गाधाम', अर्जुनप्रसाद भट्टराईको 'ग्रह विमर्श', डा. लक्ष्मीकान्त पन्थीको 'काव्यमालिका', प्रा.डा. बाबुराम ज्ञवालीको 'आधा जिस्ता', दीन पन्थीको 'हुटिट्याउँको मन', विष्णुप्रसाद खनालको 'अमृतपान' आदि रहेका छन् ।

यसरी नित्य निरन्तर खटेर लाग्ने सम्पादक शशि पन्थी, सहसम्पादक दीन पन्थी, सहायक सम्पादक भुवनप्रसाद अर्याल, सहयोगी मण्डल गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क.जस्ता समावेशी सम्पादक मण्डललाई धन्य सम्झनुपर्छ । त्यसरी नै काठमाडौं प्रतिनिधि, रूपन्देही प्रतिनिधि, पल्पा प्रतिनिधि, चितवन प्रतिनिधि, दाङ प्रतिनिधि, पोखरा प्रतिनिधिको पनि त्यत्तिकै योगदान छ । यो संगठित संस्था हो । हामी यो त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'को निरन्तरताको कामना गर्दछौं ।

यस पत्रिकाले निकै लामो इतिहास खडा गरेको छ र संस्थागत पनि हुन सकेको छ । यसलाई किरण पुस्तकालयले आफ्नो लयमा हिंडाएको छ । अहिले यो सुविधासम्पन्न भवनसहित आधुनिक प्रविधिले सुसज्जित हुँदै सगौरव नयाँ युगमा

प्रवेश गरेको छ । सम्भवतः ७७ जिल्ला सदरमुकाममा यति सुसंगठित र व्यवस्थित पुस्तकालय र पत्रिका अन्यत्र नहोला । तम्घासबाट साहित्यिक साधनामा जीवनका महत्त्वपूर्ण क्षणहरू बिताएका साहित्यिक मनीषिहरू नेपालीय साहित्यको गौरवमय शृङ्खलामा विन्यस्त भएर झल्किरहने छन् । उनीहरूको जीवन सार्थक बनेको छ ।

शुरूमा 'हाम्रो पुरुषार्थ'को विषयमा केही कुरा आए । शीर्षकलाई पुरुषार्थभन्दा महिलामैत्री हुन सकेन कि भन्ने प्रश्न आए । प्रश्न आउनु स्वाभाविकै हो । यो समयमा मैले तम्घासबाट प्रकाशित हुने 'रेसुङ्गा' साप्ताहिकमा छलफल चलाएँ । समयसमयका सन्दर्भहरू हुन्छन् । केही हजार वर्ष पहिला लोग्ने मानिसलाई भगवान् र महिला मानिसलाई भगवती भनिन्थ्यो । 'भग' भनेको लिङ्ग हो । पुलिङ्गलाई भग शब्दमा 'वान्' प्रत्यय लगाएर भगवान् भनियो भने स्त्रीलिङ्गलाई भग शब्दमा 'वती' प्रत्यय लगाएर भगवती भनियो । त्यो महिला मानिस र लोग्ने मानिस छुट्याएर बोल्ने शब्द थियो । त्यो समयमा मैले पुरुषार्थ पूर्वीय संस्कृतिअनुसार धर्म, अर्थ, काम, मोक्षजस्ता चतुवर्गको नाम हो भन्ने अर्थमा लगाएँ । अनि यसको अर्थ पराक्रम, पौरख सामर्थ्य पनि हुन्छ । त्यो पराक्रम पौरख सामर्थ्य महिला मानिस र लोग्ने मानिस दुबैमा हुन्छ भनें ।

यस पुरुषार्थ शब्दलाई अध्यात्मवादीहरूले अन्तर्यामी ईश्वर वा आत्माको रूपमा लिन्छन् । आत्मा त वनस्पति, पशुपंक्षी मानव सबैमा हुन्छ । अनि महिला लोग्नेमान्छे दुबैमा आत्मा हुन्छ । आत्मा नै गतिशील तत्त्व हो । जुन हाम्रो जीवनको चालक हो भन्ने अर्थमा बुझ्ने गर्दछन् । यसलाई लोग्ने मान्छेमा मात्र सीमित गरिनुहुँदैन । लोग्ने मानिस र महिला दुबैमा पुरुषार्थ हुन्छ । हरेक शब्दहरू युगअनुसार परिवर्तन हुँदै जान्छन् । कुनैकुनै शब्दलाई बलियो पक्षले प्रयोग गरी रूढ बनाउन थाल्छ । उत्पादनका साधन हटाएर लोग्ने मानिस बलियो बन्दै गएका हुनाले 'पुरुष' शब्दलाई आफ्नो नाममा लिएर आफूलाई ईश्वरीय बनाउन खोजेको पनि हुन सक्छ । महिला आन्दोलनले यसलाई हटाएर समानताको वातावरण निर्माण गरिसकेको छ र पुरुषार्थको अर्थ गाम्भीर्यलाई स्पष्ट पारेको छ । त्यसैले 'हाम्रो पुरुषार्थ' साझा नाम हो ।

'हाम्रो पुरुषार्थ' त्रैमासिक ८५ औं अङ्क पनि त्यत्तिकै गह्रौं कृतिको रूपमा बजारमा आएको छ । यसको सम्पादकीय 'कोरोनाको कहर' शीर्षकमा लेखिएको छ । सम्पादकले यस महामारीले विश्वव्यापी बनेर करोडौंलाई सन्त्रस्त, त्रस्त र ग्रस्त बनाएको छ भन्दै मानवजीवन खतरामा परेको बताएका छन् । यो कालकूट विषजस्तै हो । यस्ता कालकूट विषहरू समयसमयमा आउँछन् भन्दै पौराणिक पात्र भगवान् नीलकण्ठले कालकूट विष पिएर नरनारीलाई बचाएको उदाहरण

दिएका छन् । वायुलाई हे वायु ! औषधिका थोपाहरू उठाएर ल्याऊ । तिमी विश्वका औषध हौ र देवताका दूत हौ भन्दै शुद्ध वायुको आह्वान गरिएको छ ।

यस कृतिमा निम्न लेखकहरूका रचनाहरू राखिएका छन् :

- पहिलो स्तम्भ अन्तरवार्ता हो । यो पटक स्व. नयराज पन्तका छोरा संस्कृतिविद् महेशराज पन्तको अन्तर्वार्ता लिइएको छ । यो अन्तरवार्ता भाषिक तथा साँस्कृतिक मर्म बुझ्नको लागि महत्त्वपूर्ण छ ।
- प्रा.डा. बाबुराम ज्ञवालीको महाभारतकी एक असाधारण नारी व्यक्तित्व योजनगन्धाको सुसंस्कृत चरित्रको बयान गरिएको छ ।
- डा. भेषराज अर्यालको लेखमा कवि पं. भीमकान्त पन्थीको योगसाधनाको चर्चा छ ।
- समालोचक टंकप्रसाद पन्थको पुष्कर अथक रेग्मीको बालगेडी संग्रह अक्षताको समीचीन समीक्षा गरिएको छ ।
- पन्थी रामप्रसादको मान्छे कसरी सर्वश्रेष्ठ दरियो भन्ने निबन्धात्मक लेख छ।
- डा. शंकरप्रसाद गैरेको 'डायस्पोराको आँखीझ्याल'बाट चियाउँदा देखिएको झिल्को 'मुग्लान' कृतिको समीक्षा छ ।
- समालोचक डा. श्यामप्रसाद न्यौपानेको डा. शिवप्रसाद पौडेलको 'अमर फल' चाख्दा कृतिमाथिको समीक्षा छ ।
- नेत्रनारायण शर्माको नेपाली भाषामा सार्वभौमिकताको प्रश्न शीर्षकमा अनुसन्धानमूलक लेख छ ।
- रमेश गौतम पाल्पालीको कोटको घाउमा कथा छ ।
- हरिप्रसाद पन्थीको 'बारी बाँझै छ' छन्द कविता छ ।
- छवि ज्ञवालीको 'फैलिदैछ हुटिट्याउँको मनको महक' कृतिको महत्त्वपूर्ण समीक्षा छ ।
- गणेशपुण्य श्रेष्ठको 'भावना' कविता छ ।
- उत्तरकुमार पराजुलीको वाणी विकास र पढाइ सीप विकासको अन्तरवस्तु खोजमूलक निबन्ध छ ।
- गणेश ज्ञवालीको सातै रङ्ग नभई इन्द्रेणी कहाँ बन्छ र ? लेख रहेको छ ।
- शीला पन्तको सहिदको सपना गद्य कविता छ ।

- कृष्ण बजगाईंको 'महिला राज्य' लेख छ ।
- शंकर योगीको दाङ चौघेरामा ऐतिहासिक पुस्तकालय लेख रहेको छ ।
- सचिवले प्रस्तुत गरेको गुल्मीका नगर/गाउँपालिकाहरूलाई अनुरोध भन्ने लेख छ ।
- अकिञ्चनको नौलो सृष्टि : सानो दृष्टि समीक्षा रहेको छ ।
- चिरञ्जीवी शर्माको 'हाम्रो पुरुषार्थ' कविता छ ।
- नारद गौतमको 'जीवनका क्षणमा' पद्य कविता छ ।
- अस्मिता भुसालको 'हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ८४ पढ्दा' नामक पाठक प्रतिक्रिया राखिएको छ । आजीवन सदस्य राममणि पन्थी, अमृतादेवी कुँवर, रमेशजङ्ग कुँवरको छोटो परिचय छ ।

अन्त्यमा यो अङ्क पनि नेपालीय साहित्यको विकास र संवर्धनमा ऐतिहासिक कृति बनेर आएको छ । धैर्य र निरन्तरता सम्पादकका गुण हुन् । यसर्थ पनि यो अङ्क परिशुद्धीकरणका दृष्टिले उच्च छ । यो पनि ऐतिहासिक र संग्रहणीय कृति हो ।

*(साभार : **दैनिक पत्र** वर्ष १६, अङ्क : २३२, साउन २०, २०७७)*

०००

**कोविड-१९, महामारीको जोखिमबाट आफू पनि बचौं; अरूलाई पनि बचाऔं । मास्कको प्रयोग गरौं । भौतिक दूरी कायम गरौं ।**

**जिल्ला समन्वय समिति**
**गुल्मी**

**विजया दशमी, शुभ दीपावली र छठ पर्व २०७७ को पावन अवसरमा सम्पूर्ण शुभचिन्तक, अभिभावक, शिक्षक, कर्मचारी, विद्यार्थी एवम् समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना !**

**अर्जुन आवासीय माध्यमिक विद्यालय**
**रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी**

पाठक-प्रतिक्रिया

# १. उत्कृष्ट र पठनीय छ - स्मृति-अङ्क

किरण पुस्तकालय, तम्घास, गुल्मीबाट प्रकाशित त्रैमासिक म्यागजिन 'हाम्रो पुरुषार्थ'को छ्यासीऔं सम्पूर्णाङ्क कवि प्रयासी स्मृति-अङ्कको रूपमा हात पर्‍यो । केही क्रिया हुँदा त्यसको परिणामस्वरूप हुने क्रिया वा भावना प्रतिक्रिया हो । स्मृति-अङ्क प्रकाशनपछिका केही भावना यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

अचेल लेखक स्वयम् पाठक हुन्छ, पाठक स्वयम् समालोचक हुन्छ । लेखक, पाठक, समालोचकलाई विविध गन्तव्यमा हिंडाउने एउटा कृति वा पुस्तक सधैं त्यहीं हुनसक्छ । परन्तु त्यसभित्रको शीर्षकमा वा पाठमा लेखिएका अर्थ कहिल्यै पूर्वनिर्धािरित वा अन्तिम हुन सक्दैन । हरेक पाठकले त्यसमा अर्कै अर्थ लगाउन सक्छ, अर्थ लगाउन ऊ स्वतन्त्र हुन्छ, हुनुपर्छ पनि किनकि सत्यको अन्तिम स्वरूप छैन । लेखक एउटा अधिनायकवादी तत्त्व पनि होइन जसले अर्थको अन्तिम व्याख्या गर्दै हिंडोस् । पाठ खुला तत्त्व हो, मुक्त अर्थात् ओपन । मुक्त भनेको बद्धको विपरीत हो । पहिलाका कृति वा पुस्तकमा बद्धता हुन्थ्यो । लेखक एक बद्ध आधिकारिक व्यक्ति ठहरिन्थ्यो । समालोचक पनि त्यहीं भित्र पसेर बद्धकर्म पूरा गर्थ्यो । निश्चित ढाँचामा अर्थ लगाउँथ्यो । तर अब पुस्तक वा कृतिलाई नै आफ्नो ढाँचाको सीमारेखाबाट बाहिर निकालिएकाले, पाठकले त्यसको स्थिरता मान्न छाडेका अर्थात् ऊ त्यस्तो गर्न स्वतन्त्र भएकाले पाठक वा समालोचक त्यत्तिकै स्वतन्त्र हुन्छ, साथै पुनर्लेखक पनि स्वतन्त्र नै हुन्छ ।

समालोचकीय अवधारणाले पुस्तक वा कृति पढ्दा हरेक शब्द हरेक वाक्य दोहोर्‍याएर पढ्नु त्यसमा नलेखिएको वा नदेखिएको अर्थ पो छ कि, लेखकको दृष्टिले अँध्यारामा छाडेको अर्थ पो छ कि, त्यो पत्ता लगाउनु भन्छ । कुनै एक मान्यतामा लेखकले व्यक्त गरेका अवधारणामा सन्देह गर्दा लुकेको छोपिएको केही भेटिन सक्छ । त्यसलाई सतहमा ल्याउनु समालोचक, पाठक र पुनर्लेखकको कर्तव्य हो । यसरी सिर्जनामा नयाँ आविष्कार भइरहन्छ, भइरहन दिनुपर्छ । जसले सामाजिक रूपान्तरण ल्याउन सहयोग गरोस् । यहाँ एक उदाहरण प्रस्तुत गर्न सकिन्छ । शङ्कर भारतीको 'महापुरुषको सन्तान' उपन्यासमा प्रौढ पात्र (विजय) अर्को पात्र अञ्जुलाई भन्छन् - "तिमीले बिहान अबेला हैन, सबैभन्दा चाँडो उठेर घरको सफा सुग्घर गर्नुपर्छ । ससुरा, पति अनि जयबाबुको लागि खाना आफैले पकाउनुपर्छ अनि उनीहरू सबैले खाइसकेपछि मात्र तिमीले खानुपर्छ ।" यो संवाद एक परम्परित पठन हो । सदियौंदेखि चलिआएको एक महाख्यान हो । महाख्यान भनेको विश्वासको आदिमता हो । लेखक यहाँ यही महाख्यानको कथा लेखिरहेछन् । अब धेरै महाख्यान पल्टिसके । यसका मूल्य मान्यता आदर्श जर्जर भए । अर्को पुनर्लेखक, पाठकले यसलाई अर्कौ दृष्टिले हेर्न

सक्छ, नवीन सत्यको खोजीले हेर्न सक्छ–'तिमी शरीरलाई आवश्यकता हुइञ्जेल सुत । ससुरा, पति, अजय सबै स्वतन्त्र व्यक्ति हुन्, आज प्रत्येक व्यक्ति समान छन्, प्रत्येकले घरको काम बाँडेर गरून् कि सबैले बाहिरतिरै खाए भइहाल्छ । अझ मन लाग्छ, आफूखुशीको समयमा निस्केर मन लागेको खाएर फर्किनू वा फास्टफूड मगाएर खानू, ....... आज नारीका बेग्लै पुरुषका बेग्लै काम छैनन्, को हो त्यो परम्परा भाग लगाउने ? त्यसलाई तिमीले उल्टाइदेऊ, नयाँ संस्कृति बसाइदेऊ ।"

यो एउटा पुनः पठन वा विपठनको नमूना हो । नारीवादी पठनको, स्वतन्त्र समयका पात्रको । यो अर्को पाटो हो, अर्को नवीन सत्य हो । अरू हजार हुन सक्छन् । यस्तो सम्भावनाको अन्त्य छैन, यो नै मुक्त अर्थात् ओपन पाठ हो । आज हरेक पाठलाई विपठन गर्नुपर्ने समय आएको छ । अर्को अर्थ, नवीन सत्यको खोज छ । आज समालोचक पाठकसँग यसै कार्यका लागि यो प्रतिक्रिया छाड्दैछु ।

गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. २, धागिथुम वतन भएका स्वर्गीय कवि भेषबहादुर कुँवर 'प्रयासी'मा समर्पित भएको 'हाम्रो पुरुषार्थ' कवि प्रयासी स्मृति-अङ्क आद्योपान्त पढ्ने मौका मिल्यो । कवि प्रयासीका जीवनका महत्त्वपूर्ण घटनाहरू र उनका विशिष्ट योगदनका विविध पक्षलाई लिएर सिर्जना गरिएको यो अङ्क (म ग्रन्थ भन्छु) पठनीय छ । पाँच दशकभन्दा बढीको इतिहास बोकेको किरण पुस्तकालयले 'हाम्रो पुरुषार्थ' त्रैमासिक म्यागाजिनमार्फत हाम्रो भाषा लिपि, धर्म, शिक्षा साहित्य आदि सामाजिक जीवनबारे ज्ञान प्रदान गरी प्रशंसनीय कार्य गरेको सर्वविदितै छ । आज यसले गुल्मी जिल्लाको एक शैक्षिक र साहित्यिक व्यक्तित्व कवि प्रयासीलाई स्मरण गरेर, कवि प्रयासीलाई आफ्ना पाठकबीच अमर बनाएर बिर्सन नसकिने, तारिफ गर्नलायक कार्य गरेको छ र स्वयम् अभिनन्दनीय बनेको छ ।

कवि प्रयासीलाई मियो बनाई उनका जीवनका घटना र विशिष्ट योगदानका वरिपरि रहेर वयोवृद्ध व्यक्तित्वदेखि नाबालक लेखकवर्गले उनको स्मरण गरेका छन् । सबै लेखकवर्गले आफ्नो सामर्थ्यअनुसार नेपाली र आफ्ना विचार पस्केका छन् । धेरैजसो लेखकको भाषा सरल सहज छ । केही विद्वज्जनवर्गका लेखमा कवि प्रयासीको साहित्यिक व्यक्तित्व र कृतित्वका बारेमा गरिएको चर्चा ओजस्वी देखिन्छ । महाकवि देवकोटाबाट प्रभावित भई सिर्जित उनको कृतित्वलाई स्वच्छन्दतावादी धाराको फ्रेममा राखेर हेरिएको पाइन्छ । साथै समसामयिक स्थानीय र राष्ट्रिय घटनाबाट सिर्जित विचार र भावना समेटिएका कृतित्वलाई पनि विभिन्न कोणबाट समीक्षा गरिए पनि देवकोटाकालीन कवितालाई हेर्ने चश्माको लेन्स हलुका रहेको पाइन्छ ।

'हाम्रो पुरुषार्थ' कवि प्रयासी स्मृति-अङ्क बाह्य पक्षबाट पनि सुन्दर र आकर्षक छ । आवरण पृष्ठको तस्वीर आकर्षक छ, उत्कृष्ट छ । भाषा सम्पादन र शुद्धीकरण क्रियामा शतप्रतिशत प्रयास गरेको पाइन्छ । सुन्दर लेखकवर्गका अत्यन्त सुन्दर भावनाले भरिएको स्मरणीय स्मृति-अङ्क भईकन पनि यसमा केही अपुग भएजस्तो अनुभव भएको छ । मैले अघि नै उल्लेख गरिसकें, विचारमाथि पुनः विचार गरी नयाँ सत्य खोज्न सकिन्छ । यहाँ अपुग भएको कुरा शुभकामना हो । कुटुरो फुकाउनु र प्रयासीलाई सम्झिनुअघि राष्ट्रपति, प्रधानमन्त्रीबाट सम्भव नभए पनि मन्त्री, सांसद, विशिष्ट व्यक्ति एवम् प्राज्ञवर्गबाट स्मरण गरिएका व्यक्तित्वलाई स्मरण गर्दै 'हाम्रो पुरुषार्थ'को कवि प्रयासी स्मृति-अङ्कलाई शुभकामना प्रस्तुत भएको भए अति सुन्दर हुने थियो । आवरण पृष्ठका भित्री पृष्ठमा कवि प्रयासीका शैक्षणिक कार्यकाल र जीवनका उत्तरार्धका तस्वीर राखिएका छन् । यसको भित्र बीचबीचमा उनका बाल्यावस्था र यौवनावस्थाका तस्वीर साथै उनले आफ्नो जीवनमा प्राप्त गरेका मान-पदवी, प्रमाणहरू समाविष्ट भएको भए अझ सुन्दर हुने थियो । कवि प्रयासीमा समर्पित यस स्मृति-अङ्कको पृष्ठ १९२ को 'नौलो सृष्टि : सानो दृष्टि' शीर्षक अन्तर्गत अन्य लेखकवर्गका अन्य कृतिहरूको चर्चा गरिएकाले कागको बथानमा बकुलो भनेजस्तो भएको देखिन्छ । यो लेखले कवि प्रयासी स्मृति-अङ्कलाई खल्लो बनाएको जस्तो लाग्न सक्छ ।

समग्रमा कवि प्रयासी स्मृति-अङ्क उत्कृष्ट छ, पठनीय छ । अबका समयमा 'हाम्रो पुरुषार्थ'ले परिष्कृत बन्दै, नवीन कार्य गर्दै निरन्तरता पाइरहोस्, शुभकामना छ ।

- **भीष्मप्रसाद श्रेष्ठ**

तम्घास, गुल्मी ।

# २. प्रयासीका बारे धेरै बुझ्ने मौका दियो ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क-८६ हिमालय बुक स्टल, बुटवलका भाइ माधव गौतमबाट प्राप्त गर्ने अवसर मिल्यो । खुसी हुँदै घरतिर आएपछि झट्ट हेर्न खोज्दा पुस्तकको आवरणमा परिचित तस्वीर कवि भेषबहादुर कुँवर 'प्रयासी'को चित्र रहेछ । हाम्रो पुरुषार्थको प्रस्तुत अङ्क कवि प्रयासी स्मृति-अङ्क रहेछ । पुस्तकमा उल्लिखित सामग्रीहरू हेर्न समय रहेको र हेर्दै जाँदा पेज ८९ मा २०२९ सालतिरको भेटघाट साहित्य सङ्कलनमा प्रकाशित 'मेरो भन्नु के छ र यहाँ ?' कविता सारै मार्मिक र सान्दर्भिक लाग्यो । त्यस कविताले गर्दा मेरो मन महासागरमा पुगेजस्तो लाग्यो । तम्घास आउँदा जाँदा सामान्य तवरले कवि प्रयासीसँग भेटघाट हुन्थ्यो - उहाँ महेन्द्र उच्च मा.वि.मा जिम्मेवार शिक्षक हुनुहुन्छ र कविता लेख्नुहुन्छ भन्ने मात्र बुझेको थिएँ । आज यस ८६ अङ्कले धेरै बुझ्ने मौका दियो ।

एक दिन उहाँसँग यसै बुटवलमा अचानक भेटघाट भयो । उहाँ त्यतिबेला अलि अस्वस्थ हुनुहुन्थ्यो । मेरो घरमा आउनुभयो । एक क्षणको बसाइँमा दुःख, सुख, आदान-प्रदान भएपश्चात् कविज्यूले मसँग एक चिज माग्नुभयो तर त्यसबेला मैले दिन सक्ने अवस्था थिएन, आज किन दिइनँ होला, के भएर होला, पश्चात्ताप र गल्ती गरेजस्तो लाग्यो । धेरै दुःखी बनायो, दिनुपर्नेरहेछ भन्ने लाग्यो । पश्चात्ताप गरेर फर्केर आउनुहुन्न । अन्तमा उहाँको आत्माले शान्ति पावस्, हार्दिक श्रद्धा सुमन टक्र्याउँछु ।

- **गणेशपुण्य श्रेष्ठ**
बुटवल, रूपन्देही

# ३. हाम्रो पुरुषार्थलाई सल्लाह !

यहाँहरूको आजसम्मको सत्प्रयासको लागि जति धेरै प्रशंसा गरे पनि थोरै होला । दुर्गम स्थान सञ्चार सुविधा नहुँदका ती दिन कति अप्ठ्यारो परे होलान् ? यातायातयुक्त गुल्मी दर्शन गर्दा मैले यस्तै अनुभूत गरें । हाम्रो हिमवत् खण्डको प्राचीनताको ज्ञानको अभावमा अनेक विडम्बना तरङ्गित भएका छन् । भाषाका विविधताले झन् भ्रमित पार्छन् । यस्ता संवेदनशील अप्ठ्याराका बावजुद पनि भाषा साहित्यको सेवामा डटेर काम भएको देख्दा को मात्र खुशी नहुने ? थपापि हामी आफ्ना पौराणिक धरोहरका लागि के गर्दैछौं ? आफूले आफैप्रति प्रश्न गर्दा कहाली लागेर आङ्ग जिरिङ्ग गर्छ । नश्वर जीवनका प्रत्येक क्षणको कत्रो महत्त्व होला ? हाम्रा शाश्वत आचार, विचार, धर्म, संस्कार, संस्कृति आज गहिरो पहिरो डिलमा कोल्टिने भयावह स्थिति महसुस हुन्छ । यिनले हात फिंजाई विद्वत्वृन्दको सहारा मागिरहेको अनुभूत गर्दछु । यसैले हाम्रो पुरुषार्थमा सानो अनुरोध गर्ने धृष्टता गर्न मन लाग्यो । हाम्रा अनेक सिद्धमहात्मा, ऋषिमुनिदेखि प्राज्ञहरूलाई युगानुकूल परिमार्जनपूर्वक आगामी पुस्तामा सुशोभित गराइदिने प्रयत्न भने नैराश्यपूर्ण लाग्दैछ । यसर्थ हाम्रो पुरुषार्थसँग यस दिशामा सहयोग याचना गरौं कि जस्तो लागेर कुरा ओछ्याउने धृष्टता गर्दछु । साहित्य र सिर्जनालाई अनेक व्यक्ति, संस्थाहरूका सत्प्रयास भइ नै रहेका छन् । परापूर्वतिरका सम्बन्धमा चिन्तन गर्ने आधिकारिक जिम्मेवारी यहाँहरूले वहन गर्न सक्ने नै देख्छु । यसर्थ छ्यासमिस केही नगरी अध्ययनशील पाठक, अन्वेषक, चिन्तक समूहलाई बौद्धिक खुराक स्वरूपमा हाम्रो पुरुषार्थको कलेवर परिवर्तन तर्फ सोच्न सकिएला कि भन्ने आशा भरोसा लिन चाहेको अभिव्यक्ति राख्न अनुमति चाहन्छु । जो विचार ।

- **चैतन्य देवकोटा**
काठमाडौं ।

ooo

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



नाम : **हरिबहादुर खत्री**
पिता/माता : दुर्गाबहादुर/धनकुमारी खत्री
धर्मपत्नी : उषा थापा खत्री
जन्ममिति : वि.सं. २०२५ साल पुस १ गते
ठेगाना : इस्मा गाउँपालिका-१, हस्तिचौर, गुल्मी
शिक्षा : एम्. बी. ए., बी. एल्.
सम्पर्क नं. : ९८५७०६४२१२
संलग्नता : क्याम्पसप्रमुख-रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी । कार्य समिति सदस्य-नेपाल नेत्रज्योति संघ, गुल्मी । कोषाध्यक्ष-नेपाली काँग्रेस, जिल्ला कार्य समिति, गुल्मी । सदस्य-नेपाल चार्टड एकाउण्टेसी । आजीवन सदस्य-रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, गुल्मी, नेपाल हृदयरोग फाउण्डेशन, गुल्मी, रेसुङ्गा संरक्षण समिति र अन्य धार्मिक तथा सामाजिक संघ-संस्थामा संलग्नता ।

---



नाम : **योगेन्द्र रायमाझी**
पिता/माता : मेघबहादुर/फूलकुमारी रायमाझी
धर्मपत्नी : लक्ष्मी रायमाझी
जन्ममिति : वि.सं. २०३७ साल पुस २१ गते
ठेगाना : इस्मा गाउँपालिका-२, हस्तिचौर, गुल्मी
शिक्षा : एम्.बी.एस्.
सम्पर्क नं. : ९८५१०९५३२१
संलग्नता : शाखा प्रबन्धक : ग्लोबल आई.एम्.ई. बैंक, तम्घास, गुल्मी ।



नाम : **चक्र के.सी.**
पिता/माता : श्यामबहादुर/विष्णी खत्री
धर्मपत्नी : सीता ज्ञवाली
जन्ममिति : वि.सं. २०३६ साल चेत्र १३ गते
ठेगाना : रेसुङ्गा नगरपालिका-३, भाडगाउँ, गुल्मी
शिक्षा : बी.एड्, डिप्लोमा इन सिभिल इञ्जिनियरिङ
सम्पर्क नं. : ९८५७०६४३६९
संलग्नता : सब-इञ्जिनियर - रेसुङ्गा नगरपालिकाको कार्यालय, गुल्मी ।



नाम : **भेषराज रेग्मी**
पिता/माता : हुमलाल/पवित्रा रेग्मी
धर्मपत्नी : जमुना रेग्मी
जन्ममिति : वि.सं. २०२६ साल असोज २२ गते
ठेगाना : रेसुङ्गा नगरपालिका-१, क्याम्पसरोड, गुल्मी
सम्पर्क नं. : ९८४७१८७१६२, ०७९-५२०२६२
संलग्नता : आजीवन सदस्य : रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी ।

**हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू** :

| क्र.सं. | नाम, थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| ९२६. | योगेन्द्र रायमाझी | इस्मा गाउँपालिका-२, हस्तिचौर, गुल्मी | ९८५१०९५३२१ |
| ९२७. | चक्र के.सी. | रेसुङ्गा नगरपालिका-३, भाडगाउँ, गुल्मी | ९८५७०६४३६९ |
| ९२८. | भेषराज रेग्मी | रेसुङ्गा नगरपालिका-१, क्याम्पसरोड, तम्घास, गुल्मी | ९८४७१८७१६२ |

**सच्चाइएको** :

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ८६ को पृष्ठ २०० मा विशिष्ट सदस्य गणेशपुण्य श्रेष्ठका हजुरबुबा मेहरमान श्रेष्ठ हुनुपर्नेमा अन्यथा भएकोले सच्चाई पढ्नुहुन अनुरोध छ ।

**-सम्पादक**



माननीय गोकर्ण बिष्टद्वारा निर्माणाधीन किरण पुस्तकालय
भवनको अवलोकन



माननीय गोकर्ण बिष्टसहितका विभिन्न महानुभावहरूद्वारा निर्माणाधीन
किरण पुस्तकालय भवनको छतबाट निर्माणसम्बन्धी गतिविधिको निरीक्षण

## NOVEL CORONA VIRUS (nCOV)
### सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश



ज्वरो
(१००.४° F भन्दा माथि)



श्वासप्रश्वासमा
अत्यधिक समस्या



रुघा र खोकी

**"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"**

## नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छ्यूँ गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।



पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग

मुद्रशाला प्रिन्टर्स, गुल्मी (५४०४५०)